सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ वैशाख २०८३, सोमबार (20 Apr 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ संघीय संसद् र सरकारमा जबर्जस्त पकडपछि रास्वपा संगठन सुदृढीकरणमा

भदौ–असोजमा पहिलो महाधिवेशन

१५ वैशाखदेखि जिल्ला अधिवेशन



महामन्त्री कवीन्द्र बुर्लाकोटीको संयोजकत्वमा महाधिवेशन कार्यविधि मस्यौदा समिति गठन

कमलराज भट्ट/नयाँ पत्रिका

भन्डै चार वर्षअघि स्थापना भएको र दोस्रो निर्वाचनमार्फत संघीय संसद् र सरकारमा जबर्जस्त पकड जमाएको सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अब पार्टी संगठनलाई व्यवस्थित बनाउनतिर पनि ध्यान केन्द्रित गर्ने भएको छ। सोहीअनुसार ६ महिनाभित्र अर्थात् आगामी भदौ-असोजसम्म महाधिवेशन गर्ने गरी रास्वपाले तल्ला कमिटीहरूको अधिवेशन प्रारम्भ गर्ने तयारी गरेको छ। यद्यपि, महाधिवेशन तालिका सोमबार दिउँसो ३ बजे बस्ने केन्द्रीय समितिबाट टुंग्याउने तयारी छ।

आइतबार बसेको केन्द्रीय सचिवालय बैठकले १५ वैशाखदेखि जिल्ला अधिवेशन सुरु गर्ने निर्णय गरेको प्रवक्ता मनीष भाले बताए। अहिले रास्वपा प्रतिनिधिसभामा १८२ सिट प्राप्त गर्दै भन्डै दुईतिहाइको सरकार चलाइरहेको छ। निर्वाचनमा आएको मतलाई

» पृष्ठ २ मा क्रमशः

■ ४० क्षेत्रमा समानुपातिक सांसद खटाउने रास्वपाको निर्णय

रास्वपाले प्रत्यक्ष निर्वाचित सांसद नभएका ४० निर्वाचन क्षेत्रमा समानुपातिकतर्फबाट निर्वाचित सांसदहरूलाई जिम्मेवारी तोक्ने निर्णय गरेको छ। ती क्षेत्रमा पार्टीसँग प्रत्यक्ष जनप्रतिनिधि नभएकाले नागरिकको गुनासो सुन्न र समन्वय गर्न समस्या भएको निष्कर्ष निकाल्दै यस्तो व्यवस्था गर्न लागिएको नेताहरूले बताएका छन्। 'हामीले ४० वटा निर्वाचन क्षेत्रमा चुनाव जित्न सकेनौं। ती क्षेत्रका नागरिकले रास्वपामा कसलाई सम्पर्क गर्ने, हाम्रो कुरा कसले सुनिदिन्छ, हाम्रो सांसद को हो भन्ने जिज्ञासा राख्नुभएको छ,' महामन्त्री बुर्लाकोटीले भने, 'यसैलाई मध्यनजर गर्दै ती क्षेत्रमा समानुपातिक सांसदमार्फत समन्वय गर्ने गरी जिम्मेवारी तोक्ने तयारी गरेका छौं। यसका लागि गृहकार्य भइरहेको छ।' यस्तै रास्वपाले पार्टी सुदृढीकरणका लागि विभिन्न क्षेत्रका विज्ञहरूलाई समेत योगदान गर्न आह्वान गरेको छ।

■ प्रवास विभागको प्रमुखमा बोहरा



रास्वपा केन्द्रीय सचिवालय बैठकले पार्टीको प्रवास विभागको प्रमुखमा केन्द्रीय सचिवालय सदस्य तथा सांसद दीपक बोहरालाई नियुक्त गरेको छ। विभाग प्रमुखको जिम्मेवारीमा रहेका उपसभापति डिपी अर्याल सभामुख भई पार्टीको जिम्मेवारीबाट अलग भएपछि रिक्त पदमा बोहरालाई नियुक्त गरिएको महामन्त्री बुर्लाकोटीले बताए।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

जनमत खस्किएपछि फेरि वाम एकताको 'कार्ड'

जनमत खस्किएपछि उचित समीक्षाविनै वाम राजनीति फेरि एकता र सहकार्यतर्फ मोडिँदै, विगतका टकराव यथावत् राखेर शीर्ष नेता पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरणतिर नभई पद सुरक्षित गर्ने बाटोतिर



● **गिरिराजमणि पोखरेल,** नेता, नेकपा

संयोजक प्रचण्डले पार्टी बैठकमा आजको वस्तुगत परिस्थिति र आगामी बाटोका सम्बन्धमा राम्रोसँग छलफल गरेर जानुपर्ने परिस्थिति बनेको जानकारी गराउनुभएको छ। त्यही कारण एमालेभित्रका पक्ष (संस्थापन) र विपक्ष (इतर पक्ष)सँग पनि भेटघाट भइरहेको छ।

● **पद्मा अर्याल** सचिव, एमाले

एकताको हल्ला के स्वार्थका लागि उठाइन्छ बुझ्न सकेका छैनौं। पहिला निर्वाचन समीक्षा गरेर आगामी कार्यदिशा तय गर्छौं। एकता आवश्यक ठानिए छलफल होला। राजनीतिमा असम्भवै भन्ने त हुन्न। तर, पार्टीले एकता महसुस गरी त्यहीअनुरूप कार्यदिशा तय गरे सार्थक बनाउनेतिर लाग्छौं।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

०७४ को ऐतिहासिक बहुमतबाट ०८२ को कमजोर प्रतिपक्षीय हैसियतसम्म आइपुगेका कम्युनिस्ट शक्तिहरू अहिले फेरि 'एकता'को राजनीतिक कार्ड बोकेर बहसमा फर्किएका छन्। २१ फागुनको निर्वाचनबाट ०४८ यताकै कमजोर नतिजासहित सदनमा उपस्थिति जनाएका उनीहरूले पुनः शक्ति आर्जन गर्ने रणनीतिसहित वाम सहकार्य र एकताको एजेन्डा चर्चामा ल्याएका हुन्। तर, कुनै पनि पार्टीले ठोस र औपचारिक निर्णय नगरिसकेकाले यो राजनीतिक बहसमा मात्र पनि सीमित हुन सक्छ।

» पृष्ठ २ मा क्रमशः

■ एकताको साढे दुई वर्षमै अलग भएका थिए एमाले-माओवादी



०७४ को निर्वाचनमा करिब दुईतिहाइ बहुमतसहित १७४ सिट जितेका यी दुई शक्तिको एकता सत्ता र शक्तिको संघर्ष चुलिँदै जाँदा अन्ततः विघटनतर्फ पुगेको थियो। ३ जेठ ०७५ मा एकता भएको नेकपा ७ पुस ०७७ मा विभाजनतर्फ गएको थियो।

■ विश्लेषकहरूको टिप्पणी–

तत्काल एकताको सम्भावना कमजोर देखिन्छ

● **कृष्ण पोखरेल,** राजनीतिशास्त्रका प्राध्यापक



अहिलेको अवस्थामा वाम एकताको एजेन्डा बोकेर मात्रै नेतृत्व हस्तान्तरणबारे उठिरहेको बहस र त्यसले सिर्जना गरेको चुनौतीलाई केही समयका लागि व्यवस्थापन गर्न सकिन्छ भन्ने दुवै प्रमुख नेतालाई लागेको हुन सक्छ, पुस्तान्तरण र नेतृत्व हस्तान्तरणको बहस चलिरहेकाले अहिलेको तत्कालीन निकास त्यो होइन। तर, ढिलोचाँडो नयाँ पुस्ताले नेतृत्व सम्हाल्दै अघि बढ्ने बाटो भने अन्ततः एकताकै दिशामा जानुपर्ने हुन सक्छ। नेतृत्व हस्तान्तरण र पार्टी पुनर्गठनको मुद्दा स्पष्ट रूपमा टुंगो नलागी हतारमा गरिएको कुनै पनि निर्णयले विगतझैं पुनः विभाजनको जोखिम निम्त्याउन सक्छ।

● **श्याम श्रेष्ठ,** विश्लेषक




पहिले पनि दुई नेता (ओली-प्रचण्ड)को व्यक्तित्वकेन्द्रित स्वार्थका कारण मिलेको एकता पछि त्यही स्वार्थको टकरावले टुटेको हो। अहिले पनि अवस्था धेरै फरक देखिँदैन। वास्तविक एकताको आधार भनेको नेताहरूको आत्मरूपान्तरण, राजनीतिक संस्कारमा सुधार र आर्थिक-सामाजिक रूपान्तरणप्रति स्पष्ट प्रतिबद्धता हुनुपर्ने हो। तर, नेतृत्व बाह्य कारण देखाएर उम्किन खोजेको छ। प्रमुख नेताले पद हस्तान्तरण गर्दै पार्टी पुनर्गठन गरे पुनः कम्युनिस्ट शक्ति फर्किन सक्छ।

"Education that empowers –
preparing your child for tomorrow's world
with wisdom and values."

DAV
...in the service of education

Admission Open
@
DAV SCHOOL
Class XI
Science & Commerce
CBSE Board, New Delhi



Hotline:
980-119-0004
DAV Sushil Kedia Vishwa Bharati School
Jawalakhel, Lalitpur, Tel: 01-5436626
Email: school.admin@davnepal.com
Website: www.davnepal.com



१९औं वर्ष पूरा गरी २०औं वर्षमा प्रवेश!

हाम्रो १९औं वार्षिकोत्सवको सुखद उपलक्ष्यमा समस्त आदरणीय ग्राहकवर्गहरू, शेयरधनीहरू, नियमक निकायहरू, कर्मचारी तथा शुभचिन्तकहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरूमा अझै उच्चस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

चुक्ता पूँजी	रु. १५ अर्ब ५० करोड
कर्जा	रु. १ खर्ब ७७ अर्ब
निक्षेप	रु. २ खर्ब १६ अर्ब
शाखा सञ्जाल	२००
ग्राहक संख्या निक्षेप	२० लाख ११ हजार

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL
Citizens Bank Your Partner For Progress

सहायक कम्पनिहरू:
सिटिजन्स क्यापिटल लिमिटेड। सिटिजन्स शेयर ब्रोकर लिमिटेड

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
01 5970068
Support@ctznbank.com
www.ctznbank.com

उदयपुरको कोभिड अस्पताल प्रयोगविहीन

पौने तीन करोडमा बनेको थियो



उदयपुरमा **विदुर कट्वाल**

कोभिड-१९ महामारीका वेला चौदण्डीगढी नगरपालिका-६, सातधारेमा बनेको कोभिड अस्पताल प्रयोगविहीन बनेको छ। पर्याप्त पूर्वाधार, उपकरण र संरचना हुँदाहुँदै पनि सञ्चालन नहुँदा अस्पताल लथालिंग अवस्थामा पुगेको हो।

स्विट्जरल्यान्ड सरकारको एक करोड ५० लाख र उदयपुरका आठ स्थानीय तहको एक करोड २० लाख रुपैयाँ गरी कुल २ करोड ७० लाख लागतमा निर्माण गरिएको अस्पतालमा करिब त्यतिखेर एक हजार एक सय संक्रमितको सफल उपचार गरिएको थियो।

निर्माणपछि ६ पुस ०७७ मा कोशी प्रदेशका तत्कालीन सामाजिक विकासमन्त्री जीवन घिमिरे र नेपालका लागि स्विट्जरल्यान्डका राजदूत एलिजाबेथ भोन क्यापेलरले संयुक्त रूपमा उद्घाटन गरेर सञ्चालनमा ल्याएका थिए।

अस्पतालमा एक पोर्टेबल भेन्टिलेटर, ४० बेड तथा साना-ठुला गरी ३० अक्सिजन सिलिन्डरलगायत आवश्यक स्वास्थ्य सामग्री छन्। तर, महामारी नियन्त्रणमा आएपछि यसको वैकल्पिक प्रयोगबारे स्पष्ट योजना नबन्दा अस्पताल प्रयोगविहीन बनेको हो। अस्पतालपरिसर झाडीले ढाकिन थालेको छ भने संरचना संरक्षण अभावमा क्रमशः जीर्ण बन्दै जाने जोखिम बढेको छ। हाल चौदण्डीगढी नगरपालिकाले वर्षमा एकपटक सञ्चालन गर्ने आँखा शिविरबाहेक यहाँ नियमित स्वास्थ्य सेवा सञ्चालन हुन सकेको छैन।

महामारीका वेला वरदान साबित भएको अस्पताल आज प्रयोगविहीन बन्नु सार्वजनिक स्रोत-साधनको प्रभावकारी उपयोगमाथि गम्भीर प्रश्न उठेको स्थानीय अञ्जनी अधिकारी बताउँछन्। 'समयमै आवश्यक निर्णय गरी अस्पताललाई नियमित स्वास्थ्य सेवासँग जोड्न नसकिए करोडौँ रुपैयाँको लगानी पूर्ण रूपमा नष्ट हुने खतरा बढ्दै गएको छ,' उनले भने।

> अस्पतालमा एक पोर्टेबल भेन्टिलेटर, ४० बेड तथा साना-ठुला गरी ३० अक्सिजन सिलिन्डरलगायत आवश्यक स्वास्थ्य सामग्री, तर स्पष्ट योजना नबन्दा अस्पताल प्रयोगविहीन

उनले स्थानीयवासीले स्पष्ट जिम्मेवारी निर्धारण गर्दै अस्पताललाई ट्रमा सेन्टर वा बहुउद्देश्यीय स्वास्थ्य केन्द्रका रूपमा तत्काल सञ्चालनमा ल्याउन माग गरेका छन्।

चौदण्डीगढी नगरपालिकाकी उपमेयर मणिकादेवी दुलालले अहिले पालिकाले त्यही अस्पतालबाट आँखा शिविरलगायत सेवा सञ्चालन गर्दै आइरहेको र अस्पतालमा भएका उपकरणलाई प्रयोग गरेर दैनिक रूपमा सञ्चालनको तयारी गरिरहेको बताइन्। 'हामीले समय-समयमा नगरप्रहरी परिचालन गरेर झाडी पनि फँडानी गरिरहेका छौँ। अस्पतालको जग्गामा विवाद छ। टुंग्याउनुपर्नेछ। त्यो नगरपालिकाको स्थायी संचरना हो। त्यसलाई हामीले जीर्ण बन्न दिनेछैनौँ,' उनले भनिन्।

प्रहरी विधेयक फेरि अघि बढाइँदै

नयाँ पत्रिका

प्रहरीले संघीय प्रहरी ऐनको विधेयकमा छलफल थालेको छ। मानव स्रोत विभागका एआइजी राजन अधिकारीको संयोजकत्वमा समिति गठन गरी विधेयकको मस्यौदामाथि आन्तरिक छलफल थालेको हो।

गृह मन्त्रालयसँगको छलफलपछि विधेयकमाथि छलफल थालिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। प्रहरीका सुझाव समेटेर मस्यौदा मन्त्रालय पठाइने प्रहरीका सहप्रवक्ता एसएसपी दीपशमशेर जबराले बताए। 'अहिले आन्तरिक छलफल थालेका छौँ,' उनले भने, 'सबैको सुझाव समेटेर विधेयक अगाडि बढाउँछौँ।'

डेढ वर्षअघि नै सरकारले विधेयक संसद्मा लगे पनि त्यो पास हुन सकेन। विधेयकका कतिपय प्रावधान विवादित बनेको थियो। विधेयकमा मुख्यगरी संघीय प्रहरी र प्रदेश प्रहरीबिचको समन्वयका विषय पेचिला छन्। त्यस्तै, पेन्सनका लागि न्यूनतम सेवा अवधि, ३० वर्षे सेवाहद, अवकाशको उमेर र बढुवाका प्रावधानमा हेरफेर प्रहरीका लागि सर्वाधिक चासोका विषय छन्।

यसअघिको विधेयकमा नेपाल प्रहरीको आइजिपी ६० वर्ष, एआइजी र डिआइजी ५९ वर्ष तथा पदावधि क्रमशः तीन र पाँच वर्ष राखिएको थियो। त्यस्तै, एसएसपी र एसपीको अवकाश हुने उमेरहद ५८ वर्ष तोकिएको थियो।



● **एसएसपी दीपशमशेर जबरा,** सहप्रवक्ता, प्रहरी

> अहिले आन्तरिक छलफल थालेका छौँ। सबैको सुझाव समेटेर विधेयक अगाडि बढाउँछौँ।

न्यूनतम पेन्सन अवधि १६ वर्षमा धेरै प्रहरीको चासो छ। प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार, प्रहरी जवान र प्रहरी कार्यालय सहयोगीले १६ वर्षमै पेन्सन लिने गरी गत वर्ष प्रस्ताव अघि बढेको थियो। यसपटक पनि यो प्रावधान कायमै राख्न धेरै प्रहरीको सुझाव छ।

मस्यौदामा अर्को विवादको प्रावधान स्टाफ कलेजसम्बन्धी छ। यसअघि स्टाफ कलेज नगर्ने अधिकृतलाई डिआइजीभन्दा माथिल्लो पदमा बढुवा नगर्ने प्रस्ताव गरिएको थियो। जुन प्रावधानप्रति कतिपय प्रहरी असन्तुष्ट छन्। सर्वोच्च अदालतले भने कानुन बनाएर यससम्बन्धी प्रावधान लागू गर्न बाटो खोलिसकेको छ। गत वर्ष नेपाल प्रहरी र सशस्त्र प्रहरीका महानिरीक्षक (आइजिपी)को बढुवामा सिफारिस समिति राख्ने प्रस्ताव गरेको थियो। जुन गृह मन्त्रालयबाट अस्वीकृत भएको थियो। सो प्रावधानलाई यसपटक फेरि अघि बढाउने तयारी छ।

अघिल्लो विधेयकमा प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण गृह मन्त्रालये गर्ने प्रावधानले ठुलो विवाद निम्त्याएको थियो। प्रहरीको चेन अफ कमान्डमै सरकारले हस्तक्षेप गर्न खोजेको आशंका भन्दै पूर्वप्रहरी महानिरीक्षकहरूले त्यसको विरोध गरेका थिए। विधेयकको दफा ७ (२) मा भनिएको छ, 'नेपाल प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण मन्त्रालयले गर्नेछ' भन्ने प्रावधान थियो। यसपटक सो प्रावधान सच्चिने प्रहरी अधिकारीको विश्वास छ।

यसअघि विधेयकमा बढुवा समितिले दिने अंक घटाएर कार्यसम्पादन मूल्यांकन र ज्येष्ठताबापतको नम्बर बढाइएको थियो। हाल बढुवामा १०० पूर्णांकमध्ये बढुवा समितिले अधिकतम ७.५ अंक दिन सक्ने प्रावधान थियो। यही नम्बरले बढुवामा सधैँ चलखेल गर्ने अवसर दिने भएकाले यसपटक बढुवा समितिले दिने तजबिजी अधिकारलाई कटौती गर्न लागिएको छ।

जनमत खस्किएपछि...

पृष्ठ १ बाट क्रमशः

पुनर्गठन, आत्मसमीक्षा र संगठनात्मक सुधारका गम्भीर बहसहरू ओझेलमा पार्दै एमाले-नेकपाबिच सम्भावित एकताको चर्चा तीव्र बनेको छ। नेताहरूको अस्पताल भेटघाटदेखि अनौपचारिक संवादसम्मले यो बहसलाई थप राजनीतिक ताप दिएको छ। सम्भावित घटनाक्रमलाई लिएर ती दुई पार्टीका नेता-कार्यकर्ता र विश्लेषकले शीर्ष नेताका भेटघाट, दौडधुप र अभिव्यक्तिमा नजर लगाएका छन्। मूल प्रश्न छ-पुनः वाम एकता सम्भव होला ?

०७४ मा १७४ सहित करिब दुईतिहाइ बहुमत सिट जितेका तत्कालीन एमाले र माओवादी (हाल नेकपा) हालैको प्रतिनिधिसभा निर्वाचनमा २७५ मा क्रमशः २५ र १८ सिट मात्र जितेर अस्तित्व रक्षाकै अवस्थामा पुगेका छन्। वाम आन्दोलनको भविष्य र पुरानै समीकरण जोगाउने रणनीतिअनुसार उनीहरूले फेरि एकताको विषय चर्चामा ल्याएको विश्लेषण हुन थालेको छ।

केन्द्रीय संयोजन समितिमा चुनावी समीक्षाका क्रममा नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय हित, संविधान र व्यवस्थाको रक्षाका लागि लोकतान्त्रिक शक्तिहरूबिच सहकार्यका लागि नजिक हुनुपर्ने र वामपन्थीहरू फेरि मिल्नुपर्ने अवस्था आउन सक्ने ब्रिफिङ गरेका थिए। त्यसपछि उनले उपचारका लागि अस्पतालमा रहेका एमाले अध्यक्ष केपी ओलीलाई भेटेलगत्तै एकताको विषय दुई पार्टीका शीर्ष नेतामा मात्र सीमित नभई सार्वजनिक बहसमा आएको छ।

बिहीबार प्रचण्डले त्रिवि शिक्षण अस्पतालमा उपचाररत ओलीलाई भेटेर बाहिर आएलगत्तै नेकपाका नेताहरूले अहिलेको वस्तुगत परिस्थितिका कारण पनि विगतको समीक्षासहित एकता हुन सक्ने सम्भावना औँल्याएका छन्। यसबिचमै प्रचण्डले अस्पताल पुगेर ओलीलाई दुईपटक भेटवार्ता गरेका छन्। त्यस्तै, पित्तथैलीको पत्थरीको अप्रेसन गरेर आराम गरिररहेका ओलीलाई अर्का वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले पनि अलग्गै भेटेका थिए।

ओलीलाई भेटेर फर्किएलगत्तै प्रचण्डले गरेको ब्रिफिङले अबको दिशा पार्टी एकतातिर बढ्न सक्ने संकेतका रूपमा धेरैले अर्थ्याउन थालेका छन्। केही दिनदेखि जारी बैठकमा नेकपाभित्र तत्काल महाधिवेशनमा गएर प्रचण्डले नेतृत्व हस्तान्तरण गर्नुपर्ने दबाब चलिरहेकै वेला ओली स्वयं चुनावी गम्भीर क्षतिले नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको चर्को दबाबमा छन्।

नेकपा नेता गिरिराजमणि पोखरेलका अनुसार सचिवालय बैठकमा प्रचण्डले अहिलेको वस्तुगत परिस्थिति नै लोकतन्त्र र संविधान पक्षधर शक्तिहरू मिलेर जानुपर्ने अवस्था रहेको ब्रिफिङ गरेका थिए। साथै, प्रचण्डले पार्टी बैठकमा सहकार्य र एकताका विषयमा एमालेको संस्थापन र इतर पक्ष तथा कांग्रेससहित संविधान पक्षधर शक्तिहरूसँग संवाद चलिरहेको ब्रिफिङसमेत गरेको नेता पोखरेलले बताए।

'संयोजकले बैठकमा आजको वस्तुगत परिस्थिति र आगामी बाटोका सम्बन्धमा राम्रोसँग छलफल गरेर जानुपर्ने परिस्थिति बनेको जानकारी गराउनुभएको छ,' पोखरेलले नयाँ पत्रिकासँग भने, 'त्यही कारण एमालेभित्रका पक्ष (संस्थापन) र विपक्ष (इतर पक्ष)सँग पनि भेटघाट भइरहेको छ। संविधान पक्षधर शक्तिसँग पनि मिलेर भेटघाट र संवाद चलिरहेको छ, यो क्रम जारी रहन्छ भन्नुभएको छ।'

दुवै पार्टीभित्र प्रमुख नेता र दोस्रो तहका नेताका व्यक्तिगत भेटघाटमा अनौपचारिक तहमा कुराकानी भए पनि एकताबारे ठोस र औपचारिक संवाद भने अघि बढिसकेको छैन। तर, चुनावी नतिजाले वाम शक्तिको भविष्यमाथि प्रश्न उठाएपछि दुवै पार्टीभित्र एकता र सहकार्यका विभिन्न सम्भावना र विकल्पबारे भने आन्तरिक मन्थन जारी छ।

एमाले सचिव पद्मा अर्यालले पार्टीको औपचारिक निर्णयविनै कसको स्वार्थका लागि प्रचार भएको छ भन्ने बुझ्न गाह्रो भएको बताइन्। साथै उनले राजनीतिमा असम्भव भन्ने केही नहुने भएकाले पार्टीले सहकार्य र एकता महसुस गरी त्यहीअनुरूप कार्यदिशा तय गरे सार्थक बनाउनेतिर लाग्ने बताइन्। 'औपचारिक बैठकमार्फत चुनावी समीक्षा गरेका छैनौँ। बैठकको मितिसम्म त तय भएको छैन। यस्तो अवस्थामा एकताको हल्ला किन, के उद्देश्य र कसको स्वार्थका लागि उठाइरहन्छन् बुझ्न सकेका छैनौँ। पहिला बैठकमा निर्वाचन समीक्षा गर्छौं, त्यस आधारमा आगामी कार्यदिशा तय गर्छौं,' उनले भनिन्, 'आगामी कार्यदिशा तय गर्ने सन्दर्भमा एकता आवश्यक छ भन्ने ठानिए यो छलफलको विषय होला। त्यो पार्टी निर्णयमा हुने कुरा हो। यो अहिल्यै तातै खाऊँ जली मरूँ जसरी प्रचार गर्ने विषय नै होइन। राजनीतिमा असम्भवै भन्ने त हुन्न। तर, पार्टीले सहकार्य र एकता महसुस गरी त्यहीअनुरूप कार्यदिशा तय गरे सार्थक बनाउनेतिर लाग्छौँ।'

अर्कोतर्फ वाम एकताको चर्चाप्रति एमाले उपाध्यक्ष विष्णु पौडेलले पनि प्रश्न उठाउँदै आपत्ति प्रकट गरेका छन्। उनले पार्टी पुनर्गठनबाट ध्यान मोड्न हल्ला फिँजाइएको हुन सक्नेप्रति पार्टीपंक्तिलाई सजग बन्नसमेत आग्रह गरेका छन्। 'एमालेका लागि निर्वाचनमा भएको चिन्ताजनक पराजयको गम्भीर समीक्षा र पार्टीको पुनर्गठन आजको प्राथमिक कार्यसूची हो। यस यथार्थबाट अन्यत्र ध्यान मोड्ने गरी पर्दाभित्रबाट वामपन्थी एकताको असान्दर्भिक चर्चा कसले, किन चलाइरहेका हुन् ?' पौडेलले भनेका छन्। त्यस्तै, महासचिव शंकर पोखरेल, पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेलगायत एमालेका थुप्रै नेता-कार्यकर्ताले कुनै आधारविनै अनावश्यक बेमौसमी एकताको हल्ला फिँजाइएको भन्दै आपत्ति जनाएका छन्।

एमालेका संस्थापन पक्षकै नेता प्रदीप ज्ञवालीले तत्काल एकताको सम्भावना नरहेको जनाउ दिए। उनले पहिले आफैँभित्र गम्भीर समीक्षा र मन्थनबाट रूपान्तरण तथा सुधारको आवश्यकता औँल्याएका छन्। उनको अभिव्यक्तिले पनि दुई पार्टीबिच प्रचण्डले अस्पतालबाट भेटेर बाहिर चर्चा चलेजस्तो एकता सम्भव देखिँदैन। तर, एमालेमा ओली नेतृत्वको विकल्पबारे भने गृहकार्य भइरहेको छ।

ज्ञवालीका अनुसार मिडियातिर 'वामपन्थी एकता'को चर्चा सुरु भएअनुसार कुनै संस्थागत निर्णय भएको छैन। पहिले आफू तंग्रिएपछि मात्रै सार्थक विमर्श र विषयगत सहकार्यको अर्थ हुने उनको भनाइ छ। 'यतिवेला वामपन्थीसहित सबै पार्टीहरू समीक्षाको प्रक्रियामा छन्। धक्का एमालेले पनि खाएको छ, दर्जनभन्दा बढी समूह 'एकीकृत' गरेर बनेको नेकपाले पनि। 'विद्रोह' गरेर बनेका संयुक्त या प्रलोपाहरूले पनि। समस्या एउटै छैन र समाधानको रेसिपी पनि एउटै हुन सक्दैन,' शुक्रबार उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'यस्तो अवस्थामा पहिलो कदम भनेकै संकटको गाम्भीर्यबोध, निर्मम आत्मसमीक्षा र व्यापक सुधार/पुनर्गठनको विधिवत् प्रक्रिया अगाडि बढाउनु हो। पहिले आफू तंग्रिएपछि मात्रै सार्थक विमर्श र विषयगत सहकार्यको अर्थ हुन सक्छ।'

ज्ञवालीले आन्तरिक समस्या समाधानविना एकताको प्रसंग केवल दाउपेचमै सीमित हुनेसमेत प्रस्ट्याएका छन्। 'अन्यथा यस्ता छलफल या त बौद्धिक विलासितामा सीमित हुन्छन्, या आफ्नो घरभित्रका समस्या छिमेकतिर सारिदिने दाउपेचमा रूपान्तरित हुन जान्छन्। अहिलेको खाँचो आफैँभित्र नियाल्ने, मन्थन गर्ने र सुधार गर्ने हो,' उनले भनेका छन्।

ज्ञवालीले जस्तै एमालेका अधिकांश पदाधिकारी, पूर्वपदाधिकारीदेखि तेस्रो तहका नेताहरूले अहिले पार्टी पुनर्गठनको मुद्दालाई प्राथमिकता दिएका छन्। उनीहरू विगतका एकता असफल हुनुका कारणको गहिरो पहिचान नगरी र स्पष्ट राजनीतिक दिशा तय नगरी एकता प्रक्रियामा जान नहुने पक्षमा छन्।

केन्द्रीय सदस्य नरेश रोकायले एमालेलाई पुनर्जीवन दिन संक्रमणकालीन नेतृत्वमार्फत सम्पूर्ण संरचनाको 'रि-स्टक्चरिङ' र 'रि-कन्स्ट्रक्सन' गर्दै अघि बढ्नुपर्ने आवश्यकता रहेको प्रतिक्रिया दिए। 'नेपाली वाम एकता बारम्बार असफल प्रमाणित भइसकेको विषय हो। शीर्ष नेताहरूको स्वार्थपूर्तिबाहेक यसले उल्लेखनीय सफलता हासिल गरेको इतिहास छैन। एमालेले अहिले भोगिरहेको संकटको समाधान पनि निर्मम आत्मसमीक्षामार्फत मात्र सम्भव छ,' रोकायले भने, 'त्यसका लागि नेतृत्व हस्तान्तरण, संगठनात्मक व्यापक पुनर्गठन र पुस्तान्तरण अपरिहार्य छन्। अन्य कुनै विकल्प जीवित छैन।'

चुनावलगत्तै पितृशोक र हिरासत बसाइ, प्रतिकूल स्वास्थ्य तथा शल्यक्रियाका कारण उनको अस्पताल बसाइका कारण एमालेको चुनावी समीक्षा बैठक निश्चित भइसकेको छैन। ओली अस्पतालबाट बाहिरिए पनि २३ भदौको ज्यान मुद्दाको आरोपमा छानबिन जारी रहेको र जुनसुकै वेला अहिलेको सरकारले पक्राउ गर्न पनि सक्ने अवस्थाका कारण चुनावको समग्र समीक्षा, ओलीको भूमिकालगायत समग्र विषयमा समीक्षासहित ओलीमाथि बहिर्गमनको दबाब बढ्न सक्छ।

देशभर तल्ला कमिटीहरूले समीक्षा प्रतिवेदनमा पनि पार्टी नेतृत्व हस्तान्तरण र पुनर्गठनको विषयलाई विशेष जोडले उठाइरहेका छन्। इतर पक्षले ओलीले विकसित परिस्थिति बुझेर नेतृत्व हस्तान्तरणसहित पार्टीलाई तलैसम्म पुनर्गठनको बाटोमा नलगे विशेष महाधिवेशनको विकल्पमा जाने गरी आन्तरिक छलफल गरिरहेको छ।

एकतामा नजाँदा आगामी एक वर्षभित्र हुने प्रदेश र स्थानीय तहका निर्वाचनसम्म वर्तमान जनमत अझै खस्किँदै झन् कमजोर परिणाम आउने जोखिम बढेको विश्लेषणसहित एमाले र नेकपा पुनः एकताबद्ध हुनुपर्ने दबाबमा परेका छन्। दुवै प्रमुख नेतामाथि नेतृत्व हस्तान्तरणको चर्को दबाब बढिरहेका वेला कतिपय विश्लेषकहरूले यो एकता प्रयासलाई पद जोगाउने रणनीतिका रूपमा पनि व्याख्या गर्न थालेका छन्।

साना कम्युनिस्ट दलहरू पनि हालको कमजोर अवस्थाबारे आन्तरिक समीक्षा र बहसमा सक्रिय छन्। नेकपा संयुक्तका कार्यवाहक अध्यक्ष घनश्याम भुसालले वक्तव्यमार्फत समग्र कम्युनिस्ट आन्दोलन पुनर्जीवित गर्न नयाँ ढंगको एकताको आह्वान गरेका छन्। यो उनको पार्टीको निर्णय पनि हो।

यस्तै, नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाले स्थायी समिति बैठकमार्फत चुनावी समीक्षा र आगामी राजनीतिक कार्यदिशामा केन्द्रित छलफल अघि बढाइरहेको छ। पार्टीका सचिवालय सदस्य तथा केन्द्रीय सदस्य विगुल सीका अनुसार बैठकमा समीक्षा र भावी रणनीतिबारे विस्तृत छलफल भइरहेको छ भने आगामी केन्द्रीय कमिटी बैठकमा कम्युनिस्ट एकतासम्बन्धी प्रस्ताव पनि प्रस्तुत हुन सक्ने सम्भावना छ।

यसैबिच, नेकपा मशाल, नेमकिपालगायत अन्य साना कम्युनिस्ट दलहरू पनि चुनावी परिणाम र बदलिँदो राजनीतिक परिस्थितिको समीक्षा गर्दै छन्। उनीहरू आगामी कार्यदिशा तय गर्ने चरणमै छन्।

ठुलो जनमत नभएकासमेत गरेर दर्जनौँ कम्युनिस्ट पार्टी अस्तित्वमा छन्। एमाले, नेपाल कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी, नेकपा माले, नेपाल कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (संयुक्त), नेपाल कम्युनिस्ट पार्टी क्रान्तिकारी (माओवादी), नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र, वैज्ञानिक समाजवादी पार्टीलगायत दलहरू अस्तित्वमा छन्।

तर, नेमकिपा नेता प्रेम सुवालले सत्ता स्वार्थबाट गर्न खोजिने एकताको अर्थ नरहेको बताए। 'सरकारमा गएर कांग्रेसले हिजो जे काम गर्‍यो र आज रास्वपाले जे-जे काम गरिरहेको छ, कम्युनिस्ट भन्नेले पनि उस्तै काम गरेका थिए। त्यसैले त्यस्तो काम गर्ने कम्युनिस्ट हुन् कि होइनन् भन्ने मूल कुरा हो,' उनले भने, 'यहाँ त कम्युनिस्ट एकता सत्ताका लागि हुन्छ, देश र जनताको हितका लागि हुँदैन। अहिले ज-जसले त्यो कुरा गर्न खोजेका छन्, त्यो व्यक्तिगत स्वार्थका लागि हो। एकताको हल्ला चलाउनु र गर्नुको कुनै अर्थ छैन।'

राजनीतिशास्त्रका प्राध्यापक कृष्ण पोखरेलका अनुसार वाम एकताको एजेन्डा अघि सार्नुले दुवै नेतालाई पार्टीभित्र उठिरहेको नेतृत्व हस्तान्तरणसम्बन्धी दबाब र त्यसले सिर्जना गरेको चुनौती व्यवस्थापन गर्न सहज हुन सक्छ। उनका अनुसार अन्तिम विकल्प भने एकता हुन सक्छ। 'अहिलेको अवस्थामा वाम एकताको एजेन्डा बोकेर मात्रै नेतृत्व हस्तान्तरणबारे उठिरहेको बहस र त्यसले सिर्जना गरेको चुनौतीलाई केही समयका लागि व्यवस्थापन गर्न सकिन्छ भन्ने दुवै प्रमुख नेतालाई लागेको हुन सक्छ, पुस्तान्तरण र नेतृत्व हस्तान्तरणको बहस चलिरहेकाले अहिलेको तत्कालीन निकास त्यो होइन। तर, ढिलोचाँडो नयाँ पुस्ताले नेतृत्व सम्हाल्दै अघि बढ्ने बाटो भने अन्ततः एकताकै दिशामा जानुपर्ने हुन सक्छ। नेतृत्व हस्तान्तरण र पार्टी पुनर्गठनको मुद्दा स्पष्ट रूपमा टुंगो नलागी हतारमा गरिएको कुनै पनि निर्णयले विगतझैँ पुनः विभाजनको जोखिम निम्त्याउन सक्छ।'

अर्का राजनीतिक विश्लेषक श्याम श्रेष्ठका अनुसार ओली र प्रचण्डले पार्टी नेतृत्वबाट अलग भई गहिरो पुनर्गठन नगरेसम्म व्यक्तिगत स्वार्थप्रेरित एकताको कुनै अर्थ रहँदैन र आजको अवस्थामा त्यस्तो एकता सम्भव पनि देखिँदैन। उनका अनुसार कम्युनिस्ट एकता मूलतः एमाले र नेकपाबिचको सम्भावित समीकरण हो, तर नेतृत्वमा रहेका व्यक्तित्वकै कारण अहिले तत्काल एकता अघि बढ्ने अवस्था छैन।

'पहिले पनि दुई नेताको व्यक्तित्वकेन्द्रित स्वार्थका कारण मिलेको एकता पछि त्यही स्वार्थको टकरावले टुटेको हो। अहिले पनि अवस्था धेरै फरक देखिँदैन,' उनी भन्छन्, 'वास्तविक एकताको आधार भनेको नेताहरूको आत्मरूपान्तरण, राजनीतिक संस्कारमा सुधार र आर्थिक-सामाजिक रूपान्तरणप्रति स्पष्ट प्रतिबद्धता हुनुपर्ने हो। तर, नेतृत्वले जिम्मेवारीबाट पन्छिँदै बाह्य कारण देखाएर उम्किन खोज्ने प्रवृत्ति दोहोरिएको छ।'

नेपालको कम्युनिस्ट आन्दोलन अहिले गम्भीर खुम्चिएको अवस्थामा पुगेको उल्लेख गर्दै श्रेष्ठले थपे, 'नेपालको निम्न-मध्यमवर्गीय मत स्वभावतः अस्थिर हुने भएकाले प्रमुख नेताले पद हस्तान्तरण गर्दै पार्टी पुनर्गठनमार्फत अघि बढेमा अन्य दलतर्फ गएको मत पुनः कम्युनिस्ट शक्तितर्फ फर्किन सक्ने सम्भावना पनि रहन्छ।'

नेकपाका नेता पोखरेलका अनुसार वर्तमान वस्तुगत परिस्थितिले वाम एकताको माग गरे पनि अनौपचारिक भेटघाटबाहेक घटनाक्रम ठोस रूपमा अघि बढिसकेको छैन। उनका अनुसार बाहिर एकताको चर्चा तीव्र भए पनि पार्टी बैठकहरूकै बिचमा समेत यसबारे कुनै संस्थागत निर्णय वा औपचारिक छलफल प्रारम्भ भएको छैन। 'विभिन्न कोणबाट भेटघाट भइरहे पनि अहिले एकताका लागि ठोस स्थिति बनिसकेको छैन,' पोखरेलले भने।

उनका अनुसार विगतका कमजोरीहरूको गहिरो समीक्षा, नीति र नेतृत्वको प्रश्न स्पष्ट रूपमा टुंग्याएपछि मात्र एकताको सम्भावना अघि बढ्न सक्छ। उनले २३ र २४ भदौको राजनीतिक परिस्थिति, चुनावी परिणाम, वाम आन्दोलनको वर्तमान अवस्था तथा पार्टी एकता असफल हुनुका कारणबारे समग्र मूल्यांकन आवश्यक रहेको बताए। 'अब एकता केका लागि, कसरी अघि बढ्ने र नेतृत्व कसले गर्ने भन्ने प्रश्नहरूको उत्तर नखोजी एकतामा पुग्न सकिँदैन। अहिले समीक्षाकै चरणमा छौँ,' पोखरेलले भने।

एकताको साढे दुई वर्षमै अलग भएका थिए एमाले-माओवादी

नेपालको कम्युनिस्ट आन्दोलनमा लामो समयदेखि देखिँदै आएको टुटफुट र विभाजन अन्त्य गर्ने उद्देश्यसहित ३ जेठ ०७५ मा एमाले र माओवादीबिच भएको ऐतिहासिक एकता साढे दुई वर्षमै अन्त्य भएको निकट विगत छ। ०७४ को निर्वाचनमा करिब दुईतिहाइ बहुमतसहित १७४ सिट जितेका यी दुई शक्तिको एकता सत्ता र शक्तिको संघर्ष चुलिँदै जाँदा अन्ततः विघटनतर्फ पुगेको थियो।

तत्कालीन प्रधानमन्त्री केपी ओलीले सत्ता जोगाउने क्रममा दुईपटक संसद् विघटन गरेपछि पार्टीभित्रको असन्तुष्टि तीव्र बनेको थियो। त्यसको प्रतिउत्तरमा वरिष्ठ नेता माधवकुमार नेपाललाई साथमा लिएर अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले ओलीलाई विश्वासको मत नदिने र पार्टी नेतृत्वबाट समेत हटाउने रणनीति अपनाए। यही आन्तरिक टकराव ७ पुस ०७७ मा नेकपा औपचारिक रूपमा विभाजनको कारण बन्यो।

०७७ फागुनमा सर्वोच्च अदालतको फैसलाले एमाले र माओवादीलाई अलग-अलग अस्तित्वमा फर्काए पनि पार्टीहरू पुनः सशक्त रूपमा एकीकृत हुन सकेनन्। त्यसपछि रामबहादुर थापा बादल, टोपबहादुर रायमाझी र लेखराज भट्टसहितको एउटा समूह एमालेमा रहँदा माधवकुमार नेपालसहितको ठुलो समूह ३ भदौ ०७८ मा अलग भएर नेकपा एकीकृत समाजवादी गठन भयो। माओवादी र एकीकृत समाजवादी मिलेर चुनावअगाडि नेकपा बनेको छ।

युवा महाधिवेशन प्रतिनिधिले जनाए विरोध

यस्तै, एघारौँ महाधिवेशनका केही युवा महाधिवेशन प्रतिनिधिले पनि पार्टी पुनर्गठनको मुद्दा ओझेलमा पार्ने दुराशयले पार्टी एकताको हल्ला चलाइएको आरोप लगाएका छन्। सात भौगोलिक र गैरभौगोलिक प्रदेशका नौजना ४० वर्षमुनिका युवा महाधिवेशन प्रतिनिधिले शनिबार संयुक्त वक्तव्य जारी गर्दै कडा आपत्ति जनाएका हुन्।

मूल नेतृत्वको गल्ती ढाकछोप र पार्टी पुनर्गठनको मूल मुद्दा ओझेलमा पार्न एकताको बेमौसमी बहस चलाइएको उनीहरूको भनाइ छ। 'पार्टीलाई जनताको वास्तविक भावना, विशेषगरी युवा पुस्ताको आकांक्षा र आवाजसँग जोड्नु आजको अपरिहार्य आवश्यकता हो। यही आधारमा मात्रै पार्टीले आफ्नो ऐतिहासिक भूमिका पुनर्स्थापित गर्न सक्छ। त्यसैले हामी कुनै पनि प्रकारको असामयिक र दुराशययुक्त पार्टी एकीकरणको प्रयासप्रति असहमति व्यक्त गर्दै त्यस्ता गतिविधिको कडा शब्दमा विरोध गर्दछौँ,' उनीहरूले वक्तव्यमा भनेका छन्, 'हामी पार्टी नेतृत्वलाई रूपान्तरण, पुनर्गठन र पुनर्जागरणको मागलाई गम्भीरतापूर्वक लिन र केन्द्रीय कमिटीमार्फत त्यसलाई यथाशीघ्र सम्बोधन गर्ने गरी अगाडि बढ्न जोडदार आग्रह गर्दछौँ।'

पार्टीलाई वैधानिक ढंगले समयानुकूल रूपान्तरण, पुनर्गठन र पुनर्जागरण गर्न अभियानलाई निरन्तरता दिने उनीहरूको प्रतिबद्धता छ। भर्खरै सम्पन्न आमनिर्वाचनमा एमालेले व्यहोर्नुपरेको लज्जास्पद पराजयले देशभरका नेता, कार्यकर्ता र शुभेच्छुकलाई स्तब्ध बनाएको भन्दै उनीहरूले हार केवल प्राविधिक पराजय मात्र नभई पार्टीको विद्यमान नीति, कार्यशैली र नेतृत्वमाथि जनताले गरेको गम्भीर अविश्वास र प्रश्न पनि भएको उनीहरूको भनाइ छ। आमकार्यकर्ता र युवापंक्तिले पार्टीको समग्र रूपान्तरण, पुनर्गठन र पुनर्जागरणको अपेक्षा गरिरहेको भन्दै पुनर्गठन अभियानका लागि विशेष महाधिवेशनको माग गर्ने युवा अभियन्ता कमल जोशीले देशैभर दबाब र जागरण अभियान तीव्र बनाइने योजना रहेको बताए।

मापदण्ड पूरा नगर्ने कम्पनीलाई महानगरले तिरायो ५० हजार जरिवाना

काठमाडौं/ काठमाडौं महानगरपालिकाले बसुन्धरा नदी किनारामा रिटेनिङ पर्खाल निर्माणको जिम्मा पाएको टक्सार-रानीवन जेभीलाई ५० हजार रुपैयाँ जरिवाना तिराएको छ। पर्खाल बनाउने क्रममा जग कमजोर बनाएको, सिमेन्ट लगाउनुपर्ने ठाउँमा माटो राखेको, पुराना ढुंगा प्रयोग गर्दा ढुंगामा भएको माटो नपखालेको पाइएपछि जरिवाना गरिएको वडा नम्बर ३ का अध्यक्ष एवं महानगरपालिकाको विपत् व्यवस्थापन समितिका संयोजक प्रेम थापाले बताए।

कमसल निर्माण भएको भन्दै स्थानीयले गुनासो गरेपछि महानगरले निर्माणस्थलको निरीक्षण गरेको थियो। निर्माण पक्षलाई बोलाएर निर्माण सामग्री र निर्माण प्रक्रियाका विषयमा जानकारी लिइएको थियो।

यसरी जानकारी लिने क्रममा गरिएको छलफलमा प्रोजेक्ट म्यानेजरले बालुवामा माटो मिसिएको, पुराना ढुंगा राम्ररी नपखाली प्रयोग गरिएको स्वीकार गरेपछि जरिवाना गराइएको थापाले बताए।

सार्वजनिक निर्माण विभागका इन्जिनियरहरूले रेटेनिङ पर्खाल निर्माणस्थलबाट निर्माण सामग्रीको नमुना लिएर प्रयोगशाला परीक्षणका लागि पठाएका छन्। प्रयोगशाला परीक्षणबाट प्राप्त प्रतिवेदनका आधारमा स्थानीयको गुनासो र निर्माण कार्यका विषयमा निर्णय लिइने महानगरले जनाएको छ। सम्झौताअनुसार निर्माण कम्पनीले ३० असोज ०८४ मा पर्खाल बनाइसक्नुपर्नेछ।

भदौ–असोजमा...

पृष्ठ १ बाट क्रमशः

अधिकतम पार्टी सदस्यतामा रूपान्तरण गरेर बलियो राजनीतिक शक्ति बन्ने रास्वपा नेताहरूको रणनीति छ। रास्वपाले महामन्त्री कवीन्द्र बुर्लाकोटीको संयोजकत्वमा महाधिवेशन कार्यविधि मस्यौदा समिति गठन गरेको छ।

यसअघि २५ देखि २७ वैशाख ०८२ मा तोकिएको महाधिवेशन तयारी नपुगेको भन्दै ७-९ फागुन ०८२ का लागि सारिएको थियो। त्यसपछि जेन-जी आन्दोलन र निर्वाचन प्रक्रियापछि रास्वपा चुनावमा केन्द्रित भएको थियो। यसैअनुसार रास्वपाले २१ फागुन ०८२ को चुनावको ६ महिनाभित्र महाधिवेशन गर्ने निर्णय गरेको थियो। उक्त समयसीमाभित्रै महाधिवेशन गर्ने तयारीमा रास्वपा छ।

सरकारसँग सेवाप्रवाहमा समन्वय गर्दै पार्टीका गतिविधि अगाडि बढाउने र आगामी भदौ-असोजमा महाधिवेशन गर्ने रास्वपा नेताहरूको गृहकार्य छ। 'पहिला जिल्ला अधिवेशन अगाडि बढाउँछौँ। साथसाथै, सरकारसँग समन्वय गर्ने विषय हुन्छ। अब बजेट ल्याउनुपर्नेछ। त्यसपछि बर्खायामको समय आउँछ,' सचिवालय सदस्य गणेश पराजुलीले भने, 'त्यसैले भदौ-असोजकै समयमा महाधिवेशन होला। केन्द्रीय समितिले विस्तृत छलफल गरेर मिति टुंग्याउँछ। अहिले रास्वपाका वडा तह र पालिकाका अधिवेशन सञ्चालन भइरहेका छन्।'

७ असार ०७९ मा स्थापना भएको रास्वपामा १२८ सदस्यीय केन्द्रीय समिति छ। विभिन आयोग र विभाग छन्। सातवटा प्रदेश समिति र प्रत्येक प्रदेशमा विभाग क्रियाशील छन्। जिल्ला, पालिका र वडास्तरीय समिति छन्। विभिन्न देशमा प्रवास समिति छन्। रास्वपासँग लाखौँ सदस्य र शुभेच्छुक छन्।

महाधिवेशन र सांगठनिक एजेन्डाका लागि बोलाइएको सचिवालय बैठकमा वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री बालेन्द्र शाह अनुपस्थित भएका छन्। महामन्त्री बुर्लाकोटीले कार्यव्यस्तताले प्रधानमन्त्री उपस्थित हुन नसकेको बताए। 'आजको निर्णयका विषय पार्टी र संगठनात्मक छन्। प्रधानमन्त्रीको समय पार्टीभन्दा सुशासन र समृद्धिकै दिशामा खर्च गर्ने भन्ने बुझाइ हो। कार्यव्यस्तता पनि हो। उहाँले पार्टीले बोलाएको खण्डमा कुनै पनि बैठकमा म आउनुपर्छ भने भन्नुहोला, म आउँछु भन्नुभएको छ,' बुर्लाकोटीले भने।

महामन्त्री बुर्लाकोटीले सभापति रवि लामिछाने र प्रधानमन्त्री शाहबिच सौहार्दपूर्ण सम्बन्ध रहेको पनि स्पष्ट पारे। 'बाहिर तिक्तताको हल्ला भए पनि भित्र मिठास छ। उहाँहरूबिच छलफल भएर, सल्लाह भएर एजेन्डा ल्याउने सौहार्द देखिएको छ। बाहिर हल्लाका बिच लोभलाग्दो सौहार्दता छ,' उनले भने।

द.नं.: ३३/०५७/०५८ "आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं।" स्था.ले.नं.: ३००३२८६८०

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर,फोन नं.: ९७७-०१-५०९३३२३, ५०९३४५५

ईमेल : basic@mail.com.np, वेबसाइट: www.balkumarisaccos.com

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति:-२०८३।०१।०७

यस संस्थामा सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धित्तो जमानतमा राखी तपसिलका ऋणीले बिभिन्न मितिमा बिभिन्न कर्जा शिर्षक अन्तर्गत लिनु भएको ऋण कर्जाको साँवा ब्याज लगायतका रकम समेत शर्त बमोजिम यस संस्थामा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरि नबुझाई कर्जा सम्बन्धि शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटकपटक मौखिक, लिखित तथा घरसम्म पुगि तरताकेता गर्दा समेत उक्त ऋणको साँवा ब्याज रकम समेत चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएको हुनाले यो सूचना प्रकाशित मितिले ३५ (पैतीस) दिन भित्र यस संस्थामा सम्पर्क राखि संस्थालाई बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित तपसिलका सदस्यलाई यसै सूचना मार्फत सुचित गरिन्छ। अन्यथा सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० र बागमती प्रदेश सहकारी ऐन २०७६ को दफा ६४, बागमती प्रदेश सहकारी नियमावली २०७६ को दफा १९ ले तोके बमोजिमको कार्यविधि अवलम्बन गरी सो कर्जा लिंदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्री गरी यस संस्थाको लेना बाँकी रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धित्तोवाट यस संस्थाको सम्पूर्ण बाँकी रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीका अन्य जायजेथावाट समेत असुल उपर गर्न आवश्यक कानूनी कारवाही भई जाने ब्यहोरा समेत सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको बिवरण	फोटो	धित्तो विवरण
१	कर्जा नं. : ००1L२००1४९1, ००1BL००००८७ ऋणीको नाम : प्रतिमा आचार्य (खड्का) ससुरा : बाबु काजी खड्का पती : वासुदेव खड्का ठेगाना : साविक दधिकोट गा.वि.स. ४, हाल सु न.पा. वडा नं. ४, भक्तपुर		भक्तपुर जिल्ला साविक कटुन्जे वडा नं. ८ (ख),(हाल सुर्यविनायक न.पा. वडा नं. ५) को कि.नं. २२५० क्षेत्रफल ०-४-२-० जग्गा र सो जग्गामा बनेको घर समेत।
	जमानीकर्ताको नाम : वासुदेव खड्का, बाजेको नाम : गणेश बहादुर खड्का, बाबुको नाम : बाबु काजी खड्का		

■ कांग्रेस विवाद

राजनीतिक रूपमा अघि बढ्यो इतर समूह

जिल्ला, प्रदेश हुँदै राष्ट्रिय सम्मेलन गर्ने निर्णय, फैसलाविरुद्ध पुनरावेदनमा जाने संकेत

● **मीन विश्वकर्मा**, नेता



चरणबद्ध रूपमा जिल्ला, प्रदेश हुँदै बृहत् राष्ट्रिय भेला आयोजना गर्नेछौँ। हामीलाई अदालतको फैसला चित्त बुझेको छैन। त्यसविरुद्ध पुनरावेदनमा जाने बाटो छँदै छ। महाधिवेशनको दुई कार्यतालिका छ। समायोजन गरेर एउटै बनाउने स्थिति बन्यो भने एकता भएको मानिन्छ।

प्रेम गौतम/नयाँ पत्रिका

कांग्रेसको १४औँ महाधिवेशन पक्षधर राजनीतिक रूपमा अघि बढेको छ। सर्वोच्च अदालतले विशेष महाधिवेशन पक्षधरलाई मान्यता दिए पनि १४औँ महाधिवेशन पक्षधर अर्थात् शेरबहादुर देउवा पक्षधर केन्द्रीय सदस्यहरूको बैठकले फैसलाविरुद्ध पुनरावलोकनमा जान सकिने भएकाले समानान्तर गतिविधि जारी राख्ने निर्णय गरेको हो। त्यसका लागि जिल्ला, प्रदेश हुँदै राष्ट्रिय भेलासम्म गर्ने निर्णय बैठकले गरेको छ।

बैठकमा काठमाडौंमा उपलब्ध १४औँ महाधिवेशन पक्षधर पदाधिकारी, प्रदेश सभापति, केन्द्रीय सदस्यहरू उपस्थित थिए। निवर्तमान पदाधिकारी र सदस्यहरूको बृहत् बैठक बसेर चरणबन्द कार्यक्रम बनाउने बैठकपछि नेता मीन विश्वकर्माले जानकारी दिए। 'हामी चरणबद्ध रूपमा जिल्ला, प्रदेश हुँदै बृहत् राष्ट्रिय भेला आयोजना गर्नेछौँ। हामीलाई अदालतको फैसला चित्त बुझेको छैन,' उनले भने, 'त्यसविरुद्ध पुनरावेदनमा जाने बाटो छँदै छ।'

पार्टी एकताको विषय विशेष महाधिवेशन पक्षधरको हातमा रहेको भन्दै उनले अन्यथा विभाजनतर्फ जान सक्ने चेतावनीसमेत दिए। 'महाधिवेशनको दुई कार्यतालिका छ। समायोजन गरेर एउटै बनाउने स्थिति बन्यो भने एकता भएको मानिन्छ। होइन भने दुईवटा महाधिवेशन हुन्छ। पार्टी विभाजनतर्फ जान्छ। त्यो नहोस् भनेर सम्बन्धित पक्षलाई एकताको पहल गर्न आह्वान गरेका छौँ,' विश्वकर्माले भने। बैठकमा निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सर्वोच्च अदालतको फैसलाविरुद्ध पूर्ण इजलासमा जाने बाटो बाँकी नै रहेको बताएका छन्। आफूपक्षीय नेताहरूको बैठकमा उनले भने, 'अदालतको फैसलाविरुद्ध पूर्ण इजलासमा सुनुवाइका लागि जाने बाटो बाँकी नै छ। पूर्ण आदेश आएपछि त्यो बाटो खुल्छ।'

खड्काले अदालतको फैसला मान्ने, तर न्याय निरूपण गर्दा लिइएका आधारमा असहमति रहेको बताए। रिट खारेज गर्न अदालतले लिएका आधार मान्न सकिने खालको नभएकाले पुनरावलोकनका लागि जान सकिने संकेत खड्काले गरेको एक नेताले बताए। निवर्तमान केन्द्रीय सदस्यहरू कुन्दनराज काफ्ले, शिव हुमागाईं, गुरु बराल र सुदूरपश्चिम प्रदेश सभापति वीरबहादुर बलायरले छुट्टै पार्टी गठन गरेर जानुपर्ने बताएको एक नेताले जानकारी दिए। उनीहरूले कांग्रेसलाई बिपीकै आदर्शमा फर्काउनुपर्ने बताएका छन्।



कांग्रेसको १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिको आइतबार धुम्बाराहीमा बसेको बैठक।
तस्बिर : अमुल थापा/नयाँ पत्रिका

■ शेखर पक्षको निष्कर्ष- सभापतिको बढी जिम्मेवारी

कांग्रेस नेता डा. शेखर कोइराला पक्षले पार्टीभित्र बृहत्तर हित, एकता र सुदृढ संगठन निर्माण गर्ने बढी जिम्मेवारी सभापति गगन थापाको भएको निष्कर्ष निकालेको छ। यसका लागि सबैको साझा जिम्मेवारी भए पनि सभापतिको बढी जिम्मेवारी रहने निष्कर्ष निकालेको नेता जीवन परियारले बताए। कोइराला पक्षको बैठक कोइरालानिवासमा आइतबार बसेको थियो। 'वर्तमान अवस्थामा नेपाली कांग्रेसभित्र बृहत्तर हित, एकता र सुदृढ संगठन निर्माण गर्नु हामी सबैको साझा जिम्मेवारी हो। तथापि पार्टी केन्द्रीय कार्यसमिति एवं सभापतिको अझ बढी नै जिम्मेवारी रहन्छ,' उनले भने।

■ फेरि भेट्ने गरी खड्कानिवासबाट बाहिरिए गगन



कांग्रेस सभापति गगन थापाले सर्वोच्च अदालतबाट मान्यता पाएपछि पार्टीको एकताका लागि पहल सुरु गरेका छन्। १४औँ महाधिवेशन पक्षधरको निवर्तमान केन्द्रीय समिति बैठक सकिएलगत्तै आइतबार अबेर निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग उनकै निवास गोल्फुटार पुगेर उनले छलफल गरेका हुन्। थापाले खड्कालाई फोन गरेर भेटको समय मागेका थिए। खड्काले निवासमै बोलाएपछि थापा भेटका लागि गएका हुन्। उनीहरूबिच करिब एक घण्टा कुराकानी भएको छ। थापाले सर्वोच्चको फैसलालाई हारजितका रूपमा नहेरी एकताबद्ध भएर अगाडि बढ्न आग्रह गरेका छन्। अब कसरी अगाडि बढ्नेभन्दा पनि विगतको स्मरणमा दुवै नेताले समय खर्चिएका थिए। 'बिचमा कुराकानी गर्न पाइएन, त्यसका लागि म दुःखी छु। योबिचमा पहिलोपटक भेट भयो। स्थिति अप्ठ्यारो छ। सबैलाई मिलाएर लैजानुपर्नेछ। कसरी जाऊँ,' भेटमा थापाको भनाइ उद्धृत गर्दै एक नेताले भने। खड्काले अदालतको फैसलाका आधारहरू सन्तोषजनक नरहेको बताएका थिए। तर, फैसला मानेर जाने उनले स्पष्ट पारेका छन्। उनले कांग्रेस निर्माणको इतिहास स्मरण गराएका छन्। पार्टीमा अग्रज नेताहरूले गरेको त्याग, बलिदान र आफूसमेतले गरेको योगदानबारे खड्काले स्मरण गरेका छन्। पछिल्लो समय देखिएको विवादबारे उनले चिन्तासमेत जनाएका छन्। र, विरासत बोक्नुपर्ने भन्दै थापालाई सहमतिको प्रस्ताव ल्याउन आग्रह गरेका छन्। 'अदालतको फैसलालाई नमान्ने भन्ने हुँदैन। तर, त्यसका आधारहरू सन्तोषजनक छैनन्। आधिकारिक रूपमा मान्यता पाएपछि के सोचेर आउनुभएको छ ? मिलनको प्रस्ताव के छ ? पहिलोचोटि आउनुभएको छ। प्रस्ताव ल्याउनुस्। म साथीहरूसँग छलफल गर्छु,' खड्काको भनाइ उद्धृत गर्दै उनीनिकट नेता मीन विश्वकर्माले भने। पार्टीलाई एकताबद्ध र सुदृढ बनाउन सभापतिले पहल सुरु गरेको महामन्त्री गुरुराज घिमिरेले बताए। 'उहाँहरूको चाहना पनि सभापतिले छलफल गर्नुहोस् भन्ने थियो। सभापतिले पार्टीलाई एकताबद्ध बनाउने उद्देश्यले छलफल गर्नुभएको छ। यो पार्टी सबैको साझा हो। उहाँहरूको पनि योगदान छ। हामी सबैको योगदान छ। मिलेर १५औँ महाधिवेशनमा जाऔँ भन्ने नै हो,' उनले भने।

अनुशासन समितिको बैठक आज

कांग्रेस केन्द्रीय अनुशासन समितिको बैठक आइतबार बस्दै छ। समिति बैठक सोमबार दिउँसो ३ बजे बस्ने सचिव दिनेश थापामगरले बताए। अनुशासन समितिको २ वैशाखमा बसेको बैठकले निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई सातदिने स्पष्टीकरण सोधेको थियो। उनले अदालतमा आधिकारिकताको विषय विचाराधीन अवस्थामा रहेकाले स्पष्टीकरण नदिने बताएका थिए। महामन्त्री गुरुराज घिमिरेले अदालतको फैसला आएको सन्दर्भमा स्पष्टीकरणको अध्याय समाप्त भएको बताइसकेका छन्। प्राप्त उजुरीमाथि छलफल गर्न बैठक बोलाइएको थापमगरले बताए।

संविधान संशोधन अध्ययन समितिले पायो पूर्णता

कांग्रेसले संविधान संशोधन अध्ययन तथा सुझाव पेस गर्न गठित विज्ञ समितिलाई पूर्णता दिएको छ। उपसभापति पुष्पा भुसाल संयोजक रहेको समितिलाई आइतबार पूर्णता दिइएको हो। समितिको सदस्यमा वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी, वरिष्ठ अधिवक्ता हरिहर दाहाल, वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्का, वरिष्ठ अधिवक्ता उपेन्द्रकेशरी न्यौपाने, वरिष्ठ अधिवक्ता शेरबहादुर केसी, वरिष्ठ अधिवक्ता यदुनाथ खनाल, वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे, वरिष्ठ अधिवक्ता योगेन्द्रबहादुर अधिकारी, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, वरिष्ठ अधिवक्ता सीताराम केसी, वरिष्ठ अधिवक्ता ललितकुमार बस्नेत, अधिवक्ता रनबहादुर थेबे, अधिवक्ता शर्मिला श्रेष्ठ, अधिवक्ता झलमाया विक र अधिवक्ता नीरज गुप्ता छन्। सदस्यसचिवको जिम्मेवारी अधिवक्ता राजु कटुवाललाई दिइएको छ। लोकतन्त्रका मूल्य-मान्यता, नागरिक अधिकार तथा समानुपातिक समावेशी सिद्धान्तलाई संकुचित हुन नदिई, त्यसलाई अझै फराकिलो र विस्तारित बनाउँदै संविधान जारी भएको एक दशकको अनुभवका आधारमा कार्यान्वयनको अवस्था र उपलब्धिलाई समीक्षा गरी सुझावसहितको प्रतिवेदन उपलब्ध गराउने कांग्रेसले जनाएको छ। समितिले दिएको सुझावका आधारमा पार्टीले संविधान संशोधनबारे आफ्नो धारणा निर्माण गर्ने र साझा राष्ट्रिय धारणा निर्माणका लागि अन्य पक्ष, नागरिक समाज, विशेषज्ञहरू, राजनीतिक दलहरूसहित राष्ट्रिय संवादको पहलकदमी लिने कांग्रेसका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले बताए। संविधान संशोधनबारे सरकारको स्पष्ट धारणा आएपछि पार्टीले आफ्नो धारणासहित सरकारसँग सहकार्य गर्ने दुलालले बताए।

सबै विश्वविद्यालयका पदाधिकारीसँग आज छलफल गर्दै प्रधानमन्त्री बालेन

त्रिविको जग्गासम्बन्धी प्रतिवेदन, प्रधानमन्त्री कुलपति नरहने विषय, विद्यार्थी संगठनलगायतका विषयमा छलफल हुने

शिवहरि घिमिरे/नयाँ पत्रिका

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले सोमबार त्रिविसहित सबै विश्वविद्यालयका उपकुलपतिसँग छलफल गर्ने भएका छन्। विश्वविद्यालयसँग सम्बन्धित विषयमा छलफलका लागि उनले सोमबार सबै उपकुलपतिलाई सिंहदरबार बोलाएका छन्। विश्वविद्यालयका पदाधिकारीसँग उनले राख्न लागेको यो पहिलो बैठक हो। बैठकमा सबै विश्वविद्यालयका उपकुलपति, रेक्टर र रजिस्ट्रारलाई निमन्त्रणा गरिएको प्रधानमन्त्री सचिवालय स्रोतले जनाएको छ। प्रधानमन्त्री सोमबार दिउँसो १२ बजे विश्वविद्यालयका पदाधिकारीहरूसँग सामूहिक छलफलमा बस्नेछन्। त्यसभन्दा अघि बिहान ११ बजे चिकित्सा शिक्षा आयोगका पदाधिकारी, शिक्षामन्त्री र चिकित्सा शिक्षा पढाइ हुने विश्वविद्यालयका पदाधिकारी बैठक बस्नेछन्।



त्यसपछि उपकुलपतिहरूसँग प्रधानमन्त्री शाहको छलफल सुरु हुनेछ। सुरुमा सामूहिक छलफल गरेपछि आवश्यकता परेमा छुट्टाछुट्टै बैठक बस्नेछन्। 'कुन-कुन विश्वविद्यालय कसरी चलिरहेका छन्, उनीहरूका समस्या के-के छन्, नतिजा प्रकाशनदेखि शैक्षिक क्यालेन्डर, बजेट, विद्यार्थीको अवस्थालगायत विषयमा छलफलका लागि प्रधानमन्त्रीज्यूले सबै विश्वविद्यालयका पदाधिकारीलाई सिंहदरबार बोलाउनुभएको छ,' प्रधानमन्त्री सचिवालयका एक सदस्यले भने, 'बैठकमा विश्वविद्यालयमा विद्यार्थी संगठनहरूले गर्ने गरेका गतिविधि र विद्यार्थी संगठनका असरलगायत विषयमा पनि छलफल गर्नुहुनेछ, त्रिविसहितका विश्वविद्यालयका प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति बस्ने वा नबस्ने भन्ने विषयमा पनि छलफल हुन्छ।'

प्रधानमन्त्री कार्यालयले सबै उपकुलपतिलाई आ-आफ्नो विश्वविद्यालयको छोटो प्रस्तुतिसमेत ल्याउन निर्देशन दिएका छन्। बैठकमा त्रिभुवन विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी विश्वविद्यालय, कृषि र वन विश्वविद्यालय, मध्यमाञ्चल विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालय, नेपाल विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, नेपाल विश्वविद्याल र प्रादेशिक विश्वविद्यालयहरू मनमोहन प्राविधिक विश्वविद्यालय, गण्डकी विश्वविद्यालय, मधेश कृषि विश्वविद्यालय, मधेश विश्वविद्यालय, लुम्बिनी प्राविधिक विश्वविद्यालय, बागमती विश्वविद्यालयका पदाधिकारीहरू बैठकमा सहभागी हुनेछन्।

प्रधानमन्त्री शाहले त्रिविका पदाधिकारीलाई सोमबार बिहान ९ बजे बैठकमा बोलाएका छन्। त्रिविका विविध मुद्दामा छलफल गर्नुपर्ने भएकाले शाहले त्रिवि उपकुलपति, रेक्टर र रजिस्ट्रारलाई बैठकमा बोलाएका हुन्। बैठकमा मुख्यतः त्रिविको जग्गासम्बन्धी प्रतिवेदन कार्यान्वयनको सम्बन्धमा छलफल हुने त्रिवि उपकुलपति प्राडा दीपक अर्यालले बताए। 'मुख्यतः त्रिविको जग्गासम्बन्धी प्रतिवेदनलगायत विषयमा कुरा हुन्छ होला, बिहान ९ बजे समय दिनुभएको छ, त्रिविको जग्गा त्रिविकै हुनुपर्छ भनेर हामी फर्काउन पनि लागिपरेका छौँ,' उनले भने, 'यसबाहेक त्रिवि क्रिकेट रंगशाला,

अब अनलाइनबाटै एनओसी पाउन सकिने

शिक्षा मन्त्रालयले वैदेशिक अध्ययन अनुमति नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) अनलाइनबाटै लिन मिल्ने निर्णय गरेको छ। सानोठिमीस्थित एनओसी शाखाले त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयसँगको समन्वयमा अनलाइनबाटै एनओसी सेवा दिन लागेको हो। एनओसी कार्यालयले यससम्बन्धी कार्यका लागि विश्वविद्यालयसँग सम्झौतासमेत गरेको शिक्षा मन्त्रालयले जनाएको छ। विद्यार्थीले अनलाइनबाट अप्लाई गरेर अनलाइनबाटै एनओसी पाउन सक्नेछन्। विद्यार्थीले भरेको फाराम तथा डकुमेन्ट प्रमाणीकरणका लागि मन्त्रालयले सिटिजन इन्फर्मेसन म्यानेजमेन्ट (सिआइएमएस), विश्वविद्यालय र एनओसी कार्यालयको सिस्टमलाई समेत जोडेको छ। यसअघि विद्यार्थीले अनलाइनबाट एनओसी फाराम भने पनि बायोम्याट्रिकका लागि कार्यालयमै पुग्नुपर्ने अवस्था हुन्थ्यो। अब भने फेसलेस गर्दै अनलाइनबाटै सेवा दिन थालिएको हो।

विद्यार्थी संगठनको अवरोध र शैक्षिक गतिविधिलगायत त्रिविका अन्य समस्या र सवाल पनि सम्माननीयज्यूसमक्ष राख्छौँ।' उनका अनुसार त्रिविको जग्गा भोगचलन गर्दै आइरहेका संघसंस्था र व्यक्तिलाई ३५ दिनभित्र जग्गा खाली गरिदिन शुक्रबार सूचना पनि जारी गरिएको छ। हाल प्रधानमन्त्री र शिक्षामन्त्रीले पनि मुख्यतः त्रिविको जग्गासम्बन्धी प्रतिवेदन, क्यालेन्डर, विद्यार्थी संगठनलगायत विषयमा बढी चासो दिएका छन्। त्यस्तै, त्रिविको कुलपति प्रधानमन्त्री नै हुने व्यवस्था रहेकाले प्रधानमन्त्री शाहले त्यसलाई परिवर्तन गर्ने योजनासमेत बनाएका छन्।

विद्यार्थी संगठनका कार्यालय हटाइँदै

शिक्षा मन्त्रालयले त्रिवि र त्रिविअन्तर्गतका क्याम्पसहरूका विद्यार्थी संगठनले ओगटेका कोठा र विश्वविद्यालय तथा क्याम्पसको नाम नै छोपिने गरी राखेका होर्डिङ बोर्ड हटाउने तयारी गरेको छ। सरकारले सयदिने कार्ययोजनामै विद्यार्थीका दलीय संगठन खारेज गर्ने योजना समेटेको छ। सोही कार्ययोजनालाई कार्यान्वयन गर्न पहिलो चरणमा होर्डिङ बोर्ड हटाउने, विश्वविद्यालय र क्याम्पसमा रहेका विद्यार्थी संगठनका कार्यालय हटाउनेलगायत कार्य गर्न लागिएको हो। त्रिविमा विद्यार्थी संगठनहरूले आन्दोलनसमेत गर्न सक्ने भन्दै आइतबारदेखि ठुलो संख्यामा प्रहरी परिचालनसमेत गरिएको छ।

नतिजा प्रकाशन भएको १५ दिनभित्र ट्रान्सक्रिप्ट

शिक्षा मन्त्रालयले सबै विश्वविद्यालयमा परीक्षा नतिजा प्रकाशन भएको १५ दिनमै ट्रान्सक्रिप्ट दिनुपर्ने निर्णय गरेको छ। सबै विश्वविद्यालयका पदाधिकारीसँग छलफल गर्दै शिक्षामन्त्री सस्मित पोखरेलले सो व्यवस्था मिलाएका हुन्। उक्त निर्णयमा विश्वविद्यालयका पदाधिकारीले समेत हस्ताक्षर गरेका छन्। मन्त्रालयले विश्वविद्यालय अनुदान आयोगका सचिवको संयोजकत्वमा विश्वविद्यालय सुधार समितिसमेत बनाउने भएको छ।

संक्षेप

विद्यार्थी संगठन र ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने निर्णयप्रति आपत्ति

काठमाडौं/ नेकपाले विद्यार्थी संगठन र ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने सरकारको प्रयास आपत्तिजनक रहेको भन्दै विरोध जनाएको छ। संगठित हुन पाउने अधिकार संविधानले नै दिएको भन्दै नेकपाले सरकारको कदमको विरोध गरेको हो। 'पञ्चायती कालखण्डमा समेत संगठित हुने अधिकार उपभोग गर्दै आएका विद्यार्थीमाथि बलिदानीपूर्ण संघर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रमा यस्तो प्रतिबन्ध लगाइनु स्वीकार्य हुन सक्दैन,' आइतबार जारी विज्ञप्तिमा छ। ताजा जनादेशबाट बनेको वर्तमान सरकारप्रति जनताले सुशासन, सामाजिक न्याय तथा समृद्धिको ठुलो अपेक्षा गरेको उल्लेख गर्दै नेकपाले यस्ता विषयलाई हलुका रूपमा नलिन र पुनर्विचार गर्न आग्रह गरेको छ। सरकारले सुकुमवासी परिवारहरूलाई बसोबास र जीविकोपार्जनको उचित विकल्प उपलब्ध नगराई जबर्जस्ती उठीवास लगाउने तथा झुप्रा भत्काउन थालेकोमा पनि नेकपाले आपत्ति जनाएको छ। 'सरकारले अघि सारेका वाचा तथा प्रतिबद्धतापत्रका सकारात्मक विषयलाई हाम्रो पार्टी सकारात्मक रूपमा स्वागत गर्दछ।

कनकासुन्दरी गाउँपालिकामा आजबाट पठनपाठन

जुम्ला/ कनकासुन्दरी गाउँपालिकाले संघीय सरकारको निर्णय उल्ट्याउँदै आइतबार बिदा नगर्ने निर्णय गरेको छ। सरकारले आइतबार पनि बिदा दिने निर्णय गरेपछि पठनपाठनमा असर पर्ने भन्दै सामुदायिक विद्यालयका हकमा आइतबार बिदा नगर्ने निर्णय गरिएको हो। आइतबार बसेको कनकासुन्दरी गाउँपालिकाको कार्यपालिका बैठकले विद्यालयमा आइतबार बिदा नगर्ने र ७ वैशाखदेखि विद्यालय सञ्चालन गर्ने निर्णय भएको कार्यवाहक गाउँपालिका अध्यक्ष प्रेमकली बुढाले बताइन्। जुम्लाका आठ स्थानीय तहमध्ये संघीय सरकारको निर्देशन र निर्णय उल्ट्याएर निर्णय गर्ने कनकासुन्दरी पहिलो पालिका हो। स्थानीय सरकारको स्वायत्त अधिकार कनकासुन्दरी गाउँपालिका जुम्लाले प्रयोग गरेको छ। साथै, सरकारले नयाँ शैक्षिक सत्रको भर्ना अभियान र पठनपाठन १५ वैशाखपछि मात्र सुचारु गर्न निर्देशन दिएको थियो। तर, कनकासुन्दरीले उक्त निर्णयलाई पनि उल्ट्याउदै ७ वैशाखबाट नियमित पठनपाठन सञ्चालन गर्ने सबै विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा विव्यसलाई परिपत्र गरेको छ। संघीय सरकारको आइतबार पनि बिदा गर्ने र १५ देखि २१ वैशाखसम्म भर्ना अभियान सञ्चालन गर्ने निर्णयले पठपाठन प्रभावित हुने ठहर गर्दै स्थानीय तहअनुकूलको निर्णय गरेको हो।

बढ्न थाल्यो गर्मी, आज पश्चिम तराईमा तातो हावा चल्ने

काठमाडौं/ अधिकतम र न्यूनतम तापक्रम उकालो लागेसँगै तराईमा गर्मी बढेको छ। पश्चिम तराई र त्यहाँका उपत्यकामा भने सोमबार तातो लहरको चेतावनी दिइएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार सोमबार धनगढी, नेपालगन्ज र दिपायलमा तातो हावाको लहर तथा घोराहीमा तातो दिन हुने सम्भावना छ। यसबाहेक मधेश प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनीका तराई तथा उपत्यका र खोँचमा पनि तापक्रम बढ्ने अनुमान छ। 'अन्य ठाउँहरूमा पनि गर्मी बढ्ने सम्भावना रहेकोले ख्याल गर्नुहोला,' मौसमविद् सञ्जीव अधिकारीले भने। विभागका अनुसार मंगलबार पनि मधेश प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमका तराई साथै उपत्यका र खोँचमा तापक्रम औसतभन्दा धेरै हुनेछ। उच्च तापक्रमका कारण दिउँसोको समयमा बाहिर हिँडडुल गर्दा सतर्कता अपनाउन सुझाव दिइएको छ।

बागमती सरकारको कार्यशैलीप्रति असन्तुष्टि

जनसरोकारका मुद्दामा 'मौन' रहेको आरोप

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सभाका सांसदहरूले जनसरोकारका मुद्दामा सरकार मूकदर्शक बनेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। आइतबार बसेको प्रदेश सभा बैठकको विशेष समयमा बोल्दै सांसदहरूले बजेट व्यवस्थापनदेखि मल अभाव, विपत् तयारी, भाषिक अधिकार र शासन प्रणालीसम्मका विषयमा सरकारको कार्यशैलीको आलोचना गरेका हुन्।

सांसदहरूले सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेको मात्र होइन, संसदीय पद्धतिलाई समेत कमजोर बनाउने दिशामा अघि बढेको टिप्पणी गरेका छन्। लामो समयसम्म सभामुख चयन हुन नसक्नु, विकास योजनामा ढिलासुस्ती र नीति कार्यान्वयनमा कमजोरी देखिनु यसको उदाहरण भएको उनीहरूको भनाइ छ।

कांग्रेस सांसद रामकृष्ण चित्रकारले संघीय सरकारले सातामा दुई दिन सार्वजनिक बिदा दिने निर्णयप्रति आपत्ति जनाउँदै यसले शिक्षा र स्वास्थ्य सेवा प्रभावित हुने बताए। 'शिक्षा नियमावलीअनुसार वर्षमा कम्तीमा १८० दिन कक्षा सञ्चालन हुनुपर्छ, तर दुई दिन बिदाले पढाइ प्रभावित हुन्छ,' उनले भने। उनले पेट्रोलियम पदार्थको मूल्यवृद्धि नियन्त्रण गर्न र वर्षायामअघि नै विपत् व्यवस्थापनका पूर्वतयारी गर्न सरकार गम्भीर हुनुपर्नेमा जोड दिए। सांसद बालकुमारी विश्वकर्माले 'दलित सशक्तीकरण विधेयक'लाई सरकारले प्राथमिकता नदिएको आरोप लगाइन्। संविधानले अधिकार सुनिश्चित गरे पनि व्यवहारमा दलित समुदाय अझै शिक्षा, स्वास्थ्य र न्यायको पहुँचबाट वञ्चित रहेको उनको भनाइ थियो। 'दलित नागरिकलाई कहिलेसम्म दोस्रो दर्जाको नागरिक बनाइराख्ने ?' उनले प्रश्न गरिन्।

कृषि क्षेत्रका समस्या उठाउँदै सांसद रामकुमार पहाडीले खेतीपातीको सिजन सुरु हुन लाग्दा किसानले मल र बिउ नपाएको गुनासो गरे। उनले कालोबजारीका कारण किसानले चर्को मूल्य तिर्न बाध्य भएको उल्लेख गर्दै संघीय सरकारसँग समन्वय गरी आपूर्ति सहज बनाउन माग गरे। सांसद समिता खड्का श्रेष्ठले तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषा घोषणा गरिए पनि कार्यान्वयन फितलो रहेको बताइन्। सदनमा अनुवादकको व्यवस्था नहुँदा मातृभाषामा राखिएका धारणा प्रभावकारी रूपमा सञ्चार हुन नसकेको उनको भनाइ थियो। 'भाषा र संस्कृतिको जगेर्ना नगरे संघीयताको मर्म नै कमजोर हुन्छ,' उनले भनिन्।

विकास बजेटको उपयोगबारे प्रश्न उठाउँदै सांसद लक्ष्मी श्रेष्ठले साना टुक्रे योजनाभन्दा ठुला उद्योग स्थापनामा लगानी गर्न सुझाव दिइन्। उनले युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने गरी बजेट परिचालन गर्नुपर्ने धारणा राखिन्। यसैगरी, सांसद उद्धव थापाले विद्यालय भर्ना अभियान र शैक्षिक सत्रको अन्योल अन्त्य गर्न माग गर्दै मेलम्ची खानेपानी आयोजनाको पाइप पुगेका क्षेत्रमा समेत पानी नआएको समस्या समाधान गर्न सरकार सक्रिय हुनुपर्ने बताए।

प्रदेश संरचनामाथि नै प्रश्न उठाउँदै सांसद राजेन्द्र प्रजापतिले प्रदेश सांसदको भूमिका कमजोर बन्दै गएको टिप्पणी गरे। 'हामी प्रदेश सांसद हौँ भन्ने मात्र हो, व्यवहारमा वडा अध्यक्षभन्दा पनि कम अधिकार छ,' उनले भने, 'बजेट कार्यान्वयन नहुनु र निर्णय प्रभावकारी नहुनुले प्रदेश संरचनामाथि नै प्रश्न उठाएको छ।'

झापाका पाँच नदीमा १७ वर्षमा पनि सकिएन तटबन्ध

पाँच वर्षमा १२६.४६ किमि तटबन्ध, १७७.२० किमि बाँकी

झापामा **चिरञ्जीवी घिमिरे**

झापामा १७ वर्षदेखि लगातार तटबन्धन गर्दा पनि ठुला पाँच नदीमा आधा पनि तटबन्ध हुन सकेको छैन। रतुवा-मावा, कमल, कन्काई, बिरिङ र मेची नदीमा ३०३.६६ किलोमिटर तटबन्ध गर्न १७ वर्षअघि सुरु गरिएको थियो। तर, हालसम्म १२६.४६ किलोमिटर मात्रै तटबन्ध भएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना झापाले जनाएको छ। झापाका यी पाँच नदीमा अझै १७७.२० किलोमिटर तटबन्ध गरे मात्रै बस्ती सुरक्षित हुन्छन्।

झापाका नदीमा तटबन्ध गर्दै गाउँलाई सुरक्षित गर्न आर्थिक वर्ष ०६६/६७ मा जनताको तटबन्ध कार्यालय स्थापना भएको थियो। सुरुमा यो कार्यालयले रतुवा, मावा र कन्काई नदीको तटबन्ध गर्ने कार्यक्षेत्र थियो। पछि विस्तार हुँदै झापाका पाँच नदी यसको कार्य क्षेत्र बन्यो। ०८१ चैतमा कार्यालयको नाम परिवर्तन हुँदै सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनामा परिणत भयो। नाम परिवर्तनसँगै यसको कार्यक्षेत्र पनि विस्तार भएको कार्यालय प्रमुख विजय रेग्मीले बताए। संघीय कार्यक्षेत्र पर्ने सिँचाइसँगै पाँचथरको हेवा र काबेली नदीको तटबन्धको जिम्मेवारी पनि यो कार्यालयलाई छ। यद्यपि सिँचाइ नयाँ भएका कारण सिँचाइको काम अघि बढिनसकेको उनले बताए।

झापाका पाँच नदीका लागि १८ असार ०७६ मा दश वर्ष कार्ययोजनाअन्तर्गत डिपिआर तयार भएको थियो। डिपिआरअनुसार कार्यालय स्थापना भएको १७ वर्षमा



गौरीगन्ज-१ स्थित कन्काई नदीमा लगाइएको तटबन्ध।

बल्ल ४१.६४ प्रतिशत मात्र काम भएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना झापाले जनाएको छ। डिपिआरअनुसार झापाका पाँच नदीमा तटबन्ध पूरा गर्न १७ अर्ब ६१ करोड ७ लाख २२ हजार लाग्ने अनुमान गरिएको छ। तर, हालसम्म ४ अर्ब १८ करोड ७५ लाख ९० हजार मात्रै खर्च भएको छ। जुन खर्चले १२६.४६ किलोमिटर तटबन्ध भएको आयोजना प्रमुख रेग्मीले जानकारी दिए। अब १७७.२० किलोमिटर तटबन्ध निर्माण गर्न १३ अर्ब ४२ करोड ३१ लाख ३२ हजार रुपैयाँ लाग्ने आयोजनाले जनाएको छ।

आयोजनाको विवरणअनुसार रतुवा-मावामा ९०.८५ किलोमिटर तटबन्ध गर्नुपर्छ। जसका लागि ३ अर्ब ८९ करोड ६४ लाख ८४ हजार रुपैयाँ लाग्छ। यो नदीमा हालसम्म एक अर्ब ३८ करोड १२ लाख ७३ हजार खर्च गरेर ३९.८६ किलोमिटर तटबन्ध गरिएको छ। यस्तै, कमल नदीमा ४६.८४ किलोमिटर तटबन्ध गर्न एक अर्ब ७७ करोड ११ लाख ९१ हजार रुपैयाँ लाग्नेछ। योमध्ये हालसम्म ४७ करोड ५७ लाख ५६ हजार रुपैयाँ लागतमा १५.५५ किलोमिटर तटबन्ध भएको आयोजनाले जानकारी दिएको छ।

यस्तै, कन्काई नदीबाट बस्तीलाई सुरक्षित गर्न ५३ .१ किलोमिटर तटबन्ध गर्नुपर्ने आयोजनाले जनाएको छ। कन्काई नदीमा ३ अर्ब ९० करोड ३४ लाख ५१ हजार लाग्ने अनुमान गरिएको छ। जसमा एक अर्ब २८ करोड १६ लाख ९८ हजार खर्चिएर २९.४९ किलोमिटर तटबन्ध भइसकेको आयोजनाले जनाएको छ।

यस्तै, बिरिङ नदीमा ६५.९ किलोमिटर तटबन्ध गर्नुपर्ने अनुमान गरिएको छ। यसका लागि २ अर्ब ४६ करोड ५३ लाख ९ हजार लाग्ने अनुमान छ। जसमध्ये ७६ करोड ५६ लाख ८० हजारमा २९.७६ किलोमिटर तटबन्ध भइसकेको छ। नेपाल-भारत सीमामा रहेको मेची नदीमा ४६ दशमलव ९७ किलोमिटर तटबन्ध गर्नुपर्ने अनुमान गरिएको छ। जसका लागि पाँच अर्ब ५७ करोड ४२ लाख ८७ हजार रुपैयाँ बजेट लाग्ने डिपिआरमा उल्लेख छ। यो नदीमा हालसम्म ११ दशमलव ८० किलोमिटर तटबन्ध भएको छ। जसका लागि २८ करोड ३१ लाख ८७ हजार बजेट लागिसकेको छ। तटबन्ध भएर पनि कन्काई नदीले भने १ दशमलव ७३ किलोमिटर तटबन्धनमा क्षति पुगेको आयोजनाले जनाएको छ। विभिन्न समयमा आएको बाढीले कन्काईको तटबन्धमा क्षति पुगेको हो।

१७ वर्षमा ५० प्रतिशत पनि काम नसकिँदा पाँच नदीबाट झापाका बस्ती सुरक्षित हुन अझै लामो समय लाग्ने देखिएको छ। मूल्यवृद्धि निरन्तर बढ्दा डिपिआरको लागत पनि बढ्न सक्ने आयोजना प्रमुख रेग्मीले जानकारी दिए। 'मूल्यवृद्धि बढ्दै जाँदा लागत अनुमान पनि बढ्न सक्छ।

सामाजिक भाष्य बदल्ने शक्ति

प्रधानमन्त्री बालेनलाई प्राप्त सामाजिक भाष्य बदल्ने अवसरको सदुपयोग कति हुन्छ, समयक्रममा त्यसको परीक्षण हुँदै जाने नै छ



● मेखराज उदय

अग्रलेख

शीतयुद्धको अन्त्य (सन् १९८९–१९९१) पछि फ्रान्सिस फुकुयामाले 'इतिहासको अन्त्य (द इन्ड अफ हिस्ट्री)' घोषणा गरिदिए। यो निकै विवादित वैचारिक अवधारणा हो। लोकतन्त्र र पुँजीवादको विश्वव्यापी विजय भएको मात्रै होइन, उनका अनुसार उदारवादी लोकतन्त्र र पुँजीवादभन्दा उन्नत कुनै पनि शासन व्यवस्था तथा आर्थिक प्रणाली अब आउनेछैन। अर्थात्, यो व्यवस्था मानिसको वैचारिक विकासको अन्तिम चरण हो। फुकुयामाको मतअनुसार कम्युनिस्ट शासनको पतन वा सोभियत संघको विघटनपछि पश्चिमा शैलीको उदार लोकतन्त्र नै सर्वोत्तम र अन्तिम विकल्प हो। सन् १९५२ मा अमेरिकामा जन्मिएका उनी राजनीतिक वैज्ञानिक, अर्थराजनीतिका ज्ञाता तथा अन्तर्राष्ट्रिय सम्बन्धका विज्ञ पनि हुन्।

०७२ सालमा जननिर्वाचित संविधानसभाद्वारा नेपालको संविधान जारी भयो। तत्पश्चात् अब नेपालमा राजनीतिक संघर्ष र व्यवस्था परिवर्तनको विवाद सदाका लागि समाप्त भएको घोषणा गरियो। संविधानसभामा महत्त्वपूर्ण 'संवैधानिक तथा विवाद समाधान समिति'को नेतृत्व सम्हालेका तत्कालीन माओवादी नेता डा. बाबुराम भट्टराईसमेतले अब नेपाली जनताले शासन व्यवस्था परिवर्तन, संवैधानिक अधिकारका निम्ति पुनः संघर्ष गर्नु नपर्ने दाबी गरेका छन्। अर्थात् फुकुयामाकै शैलीमा नेपालको राजनीतिक आन्दोलन र संघर्षको अन्त्य घोषणा नै गरिदिए भन्दा अत्युक्ति नहोला। आर्थिक उन्नति र समृद्धिका निम्ति भने संघर्ष बाँकी नै रहेको उनको तर्क थियो, छ। यो डा. बाबुरामको मात्र होइन, नेपाली बौद्धिक जमातको समेत एकीकृत बुझाइ हो। विश्वभर नै लोकतन्त्रको विकल्प छैन। तथापि, पुँजीवाद आफैंमा खराब व्यवस्था नभए पनि यसका दुष्प्रभाव देखापरे। यसका केही घातक संक्रमण वा अन्तर्निहित दुर्बलताका कारण पुँजीवादको विकल्पको व्यापक खोजी भइरहेको छ। मार्क्सवादी (कथित वैज्ञानिक) समाजवादको औचित्य भने विश्वबाट उहिल्यै समाप्त भइसकेको हो।

मुलुकलाई प्रगतिशील, समृद्धि र सभ्यताको युगमा प्रवेश गराउने पहिलो र अन्तिम विकल्प सामाजिक क्रान्ति र त्यसले ल्याउने रूपान्तरण नै हो। सन् १८६२ मा एसियाको एक सभामा 'लेजले'ले भने, 'संवैधानिक प्रश्न सर्वप्रथम अधिकारको प्रश्न होइन, बरु शक्तिको प्रश्न हो। कुनै पनि देशको वास्तविक संविधानको अस्तित्व त्यो देशको विद्यमान शक्तिका वास्तविक स्थितिमा नै निर्भर हुन्छ। अतः राजनीतिक संविधानको मूल्य र स्थायित्व तब रहन्छ, जब ती शक्तिको सर्त सही ढंगले प्रकट हुन्छ, जुन कुनै पनि समाजमा विद्यमान रहन्छ।' इतिहास साक्षी छ, राजनीतिक क्रान्ति हमेसा सामाजिक तथा धार्मिक क्रान्तिपश्चात् भएका छन्। लुथर किङद्वारा आरम्भ गरिएको धार्मिक सुधार युरोपेली जनताको राजनीतिक मुक्तिको अग्रदूत थियो। मार्टिन लुथर (१४८३–१५४६) इसाई धर्ममा प्रोटेस्टेन्टवाद नामक सुधारात्मक आन्दोलन चलाउने प्रख्यात व्यक्ति थिए। उनी जर्मन भिक्षु, धर्मशास्त्री, प्राध्यापक, पादरी तथा चर्च सुधारक थिए। उनको विचारधाराद्वारा 'प्रोटेस्टिजम' सुधार आन्दोलनको आरम्भ भयो, जसले पश्चिम युरोपमा विकासको दिशा बदल्न सफल बनायो। उनले क्याथोलिक इसाई धर्मका रूपमा व्याप्त अनेकौं कुरीतिको विरोध गरे। उनले प्रोटेस्टेन्ट नामक धर्मको आविष्कार गरे।

बेलायतमा 'प्युरिटन'वादका कारण राजनीतिक स्वतन्त्रताको स्थापना भयो। प्युरिटनवादले नयाँ विश्वको स्थापना गऱ्यो। प्युरिटन क्रान्ति (१६४२–१६५१) बेलायतमा भएको धार्मिक तथा राजनीतिक संघर्ष थियो, जहाँ प्युरिटन जो प्रोटेस्टेन्ट थिए र उनले चार्ल्स प्रथमको निरंकुश सत्ता तथा चर्चमा हुने रुढीवादी क्याथोलिक प्रथाका खिलाफमा युद्ध लडे। फलस्वरूप १६४९ मा राजालाई फाँसी दिइयो र बेलायतमा छोटो समयका लागि गणतन्त्र स्थापना गरियो। सोही प्युरिटनवादद्वारा नै अमेरिकी स्वतन्त्रता संग्रामको विजय भयो। यही तथ्य मुस्लिम साम्राज्यका सम्बन्धमा समेत लागू हुन गई सत्यसाबित भयो।

विदितै छ, जातीय, क्षेत्रीय, लैंगिक, भाषिक र साम्प्रदायिक विविधतासहितको नेपाली समाजमा विभेदको अग्लो पर्खाल ठडिएको छ। विविधताको सम्मान गर्दै विभेदको समूल अन्त्य गर्नु नै साँचो अर्थमा सामाजिक भाष्य बदल्नु हो। किनभने मानवशास्त्रीय अध्ययनहरूको निष्कर्षबमोजिम मानिसको भौतिक र सदाचारिक दुवैतर्फ उन्नति हुनु अनिवार्य छ। मानिसलाई रोटी (खाना) मात्रैले पुग्दैन, बरु मानसिक तथा सांस्कृतिक अधिकार पनि उत्तिकै महत्त्वपूर्ण छ। मानिस केवल जैविक एकाइ (बायोलोजिकल युनिट) मात्रै होइन, बरु जैविक–सांस्कृतिक एकाइ (बायोलोजिकल–कल्चरल युनिट) हो। त्यसैले ऊ खाना र स्वतन्त्रता दुवै चिज समान रूपले चाहन्छ।

फ्रान्सेली राज्य क्रान्ति (१७८९–१७९९) ले नयाँ आधार तयार गऱ्यो, जसमा भ्रातृत्व, स्वतन्त्रता र समता पर्छन्। सो क्रान्तिले विश्वव्यापी रूपमा गणतन्त्र र लोकतन्त्रको उदय हुनपुग्यो। यसले उदारवाद, पुरातनवाद, राष्ट्रवाद तथा धर्मनिरपेक्षता वा अन्य धेरै राजनीतिक आदर्शको विस्तारका लागि दिशानिर्देश गऱ्यो।

> नागरिकले बालेनका नाममा रास्वपालाई प्रदान गरेको अभूतपूर्व मत र प्रधानमन्त्रीको सुरुवाती रुझान हेर्दा सरकार विगतका अभ्यास पछ्याउन होइन, बरु नयाँ इतिहास निर्माण गर्न आएको अनुभूति हुन्छ

नेपालमा भर्खरै मात्र चुनावमार्फत भएको वैधानिक सत्ता परिवर्तनले केही अभूतपूर्व आधार स्थापित गऱ्यो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभामा अनपेक्षित रूपमा सरकार सञ्चालनका निम्ति सुविधाजनक अङ्क भर्नौं दुईतिहाइनिकट बहुमत प्राप्त गऱ्यो। पूर्वघोषणाबमोजिम नै रास्वपाका वरिष्ठ नेता बालेन शाह मुलुकको प्रधानमन्त्री पदमा नियुक्त भए। नागरिकले बालेनका नाममा रास्वपालाई प्रदान गरेको अभूतपूर्व मत र प्रधानमन्त्रीको सुरुवाती रुझान हेर्दा सरकार विगतका अभ्यास पछ्याउन होइन, बरु नयाँ इतिहास निर्माण गर्न आएको अनुभूति हुन्छ। करिब आठ दशक लामो दल–राजतन्त्र–गणतन्त्रसहितको राजनीतिक इतिहासमा गैरआर्य–खस समुदायबाट मुलुकको पहिलो प्रधानमन्त्री बन्न सफल भए, बालेन। त्यति मात्रै किन, शाह–राणातन्त्रमा एकजना नेवार मरिचमानसिंह श्रेष्ठ (२०४३–२०४६)बाहेक अन्य समुदायका व्यक्ति सरकारप्रमुख हुने कुरा कल्पना गर्न सकिन्नथ्यो। त्यसैले, द्रविडमूलका, मधेशका भुइँमान्छे पहिलोपटक देशका प्रधानमन्त्री बन्नु सामान्य परिघटना होइन। त्यति मात्रै होइन, दलितको पनि अत्यन्तै कमजोर तथा उत्पीडित जाति बादी समुदायकी महिलालाई मन्त्री बनाउने ऐतिहासिक काम यो सरकारले गरेको छ।

रास्वपाको घोषणापत्रको वाचाबमोजिम सरकारले सय दिन (हनिमुन पिरियड)भित्र दलित समुदायसँग आधिकारिक क्षमा माग्ने घोषणा गरिसकेको छ। विगतदेखि वर्तमानसम्म ज्ञात-अज्ञात कारणले एक ठुलो समुदायमाथि भए-गरेका छुवाछुत, विभेद, अत्याचार तथा दमनविरुद्ध राज्यले दलित समुदायसँग माफी वा क्षमा माग्ने कार्य सकारात्मक र स्वागतयोग्य छ। यो घोषणाले दलित समुदाय उत्साहित र पुलकित भएको देखिन्छ। बालेन सरकार यो ऐतिहासिक अवसरलाई असामान्य उपलब्धिमा परिणत गर्नबाट चुक्नु हुँदैन। क्षमा दिवस (सरी डे)लाई सरकारले आधिकारिक रूपमा घोषणा गर्ने र त्यस दिन दलित समुदायको आत्मसम्मान बढाउने, समावेशीकरणको महत्त्वाकांक्षी कार्यक्रम घोषणा गर्ने र त्यस दिनलाई आगामी वर्षहरूमा निरन्तरता दिनेगरी घोषणा गर्नसके मात्रै सार्थक र सफल हुनेछ। संविधानको धारा ४० र अन्य दलित अधिकारसम्बन्धी व्यवस्थालाई संसद्बाट छिट्टै कानुन तर्जुमा गरी लागू गर्ने संकल्प मात्रै पनि ठुलो उपलब्धि हुनेछ।

उसो त बालेन सरकारप्रति केही संशय पनि उठेका छन्। संवैधानिक रूपमा नेपाल धर्मनिरपेक्ष मुलुक हो। प्रधानमन्त्री बालेनले शपथग्रहण गर्दा धार्मिक राष्ट्रवाद (रिलिजियस नेसनालिजम)को प्रदर्शन गर्नु मुलुक र जनतालाई धार्मिक पक्षधरता तथा द्वन्द्वमा होम्ने पूर्वसंकेतका रूपमा हेरिनु आवश्यक छ। उनले हिन्दु ब्राह्मण र वटुकहरू भेला गरेर स्वस्तिशान्ति गराए। उक्त कार्य असंवैधानिक मात्रै होइन, बहुसंख्यकवादका नाममा कमजोर, अल्पसंख्यक धार्मिक सम्प्रदाय र उत्पीडित दलित समुदायमाथिको बज्रप्रहारसमेत हो। यस्तो कार्यले मुलुकलाई राजनीतिक आत्महत्यातर्फ धकेल्छ।

धार्मिक राष्ट्रवाद यस्तो विचारधारा हो, जसले राष्ट्रिय पहिचानलाई विशेष धार्मिक विश्वाससँग जोड्छ। यसले राष्ट्रको सांस्कृतिक र राजनीतिक मामिलाहरूलाई एउटा निश्चित धर्मको मान्यता र सिद्धान्तबमोजिम सञ्चालन गर्नुपर्छ भन्ने पक्षको वकालत गर्छ। धर्मलाई राजनीतिक औजार वा शक्तिका रूपमा प्रयोग गरेर राष्ट्रिय एजेन्डा तय गर्छ। यसले मुलुकको भलो गर्दैन।

धर्मनिरपेक्षताको अर्थ राज्यको कुनै आधिकारिक धर्म वा पन्थप्रति पक्षधरता छैन र धार्मिक मामिलामा तटस्थ रहन्छ भन्ने हो। राज्यले कुनै धर्मको समर्थन वा विरोध गर्दैन। त्यसभित्र धार्मिक स्वतन्त्रता संरक्षित हुन्छ। यो जनताको मौलिक हक हो। जसको अर्थ जनताले आफ्नो आस्था मान्ने, पालना गर्ने, परिवर्तन गर्ने तथा प्रचार गर्ने स्वतन्त्रता प्राप्त गर्छ। राज्यले दलितसित माफी मागेर उनीहरूको मन जित्ने र भविष्यमा मुलुकलाई धार्मिक द्वन्द्वमा फसाई दलित समुदायका साथ र सहानुभूतिको लाभ लिने षड्यन्त्र पो हो कि ? अर्थात्, दलित समुदायलाई आफ्नो कित्तामा उभ्याउने र अन्यमाथि दमन गर्ने (?), संशय उठ्नु स्वाभाविक छ। माओवादी सशस्त्र विद्रोहले स्थापित गरेको तथा शान्ति प्रक्रियाको एक महत्त्वपूर्ण बुँदा हो, राज्य पुनर्संरचना। मुलुकलाई संघीयतामा लग्ने, स्थानीय तहको केही पुनर्संरचना गर्नेजस्ता कार्य गरिए पनि मूल कार्य बाँकी नै रहे। विडम्बना, जातीयलगायत विभेदको अन्त्य हुने गरी सामाजिक पुनर्संरचना हुन सकेन। प्रधानमन्त्री बालेन शाहलाई सामाजिक भाष्य बदल्ने अवसर प्राप्त भएको छ, तथापि आँट र ताकत भने परीक्षण हुँदै जाने नै छ। कामना गरौं, उनी सक्षम बनून्।

अन्त्यमा फ्रान्सेली दार्शनिक तथा ज्यामितिका आविष्कारक रेने देकार्तको प्रासंगिक भनाइ राख्नु सान्दर्भिक हुनेछ। उनी भन्छन्- 'सत्यको खोजका लागि जीवनमा कमसेकम एकपटक हरेक चिजमाथि सन्देह गर्नु आवश्यक छ।' प्रश्नभन्दा माथि कोही छैन र हुनुहुँदैन पनि।

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **शारदाप्रसाद त्रिताल**लाई



राजीनामा दिइसकेको अघिल्लो जागिरलाई सेवा अवधिमा जोड्ने कर्मचारीको प्रयास कति ठिक हो ?

पहिले अघिल्लो जागिर छाडेको ६ महिनाभित्र मात्र जोड्न सकिने प्रावधान ऐनमा थियो। तर, अहिलेको ऐनमा त्यस्तो व्यवस्था छ जस्तो लाग्दैन। विगतमा चाहिँ कसैले नासुको जागिर छाडेर अधिकृतमा आएपछि अघिल्लो सेवा अवधिलाई जोड्न चाहेमा जोड्न सक्ने व्यवस्था थियो। पहिले ६० वर्षे उमेरहदमा नियुक्त भएको कर्मचारीले पछि ५८ वर्षे उमेरहदका आधारमा जागिरबाट निवृत्त हुनुअघि नै राजीनामा दिएमा उसले थप दुई वर्ष सेवा अवधि जोड्न सक्ने व्यवस्था थियो। तर, ५८ वर्षे उमेरहदअनुसार सेवा अवधि पूरा गरेर निवृत्त भएको अवस्थामा चाहिँ जोड्न पाइन्नथ्यो। उमेरहद जोड्ने विषयमा सर्वोच्च अदालतले पनि आदेश दिएको छ। त्यसैले, यिनै व्यवस्थामा टेकेर त्यस्तो प्रयास गरिएको हुन सक्छ।

यसलाई कानुनले कसरी ठाउँ दिएको छ ?

कानुनले नै नदिएको भए त कर्मचारीले चाहँदैमा यसरी सेवा अवधि जोड्न सक्ने भन्ने हुँदैन। कानुनले दिएको व्यवस्थामै टेकेर कर्मचारीले यस्तो प्रयास गरेका हुन्। नैतिकताको प्रश्न भने व्यक्तिमा भर पर्ने विषय हो। कामै नगरी राज्यकोषबाट थप सुविधा लिन खोज्नु पक्कै पनि मनासिब होइन।

यसलाई रोक्न सक्ने अवस्था कति छ ?

यसलाई रोक्न किन त ऐन संशोधन गरी यसबारे प्रस्ट व्यवस्था गरिनुपर्छ। ०४९ पछि सेवा अवधि ५८ वर्ष कायम भएसँगै यस्तो व्यवस्था ऐनमा घुसेको हो। त्यसैले, ६० वर्षे उमेरहदअनुसार नियुक्त भएका कर्मचारी सकिएपछि यो व्यवस्था पनि स्वतः रोकिन्छ।

प्रेरक प्रसंग

गलत बाटोबाट कमाएको सम्पत्ति

एक सरकारी विभागमा दुई अधिकृत थिए राजेश र विमल। दुवैको पद एउटै र तलब-सुविधा पनि उही थियो। तर, दुवैको जीवनस्तरमा भने आकाशजमिनको अन्तर थियो। राजेश इमानदार थिए। पुरानो मोटरसाइकल चढ्थे। साधारण कपडा लगाउँथे। महिनाको अन्त्यमा राज्यबाट जे सुविधा पाउँथे, त्यसैमा रमाउँथे। ओछ्यानमा पल्टिनासाथ मिठो निद्रा निदाउँथे। अर्कातिर विमल थिए। उनी मौका पाउँदा पैसा नखाने कर्मचारी मूर्ख हो भन्थे। उनीसित आलिसान महल थियो, लक्जरियस गाडी थियो। उनी राजेशलाई मूर्ख भन्थे। राजेश भन्ने गर्थे- ठिकै छ म मूर्खै रहनुमा खुसी छु। कम्तीमा मैले मिठो निद्रा त कमाएको छु। आफ्नो कर्मको फल कुनै न कुनै दिन ब्याजसहित फर्केर आउने निश्चित छ। त्यसैले, बरु तिमी पनि आजै आफ्नो कर्म सुधार।

केही समयपछि विमलका छोराको जन्मदिन थियो। उनले छोरालाई एउटा निकै महँगो सपर बाइक उपहारमा दिए, जुन घुसको पैसाबाट किनिएको थियो। सोही रात उनका छोराले रक्सीको नशामा बेतोडले बाइक कुदाउँदा गम्भीर दुर्घटना भयो। छोरा कोमामा गए। अस्पतालमा उनको उपचार चलिरहेको थियो। छोराको उपचारमा विमलले आफूले जम्मा गरेको सम्पूर्ण कालो धन खर्चिए। तर, पैसाले छोरालाई बचाउन सकेन। जुन पैसा उनले अरूको आँसु बगाएर जम्मा गरेका थिए, आज त्यही पैसाले उनको आफ्नो आँसु पुछ्न सकेन।

छोराको मृत्युपछि विमलको घर उजाडियो। पत्नी गम्भीर डिप्रेसनमा गइन्। विमललाई पनि हृदयाघात भयो। आलिसान महल खण्डहरमा परिणत भयो। साथीको अवस्थाबारे सुनेपछि राजेश उनलाई भेट्न अस्पताल पुगे। राजेशलाई देख्नासाथ विमलले रुँदै भने- मित्र, तिमी एकदमै सही थियौ। मैले विष संकलन गरेको रहेछु। त्यही विषले आज मेरो, घर, परिवार तहसनहस पारिदियो। मित्र, म मेरो छोराको हत्यारा हुँ। गलत बाटोबाट कमाएको सम्पत्तिले कसैलाई कहिल्यै सुख दिँदो रहेनछ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अझै केको लडाइँ हो ?

काग्रेसको पूर्वसंस्थापन समूहले सर्वोच्च अदालतको आदेश स्विकारे पनि पार्टीभित्र आन्तरिक राजनीतिक लडाइँ यथावत् रहेको बताएको समाचार पढियो। यतिखेर जीवनमरणको दोसाँधमा रहेको काग्रेसमा राजनीतिक लडाइँ यथावत् राखेर होइन, सबै तुष छाडेर एकताबद्ध हुनु जरुरी छ। अबका दिनमा काग्रेसको पुरानो संस्थापन समूहका नेताले पार्टीभित्र आफू पहिलेकै हैसियतमा फर्किने सपना देख्नु बेकार हो। अब काग्रेसको राजनीतिमा उनीहरूले सोचेजस्तो परिस्थिति छैन। पार्टीभित्र अब आमूल परिवर्तनविना काग्रेसले विगतमा गुमेको विरासत फर्काउन सक्दैन। पुरानो संस्थापन समूहका नेताहरूले यसतर्फ ध्यान पुऱ्याऊन्।

● **समृद्धि लिम्बू**, जगाते, भक्तपुर

राज्यले हेर्नुपर्दैन ?

'मृत्युपछि पनि मिलेन मुक्ति' शीर्षकको समाचार पढ्दा साह्रै दुःख लाग्यो। परिवारले चार लाख उपचार खर्च तिर्न नसक्दा मलेसियाको अस्पतालमा सप्तरीका मन्जय सदाको शव १० दिनदेखि बन्धक बनिरहेको समाचारले सायद जोकोहीलाई स्तब्ध बनाएको हुनुपर्छ। के यसरी मृत्युपछि पनि बन्धक बन्नुपर्ने नागरिकको अवस्थामा राज्यले भरथेग गर्नुपर्दैन ? के यस विषयमा उनलाई रोजगारीमा पठाउने म्यानपावर, बिमा कम्पनी या सरकार कसैको पनि कुनै जिम्मेवारी हुँदैन ?

● **बलराम यादव**, जलेश्वर, महोत्तरी

कति राम्रो काम !

काठमाडौंको असनमा शनिबार रैथाने स्वाद र संस्कृति पस्किने अभियान सुरु गरिएको समाचार पढ्दा खुसी लाग्यो। असनमा हरेक शनिबार सवारीसाधन प्रवेश निषेध गरी मौलिक परिकार र संस्कृतिको स्वाद पस्किन थालिनाले स्थानीय नागरिकले रोजगारी र आर्थिक उपार्जनको अवसर पाएका छन्। त्यसैगरी स्थानीय स्वाद, परिकार र संस्कृतिको प्रचारप्रसार पनि भएको छ। काठमाडौं महानगरले यस कार्यलाई आगामी दिनहरूमा पनि निरन्तरता दिने व्यवस्था गरियोस्।

● **सुमंगला प्रधान**, नयाँसडक, काठमाडौं

इन्धनको मूल्य बढी किन ?

पेट्रोलियम पदार्थमा नेपाल सरकारले लिँदै आएको करमा ५० प्रतिशत कम गरे पनि अझै आयल निगमले आफूलाई करोडौं घाटा छ भनिरहेको छ। के यो साँच्चिकै हो ? जनताले पैसा तिरेर तेल हालेका छन्, तैपनि निगम घाटामा जान्छचाहिँ कसरी ? पेट्रोलको मूल्य भारतमा १६०, पाकिस्तानमा १९४, अफगानिस्तानमा १४०, भुटानमा १५५, श्रीलंकामा १८७ छ भने नेपालमा २१९ रुपैयाँ छ। यस्तो किन भइरहेको छ, बुझ्न सकिएन। भारतमा १६० रुपैयाँ पर्ने तेल नेपाल आउँदा २१९ रुपैयाँ कसरी पर्छ ? पेट्रोलियम पदार्थको मूल्यवृद्धिलाई देखाएर व्यापारीले अहिले बजार भाउ मनलागी बढाएका छन्। एउटै सामानको भाउ पसलैपिच्छे फरक-फरक छ। यसलाई नियन्त्रण गर्नुपर्‍यो। साना व्यापारीले सानै तरिकाले बजार भाउ बढाएका छन् ठुलाले ठुलै तरिकाले। सम्बन्धित निकायले यस विषयमा अनुगमन तथा नियन्त्रण गर्नुपर्‍यो।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिले हरेक उपभोग्य वस्तुको भाउ बढेको छ। अहिले बजार भाउ ४० प्रतिशतभन्दा माथि बढेको छ। यसरी अचाक्ली बढेको सायद पहिलोपटक होला। सरकार, गरिब जनताबारे पनि केही सोच न ! यो देश गरिब जनताको पनि हो। उनीहरूले पनि मेरो सरकार भन्ने वातावरण बनाऊ न। हिजोको जस्तो जनता मरे मरून्, बाँचे बाचून् भन्ने हो भने फरकचाहिँ के भयो ? समृद्धि, भ्रष्टाचार नियन्त्रण र सुशासनको कुरा गरेर मात्र के गर्नु ? जनता भोकभोकै बस्नुपर्ने वेला आइसक्यो। यसतर्फ पनि ध्यान देऊ सरकार !

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

द्रुत 'ब्रिडर रिएक्टर'मार्फत भारतको आणविक छलाङ

विश्वमा रुससँग मात्र व्यावसायिक रूपमा प्रयोगमा ल्याउन सकिने 'ब्रिडर रिएक्टर छ, अब भारत यसमा दोस्रो हुनेछ



देश / विदेश

● प्रियंका शंकर

भारतको सबैभन्दा उन्नत आणविक रिएक्टर आत्मनिर्भर चरणमा पुगेको छ। यसलाई भारतको आणविक ऊर्जा कार्यक्रमको एक महत्त्वपूर्ण छलाङ बताइँदै छ। नयाँ विकसित प्रविधिले युरेनियममाथि निर्भरता घटाउन सघाउनेछ। गत अप्रिल ६ मा भारतले देशको दक्षिणी राज्य तमिलनाडुको कल्पक्कममा रहेको 'प्रोटोटाइप फास्ट ब्रिडर रिएक्टर (पिएफबिआर)'मा 'क्रिटिकालिटी'मा सफलता हासिल गऱ्यो। यो यस्तो चरण हो, जसपछि आणविक ऊर्जा उत्पादनका लागि अत्यावश्यक हुने 'आणविक चेन रियाक्सन' स्वचालित रूपमा चल्न थाल्छ।

हाल परीक्षणमा सफल भएको यो प्रविधि रिएक्टर पूर्ण रूपमा सञ्चालनमा आउन थालेपछि, भारत रुसपछि व्यावसायिक रूपमा 'द्रुत ब्रिडर रिएक्टर' भएको दोस्रो देश बन्नेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले यस सफलतालाई 'भारतका लागि गर्वको क्षण' र देशको आणविक कार्यक्रमलाई अगाडि बढाउन 'एक निर्णायक कदम'को संज्ञा दिए। अन्तर्राष्ट्रिय रूपमा पनि धेरैले यसलाई ठुलो सफलता मानेका छन्। आखिर द्रुत ब्रिडर रिएक्टर के हो र यसमा भएको यो प्रगति भारत र विश्वका लागि किन महत्त्वपूर्ण छ ?

५०० मेगावाट क्षमताको भारतको द्रुत ब्रिडर रिएक्टर 'इन्दिरा गान्धी आणविक अनुसन्धान केन्द्र (आरजिसिएआर)'ले डिजाइन र विकास गरेको हो। उसो त हाल विश्वका अधिकांश देशमा प्रयोगमा रहेको आणविक रिएक्टरलाई 'प्रेसराइज्ड हेभी वाटर रिएक्टर' भनिन्छ, जसले युरेनियमलाई आफ्नो इन्धनको रूपमा प्रयोग गर्छन्, जसमा अन्तिममा प्लुटोनियम बाँकी रहन्छ। द्रुत ब्रिडर रिएक्टरले यही अन्तिममा बाँकी रहने प्लुटोनियमलाई समेत इन्धनका रूपमा प्रयोग गर्दै स्वचालित आणविक प्रतिक्रियालाई गति दिन्छ। उसो त द्रुत ब्रिडर रिएक्टरमा पनि युरेनियमको प्रयोग हुन्छ, तर निकै थोरै परिणाममा।

कल्पक्कम रियक्टरको सफल परिक्षणपछि भारत सरकारले यस्ता रिएक्टरमार्फत 'भारतले देशमा रहेको थोरै युरेनियम भण्डारबाट पनि उल्लेख्य ऊर्जा निकाल्न सक्ने' प्रतिक्रिया दिएको थियो। तथापि, यस्ता रियाक्टरका केही समस्या पनि छन्। ब्रिटिस कोलम्बिया विश्वविद्यालयका निःशस्त्रीकरण, विश्वव्यापीकरण र मानव सुरक्षा विषयका प्राध्यापक एमभी रमनले यस प्रविधिबाट उत्पादन हुने बिजुली खर्चिलो हुने बताए। 'भारतमै पिएफबिआरको खर्च प्रारम्भिक अनुमानभन्दा दोब्बर बढी परेको छ। पिएफबिआरबाट उत्पादन हुने बिजुली सामान्य 'प्रेसराइज्ड हेभी वाटर रिएक्टर'ले उत्पादन गर्ने बिजुलीभन्दा ८० प्रतिशतभन्दा महँगो पर्ने देखिन्छ। यसले गर्दा यो प्रविधिबाट बन्ने बिजुली सौर्य ऊर्जासहित अन्य विकल्पभन्दा धेरै महँगो पर्नेछ,' रमनले भने।

तथापि, केही खर्चिलो परे पनि यस प्रविधिले आणविक इन्धनको भण्डारण उल्लेख्य रूपमा बढाइदिने बर्मिङ्घम विश्वविद्यालयका आणविक भौतिकशास्त्र र आणविक ऊर्जाका प्राध्यापक पल नर्मनले भने। 'परम्परागत आणविक रिएक्टरले युरेनियमको सानो हिस्सा मात्र प्रयोग गरेर धेरै हिस्सालाई प्रयोग गर्न नसकिने बनाउँथ्यो। यसमा त सुरुमा प्रयोग गरिएको युरेनियम प्लुटोनियम बन्छ र त्यो पनि इन्धनका रूपमा प्रयोग हुन्छ। यसले इन्धन सुरक्षा बढाउँछ,' नर्मनले भने।

'त्यसमाथि यस प्रविधिमा थोरै बदलाब गरियो भने



युरेनियमको साटो थोरियम पनि प्रयोग गर्न सकिन्छ। थोरियम पृथ्वीमा युरेनियमभन्दा धेरै बढी मात्रामा पाइने भएकाले आणविक इन्धनको मात्रामा थप ठुलो वृद्धि हासिल हुन्छ,' नर्मनले अर्थ्याए। विश्वमा, थोरियमको भण्डार युरेनियमको भण्डारभन्दा चार गुणा ठुलो रहेको छ। र भारतमा त थोरियम थप उल्लेख्य पाइन्छ। विश्वमा पाइने कुल युरेनियमको लगभग १-२ प्रतिशत मात्र भारतमा पाइन्छ। यसका आधारमा थोरियमको कुल भन्डारमध्ये २५ प्रतिशत भारतमै रहेको भन्न सकिन्छ।

भारत चीन र संयुक्त राज्य अमेरिकापछि विश्वको तेस्रो ठुलो ऊर्जा खपतकर्ता हो। विश्वको सबैभन्दा ठुलो जनसंख्या र द्रुत गतिमा बढ्दो अर्थतन्त्रका कारण भारतमा ऊर्जा खपत दिनानुदिन बढिरहेको छ। अमेरिका-इजरायलले इरानमाथिको युद्ध र इन्धनको मूल्यमा भएको वृद्धिले भारतजस्ता देशलाई जीवाश्म इन्धनमाथिको निर्भरताले जोखिम निम्त्याउने देखायो। हाल, भारतमा आणविक ऊर्जाले देशको कुल उर्जा उत्पादनको केवल ३ प्रतिशत मात्र हिस्सा ओगटेकामा सरकारले यसलाई नाटकीय रूपमा बढाउन चाहेको छ। सन् २०२४ मा आणविक संयन्त्रबाट भारतले ८,१८० मेगावाट बिजुली उत्पादन गरिरहेकामा सन् २०४७ सम्ममा एक लाख मेगावाट पुऱ्याउन चाहन्छ।

अमेरिका, फ्रान्स, बेलायत, जापान, चीन र रुसलगायत अन्य देशले फास्ट ब्रिडर रिएक्टर प्रविधिमा काम गरेका छन्। तर, अहिलेसम्म केवल रुससँग मात्र व्यावसायिक रूपमा प्रयोगमा ल्याउन सकिने ब्रिडर रिएक्टर छ। भारतले हाल परीक्षणमा सफलता पाएको प्रोटोटाइप रिएक्टरलाई व्यावसायिक आणविक-ऊर्जा-उत्पादनमा कार्यान्वयनमा ल्याउन सक्यो भने यसले अन्य देशलाई पनि सो प्रविधि हासिल गर्न प्रेरित गर्न सक्छ।


'भारतले आफ्नो ऊर्जा क्षेत्रमा अर्थपूर्ण प्रभाव पार्न चाहेको हो भने उसले आफ्नो आणविक ऊर्जा कार्यक्रमलाई छिटो-छिटो बढाउनु आवश्यक छ,' रमणले भने। अन्यथा, यस्तो लामो समय लाग्ने प्रविधिमा भन्दा अन्य नवीकरणीय ऊर्जामा बढी ध्यान दिनुपर्ने रमणको सुझाव छ।

(फ्रिलान्स पत्रकार शंकर प्रेस स्वतन्त्रता, मानव अधिकारबारे लेख्छिन्)
अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकी प्रतिनिधि वार्ताका लागि फेरि पाकिस्तान जाने

न्युयोर्क/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना प्रतिनिधि वार्ताका लागि पाकिस्तान फर्कने बताएका छन् । इरानसँगको दोस्रो चरणको वार्ताका लागि आफ्ना प्रतिनिधि पाकिस्तान फर्कन लागेको उनले बताएका हुन् । अन्तर्राष्ट्रिय रूपमा तेलप्रवाह हुने नाका हर्मुज जलमार्गलाई पुनः बन्द गरेको भोलिपल्ट ट्रम्पको भनाइ सार्वजनिक भएको हो । युद्धविराम अवधिभर हर्मुज नाका खुला गर्ने घोषणा गरेको २४ घण्टा नबित्दै इरानले पुनः बन्द गरेको थियो । त्यसलगत्तै इरानी सेनाले हर्मुजमा केही जहाजमाथि हमला गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका थिए ।



शनिबार हर्मुजको जलमार्गमा तेल बोकेका जहाजमाथि गोली चलाउनु युद्धविराम सम्झौताको उल्लंघन भएको ट्रम्पले बताएका छन् । इरानले पनि अमेरिकालाई आफ्नो नौसेना नाकाबन्दीमार्फत युद्धविराम सम्झौता उल्लंघन गरेको आरोप लगाएको थियो । इरानले भने आफ्नो उपस्थितिबारे केही पुष्टि गरेको छैन । ट्रम्पले सम्झौता नभएमा इरानी पावरप्लान्ट र पुलहरूमा आक्रमण गर्ने धम्की पनि दिएका छन् । दोस्रो चरणको वार्ताको मिति तय भएको छैन । वार्ताका लागि पाकिस्तानले भित्रभित्रै कूटनीतिक प्रयास तीव्र पारेको छ ।

युद्धविराम लम्ब्याउने तयारी

अमेरिका र इरान २२ अप्रिलमा समाप्त हुने युद्धविरामलाई थप विस्तार गर्न अप्रत्यक्ष वार्तामा रहेको विभिन्न स्रोतलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । पछिल्लो समय पाकिस्तानले अमेरिका-इरानबिच दोस्रो चरणको वार्ता सुरु गर्न कूटनीतिक सक्रियता बढाएको छ । रिपोर्टअनुसार दुवै पक्ष युद्धविराम लम्ब्याउने पक्षमा छन् । तथापि, इरानले अमेरिकासँगको अर्को चरणको वार्ता सुरु हुन लेबननामाथिको इजरायली आक्रमण अन्त्य हुनुपर्ने माग राख्दै आएको थियो । सो माग पनि बिहीबार इजरायल र लेबननबिच युद्धविरामसँगै पूरा भएको छ ।

पश्चिम बंगालमा ९० लाख मतदाताले गुमाउँदै छन् मतदानको अधिकार

पश्चिम बंगालमा ममता बनर्जीको पार्टी तृणमूल कंग्रेसले मतदाता नामावली संशोधन अभ्यासले भाजपालाई फाइदा पुऱ्याउन लार्खौं (विशेषगरी मुस्लिमहरूलाई) मताधिकारबाट वञ्चित गरेको आरोप लगाएको छ, जुन आरोप पार्टी र निर्वाचन आयोग दुवैले अस्वीकार गर्छन् । भारतीय सेनाका पूर्वप्राविधिक मुहम्मद दाउद अलीले हालै थाहा पाए कि उनी अब आफ्नो गृहराज्य पश्चिम बंगालमा मतदाता छैनन् । उनको राहदानी र सेवा रेकर्डसहित वैध कागजात भए पनि उनको र उनका तीन छोराछोरीको नाम मतदाता सूचीबाट हटाइएको थियो । सूचीमा उनकी श्रीमती मात्र छिन् । ६५ वर्षीय अली र उनका छोराछोरी ९० लाख मतदाताअन्तर्गत पर्छन् (पश्चिम बंगालको सात करोड ६० लाख मतदाताको लगभग १२ प्रतिशत), जसलाई विशेष गहन संशोधन अर्थात् एसआइआर अभ्यासको अंशको रूपमा २०२६ को सूचीबाट हटाइएको छ । यस पूर्वी भारतीय राज्यमा यस महिनाको अन्त्यमा नयाँ राज्य सरकार चयन गर्न मतदान हुँदै छ ।

यी ९० लाखमध्ये ६० लाखभन्दा बढीको नाम अनुपस्थित वा मृतक मतदाताको रूपमा हटाइएको छ भने अलीको परिवारसहित अन्य २७ लाखको मतदान अधिकार अदालतद्वारा निर्धारण गरिनेछ । अहिलेसम्म तेह्र राज्य र संघीय-प्रशासित क्षेत्र एसआइआर प्रक्रियाबाट गुज्रिसकेका छन्, तर पश्चिम बंगाल मात्र एक हो, जहाँ यसलाई विशेष निर्णयको अतिरिक्त तह लागू भएको छ ।

पश्चिम बंगालमा यही अप्रिल २३ देखि २६ सम्म विधानसभा निर्वाचन हुँदै छ । भारतको निर्वाचन आयोगले संशोधनको उद्देश्य दोहोरिएका वा पुराना प्रविष्टि हटाउनु र वास्तविक मतदाता थप्नु रहेको बताएको छ । तर, गत वर्ष विहार राज्यमा पहिलोपटक लागू भएदेखि नै यो अभ्यास विवादमा परेको छ र कानुनी चुनौतीको सामना गरिरहेको छ । पश्चिम बंगालमा यो विशेषगरी विवादास्पद बनेको छ, जहाँ सत्तारुढ तृणमूल कंग्रेस पार्टी (टिएमसी) निर्वाचन निकायसँग तितो विवादमा फसेको छ । प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारले संशोधन अभ्यासको उद्देश्य कुनै पनि योग्य मतदातालाई बहिष्कृत नगरी र कुनै पनि अयोग्य व्यक्तिलाई समावेश नगरी 'शुद्ध मतदाता नामावली' सुनिश्चित गर्नु रहेको बताएका छन् ।

प्रधानमन्त्री नरेन्द्र मोदीलगायत राजनीतिक नेताको टिप्पणीले तनाव बढाएको छ । सफाइ अभियान तथाकथित 'अवैध बंगलादेशी घुसपैठियार' पहिचान गर्ने उद्देश्यले गरिएको उनीहरूले चुनावी भाषणमा दाबी गरेका छन् । तर, तृणमूल कंग्रेसले मुस्लिमलाई निर्वाचनमा वञ्चित गर्न नयाँ अभ्यास गरिएको आरोप लगाएको छ । यद्यपि, धेरै हिन्दु मतदातालाई पनि सूचीबाट बाहिर राखिएको छ ।

भारतले बंगलादेशसँग चार हजार ९६ किलोमिटर (दुई हजार ५४५ माइल) लामो खुला र आंशिक रूपमा नदी किनारको सिमाना 'साझा' गर्छ र यसको एक महत्त्वपूर्ण भाग पश्चिम बंगाल हुँदै जान्छ । यसले राज्यमा बसाइँसराइ र मतदाता सूचीमाथिको बहसमा एक जटिल राजनीतिक जटिलता थपेको छ । २०११ को जनगणनाअनुसार पश्चिम बंगाल भारतको दोस्रो ठुलो मुस्लिम जनसंख्याको घर पनि हो । यहाँ देशको करिब १७ करोड २० लाख मुस्लिम (लगभग १४ प्रतिशत) बसोवास गर्छन् ।

सात करोडभन्दा बढी मतदाता भएको यो राज्यमा २०११ देखि मुख्यमन्त्री ममता बनर्जीको तृणमूल कंग्रेसले शासन गर्दै आएको छ, मोदीको भारतीय जनता पार्टी (भाजपा) यसको मुख्य प्रतिस्पर्धी हो । भारतको संसदीय



ममता बनर्जीको पार्टीले मतदाता नामावली संशोधन अभ्यासले भाजपालाई फाइदा पुऱ्याउन लार्खौं (विशेषगरी मुस्लिमलाई) नागरिकलाई मताधिकारबाट वञ्चित गरेको आरोप लगाएको छ, यद्यपि भाजपा र निर्वाचन आयोग दुवैले यसको खण्डन गरेका छन् ।

सिटमा भाजपा यहाँबाट चौथो ठुलो दल बनेको छ । २०२१ को विधानसभा चुनावमा भाजपाले राज्यको २९४ सिटमध्ये लगभग एकचौथाइ सिट जित्यो ।

ममता बनर्जीको पार्टीले मतदाता नामावली संशोधन अभ्यासले भाजपालाई फाइदा पुऱ्याउन लार्खौं (विशेषगरी मुस्लिमलाई) मताधिकारबाट वञ्चित गरेको आरोप लगाएको छ, यद्यपि भाजपा र निर्वाचन आयोग दुवैले यसको खण्डन गरेका छन् । बारम्बार कानुनी चुनौतीपछि, सर्वोच्च अदालतले निर्वाचन आयोगलाई मतदाता नामावली मेटाउने सम्बन्धमा सबै विवाद समाधान नगरी अप्रिलमा हुने चुनाव अगाडि बढाउन अनुमति दियो । फलस्वरूप, २७ लाख मतदाताको भाग्य अनिर्णीत छ ।

उनीहरूका मुद्दा विवादको केन्द्रबिन्दुमा छन् । यी मतदाताले २००२ को मतदाता नामावलीसँग जोड्ने गणना फारम पेस गरेका थिए, जसलाई व्यापक रूपमा अन्तिम 'स्वच्छ' सूचीको रूपमा लिइन्छ । तैपनि, मतदान प्यानलले उनीहरूको रेकर्डमा 'तार्किक विसंगति' भनिने कुरालाई मापदण्ड बनाउन नयाँ एआई-सञ्चालित प्रक्रिया प्रयोग गऱ्यो र उनीहरूलाई शंकास्पद मतदाताको रूपमा व्यवहार गऱ्यो । पछि पुनः प्रमाणीकरणका बाबजुद अलीजस्ता मानिसलाई बहिष्कृत गरियो ।

राजनीतिक दलद्वारा संकलित निर्वाचन क्षेत्रव्यापी तथ्यांकले दिएको सुझावअनुसार अलपत्र परेका २७ लाखमध्ये लगभग ६५ प्रतिशत मुस्लिम छन् । समग्रमा, हटाइएका ९० लाखमध्ये मुस्लिमहरूको संख्या ३१ लाख १० हजार छ (लगभग ३४ प्रतिशत) जुन २०११ को जनगणनाअनुसार पश्चिम बंगालको जनसंख्यामा उनीहरूको २७ प्रतिशत हिस्सा भन्दा बढी छ ।

यति ठुलो संख्यामा नाम मेटाइँदा त्रुटि, बहिष्करण जोखिम र वैध मतदाता निर्धारण गर्न प्रयोग गरिने मापदण्डमाथि चिन्ता बढेको छ । राजनीतिक वैज्ञानिक सिबाजी प्रतिमा बसुले भने, 'मतदाता अधिकार निलम्बित भएको भारतमा चुनाव भएको कुनै उदाहरण छैन ।' उनी भन्छन् कि २७ लाख मतदातालाई बाहिर राख्नु यस्तो 'बेतुका प्रस्ताव' हो । 'यो लोकतन्त्रका लागि लज्जास्पद कुरा हो,' उनले थपे । तर, संघीय मन्त्री तथा राज्यका भाजपा नेता सुकान्त मजुमदार राष्ट्रिय हितमा संशोधन अभ्यास आवश्यक भएको बताउँछन् । 'संविधानले भारतीय नागरिकले मात्र प्रधानमन्त्री र मुख्यमन्त्री छनोट गर्न सकिने अवस्था हुन सक्छ । त्यसैले, गैरनागरिकहरूलाई हटाउनु महत्त्वपूर्ण थियो,' उनको भनाइ उद्धृत गर्दै बिबिसीले जनाएको छ ।

-बिबिसी

इतिहासमा आज



सन् १९०२ : वैज्ञानिक दम्पती पियरे र म्यारी क्युरीले रेडियोधर्मी तत्त्व रेडियम पत्ता लगाए । सन् १९०३ मा फ्रान्सेली जोडीले आफ्नो अग्रगामी अनुसन्धानका लागि भौतिकशास्त्रमा नोवेल शान्ति पुरस्कार प्राप्त गरे ।

सन् १९५१ : पहिलोपटक शल्यक्रिया गरेर मानिसको अंग हटाइएको दिन । रोमानियाली शल्यचिकित्सक डान ग्याभ्रिल्युले पेटको एक भाग हटाएर खाना नलीलाई बाइपास गर्न प्रयोग गरे ।

सन् १९७८ : सोभियत वायुरक्षाले कोरियन एयरलाइन्सको जहाज ९०२ लाई खसालेको दिन ।

सन् १९८९ : जर्मन तानाशाह एडोल्फ हिटलरको जन्मदिन । सन् १८८९ मा अस्ट्रियाको ब्राउनाउमा जन्मिएका हिटलरको मृत्यु सन् १९४५ (५६ वर्षको उमेर)मा बर्लिनमा भएको थियो ।

सन् १९९९ : कोलम्बियाको विद्यालयमा भएको नरसंहारमा १५ जनाको मृत्यु । डेनभरको दक्षिणी क्षेत्रमा एउटा विद्यालयमा दुई किशोरले विद्यार्थी र शिक्षकमाथि अन्धाधुन्ध गोली चलाउँदा २४ जना घाइते भएका थिए ।

सन् २०१० : ट्रान्स ओसियनद्वारा सञ्चालित ब्रिटिस पेट्रोलियम (बिपी) प्लाटफर्म विस्फोट हुँदा ११ मजदुरको मृत्यु ।

नेपाल सरकार
भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
सर्लाही, मलंगवा
(मोही फाँट)

३५ दिने सार्वजनिक सूचना

मिति : ३०८३/०१/०७

श्री जि सर्लाही साविक गा.वि.स. सासापुर वडा नं. ७ हाल हरिवन न.पा. वडा नं. ३ मा बस्ने बृजलाल घिसिङको छोरी रिना कुमारी घिसिङलाई हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्वन्धमा साविक जि.स. गा.वि.स. सासापुर वडा नं. ६ हाल जि.सर्लाही हरिवन गा.पा./न.पा. वडा नं. ३ मा बस्ने स्व. झगडे कामीको नातिनी बुहारी स्व. चतुरमान कामीको छोरा बुहारी चन्द्र बहादुर कामीको श्रीमती बेली कुमारी रसाइली कामीले तपाइ उपर दिनु भएको मि.न. २२०९ को मोही नामसारी र मि. न. २९६९ को जग्गा बाँडफाँड मुद्दामा यस कार्यालयवाट जारी भएको १५ दिने सूचना तपाइको ठेगानामा पटक पटक गइ प्रतिवादी तपाइले म्याद बुझन इन्कार गर्नु भएको तथा सो म्यादमा वडा अध्यक्ष र वडा सदस्य समेतले रोहवरमा वसी सही गर्न इन्कार गरेको यस कार्यालयका कार्यालय सहयोगी राम विश्वास यादवले मिति २०८२/११/११ मा म्याद फिर्ताको प्रतिवेदन दिएकोले यस कार्यालयको मिति २०८२/१२/११ को आदेशानुसार ३५ दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु भनि आदेश भएकोले तपाइ प्रतिवादी रिना कुमारी घिसिङका नाममा मोही नामसारी तथा बाँडफाँड गरी पाउँ भन्ने निवेदनमा मिति २०८२/१२/११ आदेश बमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफू वा ऐन वमोजिमको बारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही नामसारी तथा जग्गा बाँडफाँड मुद्दामा कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर वाजुर लाग्ने छैन ।

नेपाल सरकार
भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
सर्लाही, मलंगवा
(मोही फाँट)

३५ दिने सार्वजनिक सूचना

मिति : ३०८३/०१/०७

श्री जि सर्लाही साविक गा.वि.स. सासापुर वडा नं. ६ हाल हरिवन न.पा. वडा नं. ३ मा बस्ने विलास महतोको छोरा रामजी महतोलाई हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्वन्धमा साविक जि.स. गा. वि. स.सासापुर वडा नं. ६ हाल जि. सर्लाही हरिवन गा.पा./न.पा. वडा नं. ३ मा बस्ने स्व. झगडे कामीको नातिनी बुहारी स्व. चतुरमान कामीको छोरा बुहारी चन्द्र बहादुर कामीको श्रीमती बेली कुमारी रसाइली कामीले तपाइ उपर दिनु भएको मि.न. २२११ को मोही नामसारी र मि.न. २१६६ को जग्गा बाँडफाँड मुद्दामा यस कार्यालयवाट जारी भएको १५ दिने सूचना तपाइको ठेगानामा पटक पटक गइ प्रतिवादी तपाइ ले म्याद बुझन इन्कार गर्नु भएको तथा सो म्यादमा वडा अध्यक्ष र वडा सदस्य समेतले रोहवरमा बसी सही गर्न इन्कार गरेको यस कार्यालयका कार्यालय सहयोगी राम विश्वास यादवले मिति २०८२/११/११ मा म्याद फिर्ताको प्रतिवेदन दिएकोले यस कार्यालयको मिति २०८२/१२/११ को आदेशानुसार ३५ दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु भनि आदेश भएकोले तपाइ प्रतिवादी रामजी महतोका नाममा मोही नामसारी तथा बाँडफाँड गरी पाउं भन्ने निवेदनमा मिति २०८२/१२/११ आदेश वमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफू वा ऐन वमोजिमको बारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन वमोजिम मोही नामसारी तथा जग्गा बाँडफाँड मुद्दामा कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर वाजुर लाग्ने छैन ।

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/०७ गते

यस माछापुच्छे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्वन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाईसौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी/संचालक/प्रोप्राइटर तथा सम्वद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी/संचालक/प्रोप्राइटर तथा सम्वद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ ।

तपसिल

शाखा कार्यालय : चन्द्रगढी

ऋणीको नाम, ठेगाना

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा साझेदारी ऐन, २०२० बमोजिम दर्ता कायम रहेको **होटल शिवांश गार्डेन** ।

दर्ता नं. ५५/३००/९८८५, दर्ता मिति : २०७५/१०/१५, पान नं. : ६०९१४९१५५, दर्ता मिति : २०७५/१०/१५

ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ३, **साझदारीहरु : रक्षा कोईराला र श्रुति अधिकारी न्यौपाने**

व्यक्तिगत जमानतकर्ताहरु

१. मनोज न्यौपाने	**२. डिल्ली रमण न्यौपाने**
ना.प्र.नं. ११८०५५४१, जि.प्र.का. झापा	ना.प्र.नं. ११८०२६१०, जि.प्र.का. झापा
जारी मिति : २०६०/१२/१७	जारी मिति : २०५४/१०/२२
बाबु : विष्णु प्रसाद न्यौपाने, बाजे : ईश्वरी प्रसाद न्यौपाने	बाबु : विष्णु प्रसाद न्यौपाने
ठेगाना : झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ८	बाजे : ईश्वरी प्रसाद न्यौपाने
हाल : झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १०	ठेगाना : झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १०
३. रक्षा कोईराला	**४. श्रुति अधिकारी न्यौपाने**
ना.प्र.नं. २०२०१०१३/८४, जि.प्र.का. सिन्धुली	ना.प्र.नं. १६०३३५८३६, जि.प्र.का. झापा
जारी मिति : २०६७/०७/१५	जारी मिति : २०६३/०८/१४
पति : मनोज न्यौपाने, ससुरा : विष्णु प्रसाद न्यौपाने	पति : डिल्ली रमण न्यौपाने
ठेगाना : सिन्धुली जिल्ला, बासेश्वर वडा नं. ३	ससुरा : विष्णु प्रसाद न्यौपाने
हाल : झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १०	ठेगाना : झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १०
५. शिव कुमारी न्यौपाने	
ना.प्र.नं. १८६०९१०३, जि.प्र.का. झापा, जारी मिति : २०३३/०४/२९	
पति : विष्णु प्रसाद न्यौपाने, ससुरा : ईश्वरी प्रसाद न्यौपाने	
ठेगाना : झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १०	

धितोमा रहेको सम्पत्तिको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा साझेदारी ऐन, २०२० बमोजिम दर्ता कायम रहेको होटल शिवांश गार्डेनको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चन्द्रगढी वडा नं. ६ स्थित कि.नं. ९३७६ र ९३७७ को क्षेत्रफल क्रमशः ०-३-०-० (विगाहा) र ०-३-०.५-० (विगाहा) बमोजिमको घरजग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापातहरु समेत ।

२. विष्णु प्रसाद न्यौपानेको बुहारी, डिल्लीरमण न्यौपानेको पत्नी, झापा जिल्ला, भद्रपुर गा.वि.स./उ.म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल भद्रपुर न.पा. वडा नं. १० बस्ने श्रुती अधिकारी न्यौपानेको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चन्द्रगढी वडा नं. ६ स्थित कि.नं. ८९१८, ३२७८, ९३३९, ९३४१ र ९४८९ को क्षेत्रफल क्रमशः ०-२-५.७५ (विगाहा), ०-४-० (विगाहा), ०-०-१४ (विगाहा), ०-१-१ (विगाहा) र ०-२-११ (विगाहा) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापातहरु समेत ।

शाखा कार्यालय : गोलबजार

ऋणीको नाम, ठेगाना

उमेश कुमार साह

ना.प्र.नं. २३४/४०८११, जि.प्र.का. सिराहा, जारी मिति : २०५९/०८/०८

बाबु : सुसिल प्रसाद साह, बाजे : बद्री प्रसाद साह

ठेगाना : सिराहा जिल्ला, मलहनीयाखोरी गा.वि.स. वडा नं. ३ हाल : सिराहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. १०

व्यक्तिगत जमानतकर्ताहरु

१. उमेश कुमार साह	**२. बबिता कुमारी साह**
ना.प्र.नं. २३४/४०८११, जि.प्र.का. सिराहा	ना.प्र.नं. १५१०९५/८९०१, जि.प्र.का. सिराहा
जारी मिति : २०५९/०८/०८	जारी मिति : २०६७/१०/१३
बाबु : सुसिल प्रसाद साह	बाबु : हरि नारायण साह
बाजे : बद्री प्रसाद साह	पति : उमेश कुमार साह, ससुरा : शुसिल प्रसाद साह
ठेगाना : सिराहा जिल्ला, मलहनीयाखोरी गा.वि.स. वडा नं. ३	ठेगाना : सिराहा जिल्ला, मलहनीयाखोरी गा.वि.स. वडा नं. ३
हाल : सिराहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. १०	हाल : सिराहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. १०

धितोमा रहेको सम्पतिको विवरण

बद्री प्रसाद साहको नाति, शुसील प्रसाद साहको छोरा, सिराहा जिल्ला, मलहनीयाखोरी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. १० बस्ने उमेश कुमार साहा....१ तथा हरि नारायण साहको छोरी, शुसिल प्रसाद साहको बुहारी, उमेश कुमार साहको पत्नी, सिराहा जिल्ला, मलहनीयाखोरी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. १० बस्ने बबिता कुमारी साह....२ को संयुक्त नाममा मालपोत कार्यालय सिराहामा दर्ता कायम भएको सिराहा जिल्ला, कर्जना गा.वि.स. वडा नं. ४ ग स्थित कि.नं. ३१८७ को क्षेत्रफल ०-२-१ (वि.क.धु.) बमोजिमको घरजग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	**बोलपत्र खोलिने मिति, समय र स्थान :**
२०८३/०१/२८ सोमवार १२:०० बजे सम्म	२०८३/०१/२८ सोमवार दिनको ३:३० बजे
सम्बन्धित शाखा कार्यालय	सम्बन्धित शाखा कार्यालय

माछापुच्छे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

सरकारी कर्मचारीलाई अब १५ दिनमा तलब



● **डा. घनश्याम उपाध्याय**, अर्थसचिव

हप्ता-हप्तामा तलब-भत्ता दिने अन्तर्राष्ट्रिय अभ्यास पनि छन्। खासगरी सार्वजनिक वित्तमा पर्ने चापलाई कम गर्न यस्तो गर्ने प्रचलन छ। नेपालमा भने यो नौलो अभ्यास हो। सुरुवातमा राष्ट्रसेवक कर्मचारीबाट यसको पाइलटिङ गर्न खोजिएको हो। क्रमशः सबै कर्मचारीहरूमा कार्यान्वयन गर्दै लैजाने तयारी छ।

नयाँ पत्रिका

अब सरकारी कर्मचारीले प्रत्येक १५ दिनमा तलब-भत्ता पाउने भएका छन्। ४ वैशाखमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेबाट भएको निर्णयका आधारमा अर्धमासिक रूपमा तलब भुक्तानी गर्ने व्यवस्था मिलाइएको अर्थसचिव डा. घनश्याम उपाध्यायले बताए। उनले भने, 'हप्ता-हप्तामा तलब-भत्ता दिने अन्तर्राष्ट्रिय अभ्यास पनि छन्। खासगरी सार्वजनिक वित्तमा पर्ने चापलाई कम गर्न यस्तो गर्ने प्रचलन छ। नेपालमा भने यो नौलो अभ्यास हो। सुरुवातमा राष्ट्रसेवक कर्मचारीबाट यसको पाइलटिङ गर्न खोजिएको हो। क्रमशः सबै कर्मचारीमा कार्यान्वयन गर्दै लैजाने तयार छौं। अबको एक-दुई दिनमै प्रणाली अद्यावधिक गर्छौं। यो तत्काल कार्यान्वयन गर्न सकिन्छ,' उनले भने, 'तलब खुलाउने निकायले खर्च लेखन दिन सकेको अवस्थामा वैशाखको पहिलो पाक्षिकमै यो कार्यान्वयन हुन्छ।'

यो राष्ट्रसेवक कर्मचारीका लागि मात्रै भएको निर्णय हो। शिक्षक, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीको हकमा भने तत्काल लागू हुनेछैन। 'पत्र पूर्ण रूपमा अध्ययन गर्न पाएको छैन। अहिले राष्ट्रसेवक कर्मचारीका लागि मात्रै यस्तो व्यवस्था हुने भनिएको छ,' उनले भने, 'तर, क्रमशः शिक्षक, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीको हकमा पनि यो लागू हुन्छ। यो तयारी छ।' महालेखा नियन्त्रकको कार्यालयलाई यसको प्रबन्ध मिलाउन अर्थ मन्त्रालयले पत्राचार गरेको अर्थसचिव डा. घनश्याम उपाध्यायले जानकारी दिए। महालेखा नियन्त्रक शोभाकान्त पौडेलले यो निर्णय कार्यान्वयन गर्न सकिने बताए। 'हामी सरकारको निर्णय पूर्ण रूपमा कार्यान्वयन गर्न व्यवस्था निजी क्षेत्रमा पनि लागू हुन आवश्यक छ।'

मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले यो नीतिले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने बताए। 'कर्मचारीलाई तरलता र खर्च व्यवस्थापनमा सहज हुनेछ। सम्भवतः अब कर्मचारीलाई उदारो खानुपर्ने बाध्यता हुँदैन,' उनले भने।



साढे पाँच अर्बमा सम्झौता भएको तामाकोशी–५ को ठेक्का दुई सातामै विवादमा

फर्जी कागज बुझाएको चिनियाँ कम्पनीलाई मिलेमतोमा ठेक्का दिएको दाबी गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पर्‍यो उजुरी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सम्झौता गरेको दुई सातामै तामाकोशी-५ जलविद्युत् आयोजनाको इलेक्ट्रो मेकानिकल इक्युपमेन्ट तथा प्रसारणलाइन आपूर्ति तथा जडानसम्बन्धी ठेक्का विवादमा परेको छ। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी 'तामाकोशी जलविद्युत् कम्पनी लिमिटेड'ले दोलखामा ९९.८ मेगावाटको तामाकोशी-५ आयोजना बनाउँदै छ।


त्यसमा इलेक्ट्रो मेकानिकल इक्युपमेन्ट तथा प्रसारणलाइन आपूर्ति तथा जडानका लागि गत २५ चैत (८ मार्च)मा चीनको हाङझाउ जियाङ्हे हाइड्रोइलेक्ट्रिक साइन्स एन्ड टेक्नोलोजी कम्पनी लिमिटेड (एचजेएचई)सँग ठेक्का सम्झौता भएको थियो। तर, ठेक्का सम्झौताका लागि उक्त कम्पनीको योग्यता नपुगेको भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयमा उजुरी परेको छ। कानुनी प्रक्रिया, कार्यविधि, मापदण्डविपरीत ठेक्का सम्झौता गरिएको भन्दै उजुरी परेको हो।

डलरमा दुई करोड ८५ लाख ६४ हजार नौ सय ४६ डलर (आइतबारको विनिमय दरअनुसार चार अर्ब २५ करोड ५८ लाख ९१ हजार) र नेपाली रुपैयाँमा एक अर्ब २० करोड ८३ लाख ६० हजारमा ठेक्का सम्झौता गरिएको छ। यसरी ठेक्काको कुल रकम पाँच अर्ब ४६ करोड ४२ लाख ५१ हजार रुपैयाँ हुने देखिन्छ।

परियोजनाले यो कामका लागि २७ कात्तिक ०८२ अर्थात् १३ नोभेम्बर ०२५ मा बोलपत्र आह्वान गरेको थियो। त्यसमा तीनवटा अन्तर्राष्ट्रिय कम्पनीले एचआरपिई-जेटओइसी जेभी (चाइना), एचजेएचई (चाइना) र सिडब्लुसिडब्लू जेभी (चाइना)ले प्रस्ताव पेस गरेका थिए। ती कम्पनीहरूबाट एचजेएचई (चाइना)ले ठेक्का पाएको हो। तर, उक्त कम्पनीले फर्जी कागजपत्र पेस गरेको र सोही कागजपत्रका आधारमा ठेक्का दिइएको भन्दै छानबिन गर्न मागसहित ४ वैशाखमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा उजुरी दर्ता भएको छ। दर्ता नम्बर ५५१६ रहेको छ।

उजुरीपत्रमा उक्त कम्पनीको मापदण्ड नै नपुगेको दाबी गरिएको छ। वित्तीय प्रस्ताव नखोल्दै उजुरी दिएको भए पनि त्यसलाई बेवास्ता गरेर हतार-हतार वित्तीय प्रस्ताव खोली ठेक्का सम्झौता गरिएको दाबी गरिएको छ। प्राविधिक रूपमा उत्तीर्ण हुन कम्पनीले विगत १० वर्षमा दुई करोड ३४ लाख ५० हजार डलरबराबरको इलेक्ट्रो मेकानिकल (डिजाइन, उत्पादन, आपूर्ति, जडान)सम्बन्धी काम गरेको हुनुपर्ने सर्त छ। तर, एचजेएचईले टर्बाइन मात्रै उत्पादन गर्ने काम गरेको भन्दै उजुरी परेको छ। एचजेएचईले टर्कीमा काम गरेको भनेर पेस गरेको प्रमाण फर्जी भएको दाबी गरिएको छ।

यस्तै, कम्पनीले पछिल्लो १० वर्षमा दुई आयोजनामा २५ मेगावाट वा



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं.: ५५१६
मिति: २०८३।१।४

सम्माननिय प्रधानमन्त्री ज्यू,
श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय,
सिंहदरबार, काठमाडौं।

विषयः ठेक्का प्रक्रिया छानबिन गरी आवश्यक कारवाही गरिपाऊँ।

महोदय,

उपरोक्त सम्बन्धमा देहायको योजनामा भएको हिनामिना, कानुनी प्रकृया र कार्यविधि विपरितको कार्य गरि ठेक्का सम्झौता भई ठेक्का दिईएको बारे विवरण गेहास बमोजिम छन्;

2. **जलविधुत आयोजना आयोजनाको नामः** तामाकोशी-५ जलविधुत आयोजना

निकायः नेपाल विधुत प्राधिकरण(तामाकोशी जलविधुत कम्पनी लि)

ठेक्काको नामः Contract 2: Electro mechanical Equipment and Transmission Line Work For Tamakoshi V Hydroelectric Project

ठेक्का संकेतः TKJVC/TKV/082-83/ICB/DB-01

3. **सम्बन्धित व्यक्तिः**

5. श्रीराम कुमार यादव- प्रबन्ध सञ्चालक, तामाकोशी-५ जलविधुत कम्पनी लिमिटेड
6. टेन्डर मुल्याङ्कन समिति, तामाकोशी-५ जलविधुत कम्पनी लिमिटेड
7. लक्ष्मी सनसाइरज बैंक, केन्द्रीय कार्यालय, हातीसार, नेपाल
8. Hangzhou Jianghe Hydroelectric Science and Technology Co. Ltd(China), HJHE(China)

त्योभन्दा बढी क्षमताको फ्रान्सिस टर्बाइन बनाउने काम गरेको हुनुपर्ने सर्त छ। त्यसमा कम्तीमा एउटा आयोजना कम्पनीले आफ्नो देशबाहिर सम्पन्न गरेको हुनुपर्ने उल्लेख छ। तर, ठेक्काप्राप्त कम्पनी एचजेएचईले देशभन्दा बाहिर यस्तो काम नगरेको दाबीसहित उजुरी परेको छ।

एचजेएचईले भियतनाममा हुओङ डियन (सियाङ डियन) जलविद्युत् स्टेसन बनाएको भनेर कागज पेस गरेको छ। तर, त्यो परियोजना चाइना नेसनल इलेक्ट्रिक इन्जिनियरिङ लिमिटेडले बनाएको भनेर दाबी पेस गरिएको छ। यसको प्रमाण चाइना नेसनल इलेक्ट्रिक इन्जिनियरिङ लिमिटेडको वेबसाइटमा समेत उपलब्ध भएको उजुरीपत्रमा उल्लेख छ।

'हुओङ डियन आयोजना सन् २०१३ मा सञ्चालनमा आएको भए तापनि एचजेएचईले किर्ते गरी फर्जी कागजात तयार गरी उक्त आयोजनालाई २०१७ मा सञ्चालनमा भएको भनी प्रस्तुत गरेको झुटा विवरण पेस गरेको प्रस्ट हुन्छ। आधिकारिक सरकारी स्रोत र जानकारीसँग अमिल्दो किर्ते काज पेस गर्दा पनि एचजेएचईलाई प्रविधिक मूल्यांकनमै अयोग्य तथा किर्ते कागज पेस गरेको अभियोगमा कारबाही नगरी टेन्डर दिलाउनुमा तामाकोशी-५ जलविद्युत् कम्पनी लिमिटेडको (नेपाल विद्युत् प्राधिकरणको) गलत मनसाय तथा संलग्नता देखिन्छ,' प्रधानमन्त्री कार्यालयमा दर्ता गरेको उजुरीमा भनिएको छ।

यस्तै, प्राविधिक रूपमा उत्तीर्ण हुन वार्षिक दुई करोड १४ लाख डलरबराबरको कारोबार भएको हुनुपर्छ। तर, ठेक्काप्राप्त एचजेएचईको वार्षिक कारोबार औसतमा एक करोड ८० लाख डलर मात्रै भएको दाबी गरिएको छ। यसैगरी, यसमा १६ करोड रुपैयाँबराबरको बैंक ग्यारेन्टी राख्नुपर्ने हुन्छ। तर, बैंक ग्यारेन्टीमा पनि प्रक्रिया नमिलेको भन्दै छानबिन गर्न माग गरिएको छ। यसमा लक्ष्मी सन्‌राइज बैंकले जमानत दिएको छ। ठेकेदार कम्पनीको काउन्टर ग्यारेन्टीविना लक्ष्मी सन्‌राइज बैंकले जमानत दिएको उजुरीमा उल्लेख छ।

यस्तै, ठेक्का मूल्यांकनका क्रममा आयोजनाले आफ्नो परामर्शदातालाई पनि समावेश नगरेको दाबी गरिएको छ। 'मूल्यांकनका क्रममा आधिकारिक परामर्शदातालाई समावेश नगर्नुले तामाकोशी-५ का कर्मचारीको बदनियत प्रस्ट हुने हुँदा सम्बन्धित परामर्शदाताको असंलग्नताबारे धारणा लिन र आवश्यकतानुसार छानबिन हुन आवश्यक छ। तामाकोशी जलविद्युत् आयोजना र परामर्शदाताबिचको सम्झौताअनुरूप मूल्यांकन प्रक्रियामा अनिवार्य रूपले परामर्शदातालाई संलग्न गराउनुपर्नेमा उक्त कार्य नगरेकाले पनि मूल्यांकन समिति र एचजेएचईको मिलेमतो प्रस्ट हुन्छ,' उजुरीमा भनिएको छ।

यस्तै, सम्झौता हस्ताक्षरपछि सम्भावित उजुरी र छानबिनको कार्य छल्नका लागि सम्पूर्ण मूल्यांकन समिति नै सम्पर्कविहीन भई विदेश भ्रमणमा गएको बताइएको छ। 'सार्वजनिक खरिद ऐनबमोजिम उजुरीकर्ताले बोलपत्रदाताको पुनरावलोकनसम्बन्धी अधिकारलाई कुण्ठित गरी फर्जी कागजातहरू अध्ययन-अनुसन्धान नगरी तथा बोलपत्रको प्राविधिक प्रस्ताव पुनरावलोकन नगरी मिलेमतोमा बोलपत्रको आर्थिक प्रस्ताव खोली हतार-हतारमा अवैध तवरले नेपाली बैंकबाट जारी गरिएको ५४ करोडको कार्यसम्पादन जमानतपत्रका आधारमा ठेक्का सम्झौता गरिएको र ठेक्का सम्झौता गर्नासाथ मूल्यांकन समितिको आधाभन्दा बढी सदस्यसहित भारत भ्रमणमा बिदा लिई जानुले मिलेमतोमा भ्रष्टाचार गरी योग्य कम्पनीलाई पन्छाई फर्जी कम्पनीलाई ठेक्का दिएको कार्य छानबिन गरी कार्यालय प्रमुखलगायत दोषीलाई हदैसम्मको कारबाही गर्न तथा प्रभावमा परी अनियमित तरिकाले कार्यसम्पादान जमानत जारी गर्ने लक्ष्मी सन्‌राइज बैंक लिमिटेडलाई समेत कारबाही गरी हदैसम्मको सजायका लागि आवश्यक कारबाही गरिदिनुहुन अनुरोध गर्दछु,' उजुरीपत्रमा भनिएको छ।

यो ठेक्कामा प्राधिकरणको उच्च नेतृत्वको चलखेल भएको स्रोतको दाबी छ। अहिले परियोजनाको अध्यक्षमा प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य र प्रमुखमा श्रीरामकुमार यादव रहेका छन्।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सनः २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नतिर्नु नबुझाउनु भई ऋणीले बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	**१) ऋणीः असिस कुमार** स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, बाबु : फुर्तिलाल कलवार, बाजे : श्रीलाल साह कलवार **तथा** **लक्ष्मीना देवी गुप्ता कलवार** स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, बाबु : नगिना साह कलवार, ससुरा : श्रीलाल साह कलवार, पति : फुर्तिलाल कलवार
	२) ऋणी फर्म : आशिष ट्रेड कन्सर्न, प्रोप्राईटर तथा जमानीकर्ताः असिस कुमार **दर्ता नं.:** वाणिज्य कार्यालय वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३२६३६/०७१/७२, **दर्ता मिति** २०७१/०७/०३, **ठेगानाः** जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. १४
	जमानीकर्ताहरु : १) असिस कुमार २) लक्ष्मीना देवी गुप्ता कलवार
	३) ऋणीः असिस कुमार स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, श्रीपुर, बाबु : फुर्तिलाल कलवार, बाजे : श्रीलाल साह कलवार
	जमानीकर्ताः लक्ष्मीना देवी गुप्ता कलवार
	धितोको विवरण
	१) नगिना साह कलवारकी छोरी, फुर्तिलाल कलवारकी पत्नी, पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६ बस्ने **लक्ष्मीना देवी गुप्ता कलवार**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. २२९, १६९ र २४३ को क्षेत्रफल क्रमशः ३३८.६३, ४३०.२० र ३७०.२३ (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । २) **आशिष ट्रेड कन्सर्न**को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोटः ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राइटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचनाः

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आँफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आँफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आँफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आँफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

कपिलवस्तुमा डेढ लाख मेट्रिकटन गहुँ उत्पादन हुने

कपिलवस्तु/ जिल्लाकै प्रमुख दोस्रो बालीका रूपमा रहेको गहुँ उत्पादनमा यस वर्ष उल्लेखनीय वृद्धि हुने अनुमान गरिएको छ। कृषि ज्ञानकेन्द्रका अनुसार गत वर्षको तुलनामा करिब सात हजार एक सय ९४ मेट्रिकटनले उत्पादन बढ्ने देखिएको केन्द्रले जनाएको छ। यस वर्ष जिल्लाभर ४२ हजार ६ सय १८ हेक्टर क्षेत्रफलमा गहुँ खेती गरिएको छ। सो क्षेत्रफलबाट करिब एक लाख ४९ हजार एक सय ६३ मेट्रिकटन उत्पादन हुने अनुमान छ। औसत उत्पादकत्व प्रतिहेक्टर करिब साढे तीन मेट्रिकटन रहेको जनाइएको छ।

मलको अभावका बाबजुद पनि अनुकूल मौसम, उन्नत जातका बिउको प्रयोग तथा सिँचाइ व्यवस्थापनका कारण उत्पादनमा वृद्धि भएको केन्द्रले जनाएको छ। केन्द्रका प्रमुख घनश्याम चौधरीले यस वर्षको उत्पादन बढ्ने बताए। 'यस वर्ष मौसम अपेक्षाकृत अनुकूल रह्यो। पर्याप्त वर्षा नभए पनि कृषकले आफ्नै पहलमा सिँचाइ व्यवस्थापन गरे,' चौधरीले भने, 'रोग तथा किराको प्रकोप पनि न्यून रह्यो, जसका कारण उत्पादनमा उल्लेखनीय वृद्धि हुने देखिएको छ।' उनले पालिकासँग समन्वय गरेर तथ्यांक संकलन गरिरहेको पनि बताए। चौधरीका अनुसार जिल्लामा कम्तीमा सात हजार मेट्रिकटनभन्दा बढीले गहुँ उत्पादन वृद्धि हुने निश्चितजस्तै देखिएको छ। जिल्ला कृषक महासंघका अध्यक्ष नन्दकिशोर उपाध्यायले मल अभावका बिच पनि उत्पादन वृद्धि हुनु सकारात्मक संकेत भएको बताए।

जिल्लाका पकडी, तौलिहवा, महाराजगन्ज, कोपवा, गजेहडा र गोटिहवालगायत क्षेत्रमा गहुँ उत्पादन बढी हुने गरेको छ। यस वर्ष विजया, एनएल-९७१, भृकुटी, एचडी-३४३, गौतमलगायत उन्नत जातका बिउ प्रयोग गरिएको बताएको छ। कृषकहरूको मिहिनेत, प्रविधिको प्रयोग र अनुकूल मौसमको संयोजनले यस वर्ष कपिलवस्तुलाई गहुँ उत्पादनमा अझ सशक्त बनाएको चौधरीले बताए।

भूल सुधार

मिति २०८३/०१/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचनामा शाखा कार्यालय चौराहा धनगढी, कैलालीको ऋणीको धितोमा रहेको सम्पत्तिको विवरणमा विवरण नं. १ प्रकाशित नहुनु पर्नेमा भएकोले यसै सूचनाद्वारा भूलसुधार गरिएको छ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

गण्डकीका यातायात व्यवसायी आफैँले बढाए ३०% भाडा

कास्कीमा **रोहितराज पराजुली**

इन्धनमा भएको मूल्यवृद्धिपछि प्रदेश सरकारले सार्वजनिक सवारीसाधनको भाडा समायोजन नगरिदिएको भन्दै गण्डकीका यातायात व्यवसायी आफैँले भाडा वृद्धि गरेका छन्। गण्डकी प्रदेशभित्र लामो तथा छोटो दूरीमा सञ्चालन हुने यातायातको भाडा समायोजनका लागि व्यवसायीले मुख्यमन्त्री, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्रीसँगै सचिवहरूलाई आग्रह गर्दा पनि कुनै वास्ता नगरेको व्यवसायीको गुनासो छ। प्रदेश सरकारको तर्फबाट कुनै जवाफ नपाएपछि एक साताअघिदेखि व्यवसायीले आ-आफ्नो रुटको भाडा आफैँ निर्णय गरेर ३० प्रतिशतको हाराहारीमा वृद्धि गरेर सोहीअनुसार भाडा लिँदै आएका छन्। तर, व्यवसायीले आफैँ भाडा बढाएको विषयमा प्रदेश सरकारले कुनै अनुगमन पनि गरेको छैन। प्रदेशको मौन समर्थन पनि व्यवसायी आफैँले भाडा तोकेर सार्वजनिक सवारीसाधन सञ्चालन गरिरहेका छन्।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव कमलकुमार अधिकारीलाई सम्पर्क गर्दा भाडा समायोजन गर्ने प्रक्रिया अन्तिम चरणका पुगेको बताए। तयारी सबै भएको थियो, तर मुख्यमन्त्री बाहिर भएकाले यस सम्बन्धमा निर्णय हुन नसकेको उनले बताए। अबको दुई-तीन दिनभित्र प्रदेशले भाडा समायोजनको निर्णय गर्ने सचिव अधिकारीको भनाइ छ। तर, व्यवसायीले आफैँ भाडा वृद्धि गरेर यात्रुसँग बढी रकम लिन नपाउने उनको भनाइ छ। यस सम्बन्धमा प्रदेश सरकार र मन्त्रालयलाई कुनै जानकारी नभएको उनले बताए। तर, भाडा बढेको विषयमा अनुगमन नभएको उनले स्वीकार गरे। उनले भने, 'प्रदेश सरकारले निर्णय नगरी व्यवसायीले आफूखुसी भाडा बढाउन पाइँदैन, यदि बढाएको भए त्यो नियमविपरीत रहेको र लिन पाउँदैन।'

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकी प्रदेशका संयोजक केदार पौडेलले हालको अवस्थामा न्यूनतम ३० प्रतिशत भाडा बढ्नुपर्ने बताए। अन्य सबै प्रदेशमा प्रदेश सरकारले भाडा समायोजनको निर्णय गरिसकेको अवस्थामा गण्डकी मात्र बाँकी रहेको उनको भनाइ छ। 'हामीले भाडा समायोजनका लागि पटक-पटक मुख्यमन्त्रीसँगै यातायातमन्त्री र सचिवलाई भनिसक्यौँ, तर हालसम्म कुनै निर्णय भने प्रदेश सरकारले गरिदिएको छैन,' उनले भने, 'प्रदेशले भाडा समायोजन गरिदिएन भनी सवारी घरमा राख्ने अवस्था पनि छैन।'

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
सर्लाही, मलंगवा
(मोही फाँट)

३५ दिने सार्वजनिक सूचना

मिति : २०८३/०१/०७

श्री जि सर्लाही साबिक गा.वि.स. सासापुर वडा नं. ६ हाल हरिवन न.पा. वडा नं. ३ मा बस्ने हर्ष बहादुर घिसिङको छोरा चैतु घिसिङलाई हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्वन्धमा साविक जि.स. गा.वि.स. सासापुर वडा नं. ६ हाल जि. सर्लाही हरिवन गा.पा./न.पा. वडा नं. ३ मा बस्ने स्व.झगडे कामीको नातिनी बुहारी स्व. चतुरमान कामीको छोरा बुहारी चन्द्र बहादुर कामीको श्रीमती बेली कुमारी रसाइली कामीले तपाइ उपर दिनु भएको मि.न. २२१२ को मोही नामसारी र मि.न. २१६० को जग्गा बाँडफाँड मुद्दामा यस कार्यालयबाट जारी भएको १५ दिने सूचना तपाइको ठेगानामा पटक पटक गइ प्रतिवादी तपाइ ले म्याद वुझन इन्कार गर्नु भएको तथा सो म्यादमा वडा अध्यक्ष र वडा सदस्य समेतले रोहवरमा वसी सही गर्न इन्कार गरेको यस कार्यालयका कार्यालय सहयोगी राम विश्वास यादवले मिति २०८२/११/११ मा म्याद फिर्ताको प्रतिवेदन दिएकोले यस कार्यालयको मिति २०८२/१२/११ को आदेशानुसार ३५ दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु भनि आदेश भएकोले तपाइ प्रतिवादी चैतु घिसिङका नाममा मोही नामसारी तथा बाँडफाँड गरी पाउँ भन्ने निवेदनमा मिति २०८२/१२/११ आदेश वमोजिम यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले वाटोको म्याद वाहेक ३५ दिन भित्र आफू वा ऐन वमोजिमको वारेस पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन वमोजिम मोही नामसारी तथा जग्गा बाँडफाँड मुद्दामा कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर वाजुर लाग्ने छैन।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
सर्लाही, मलंगवा
(मोही फाँट)

३५ दिने सार्वजनिक सूचना

मिति : २०८३/०१/०७

श्री जि सर्लाही साबिक गा.वि.स. खोरीया वडा नं. ८ हाल हरिवन न.पा. वडा नं. ३ मा बस्ने बलदेव महतोको छोरा विलास महतो कोइरीलाई हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्वन्धमा साविक जि.स. गा.वि.स. सासापुर वडा नं. ६ हाल जि. सर्लाही हरिवन गा.पा./न.पा. वडा नं. ३ मा बस्ने स्व. झगडे कामीको नातिनी बुहारी स्व. चतुरमान कामीको छोरा बुहारी चन्द्र बहादुर कामीको श्रीमती बेली कुमारी रसाइली कामीले तपाइ उपर दिनु भएको मि. न. २२०५ को मोही नामसारी र मि.न. २१६७ को जग्गा बाँडफाँड मुद्दामा यस कार्यालयवाट जारी भएको १५ दिने सूचना तपाइको ठेगानामा पटक पटक गइ प्रतिवादी तपाइ ले म्याद वुझन इन्कार गर्नु भएको तथा सो म्यादमा वडा अध्यक्ष र वडा सदस्य समेतले रोहवरमा वसी सही गर्न इन्कार गरेको यस कार्यालयका कार्यालय सहयोगी राम विश्वास यादवले मिति २०८२/११/११ मा म्याद फिर्ताको प्रतिवेदन दिएकोले यस कार्यालयको मिति २०८२/१२/११ को आदेशानुसार ३५ दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु भनि आदेश भएकोले तपाइ प्रतिवादी विलास महतो कोइरीका नाममा मोही नामसारी तथा बाँडफाँड गरी पाउँ भन्ने निवेदनमा मिति २०८२/१२/११ आदेश वमोजिम यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले वाटोको म्याद वाहेक ३५ दिन भित्र आफू वा ऐन वमोजिमको वारेस पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन वमोजिम मोही नामसारी तथा जग्गा बाँडफाँड मुद्दामा कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर वाजुर लाग्ने छैन।

एमएडब्लूको क्रेडिट रेटिङमा सुधार

काठमाडौं/ एमएडब्लू हायर पर्चेज प्राइभेट लिमिटेड (एमएलपिएल)को क्रेडिट रेटिङ अपग्रेड गरिएको छ। रेटिङ संस्था इक्रा नेपालले कम्पनीको सुधारिएको वित्तीय प्रदर्शन र बलियो सम्पत्ति गुणस्तरलाई ध्यानमा राखी क्रेडिट रेटिङ अपग्रेड गरेको छ। कम्पनीको दीर्घकालीन कर्जा रेटिङ एलबिबी प्लसबाट बढाएर र एलबिबिबी माइनस गरिएको छ।

यस्तै, अल्पकालीन रेटिङ ए-४ प्लसबाट सुधार भई ए-३ पुगेको छ। यो रेटिङ अपग्रेडले कम्पनीको समग्र क्रेडिट प्रोफाइल सुदृढ बनाउने दिशामा भएको निरन्तर प्रगतिलाई देखाउने बताइएको छ। कम्पनीले विशेषगरी मोबाइल फोन फाइनान्सिङको क्षेत्रमा राम्रो रिकभरी संयन्त्र र प्रविधिमा आधारित नियन्त्रण प्रणाली अपनाएका कारण सम्पत्ति गुणस्तरमा उल्लेखनीय सुधार गरेको बताइएको छ।

कम्पनीले नाफा आर्जनको स्तर पनि सन्तुलित रूपमा कायम राखेको बताइएको छ। कम्पनीको नेट इन्ट्रेस्ट मार्जिन स्थिर रहेको छ भने सञ्चालन खर्च नियन्त्रणमा राख्दा निरन्तर सञ्चालन नाफा कायम राख्न सहयोग पुगेको छ।

साथै, कम्पनीले करिब ९६ प्रतिशतको बलियो प्रावधान कभरेज कायम राखेको र यसले वित्तीय स्थायित्व बढाउनुका साथै सम्भावित नोक्सानी बहन गर्ने क्षमता सुदृढ बनाएको हो। यसको कर्जा पोर्टफोलियो पनि विविध र स-साना खण्डमा विभाजित छ, जसमा मध्यम लोन टु भ्याल्यु अनुपातमा ध्यान दिइएकाले जोखिम न्यूनीकरणमा मद्दत पुगेको जनाइएको छ।

यो समूहको सशक्त बजार उपस्थिति र अग्रणी ब्रान्डसँगको साझेदारीले व्यवसाय विस्तारमा सहयोग गर्नुका साथै वित्तीय संस्थाबाट हुने लगानीको पहुँचलाई सहज बनाएको छ। सन् २०११ मा स्थापना भएको एमएडब्लू हायर पर्चेजले ग्राहकलाई सहज र झन्झटरहित हायर पर्चेज सेवा उपलब्ध गराउँदै आएको छ।

वैदेशिक रोजगारीमा रहेका नेपालीलक्षित सामसङको नयाँ अभियान सार्वजनिक

काठमाडौं/ सामसङ नेपालले वैदेशिक रोजगारीमा रहेका नेपालीको त्याग र योगदानलाई उच्च सम्मान गर्दै 'सपनादेखि सम्भावनासम्म' नामक नयाँ अभियान सार्वजनिक गरेको छ। आफ्नो अत्याधुनिक इनोभेसनमार्फत मानिसको जीवन र भावनालाई जोड्ने उद्देश्यका साथ यो भावनात्मक तथा सहयोगी अभियान सुरु गरेको कम्पनीले जनाएको छ।



यस अभियानअन्तर्गत सामसङले 'सामसङ रेमिटमा बेनिफिट' नामक योजना सार्वजनिक गरेको छ, जसले रेमिट्यान्समा निर्भर परिवारलाई थप सहजता र लाभ प्रदान गर्ने लक्ष्य राखेको छ। यो अफर अप्रिल २४ देखि उपलब्ध हुनेछ। यस योजनाअन्तर्गत सामसङले आइएमई रेमिट, एनसेल, खल्ती र हुलास फिन सर्भसँग मिलेर सामसङका उत्पादन खरिदमा विशेष लाभ उपलब्ध गराएको छ। यसमा एनसेल रिचार्जमा बोनस डेटा, २४ महिनासम्मको सजिलो इएमआई र खल्तीमार्फत क्यासब्याकजस्ता सुविधा समावेश छन्।

यो अफर विदेशबाट नेपालमा रकम पठाउने व्यक्तिका लागि मात्र उपलब्ध हुनेछ। अभियानले दीर्घकालीन विश्वसनीयता, वारेन्टी र सहज इकोसिस्टम अनुभवका लागि आधिकारिक उत्पादन छनोट गर्ने महत्त्वलाई पनि जोड दिएको कम्पनीले जनाएको छ।

सुनचाँदीको मूल्य बढ्यो

काठमाडौं/ स्थानीय बजारमा आइतबार सुन र चाँदीको मूल्य सामान्य वृद्धि भएको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार साताको पहिलो दिन सुनको मूल्य प्रतितोला एक हजार दुई सय रुपैयाँले बढेको हो। यससँगै सुन प्रतितोला तीन लाख एक हजार रुपैयाँमा कारोबार भयो।

त्यस्तै, चाँदीको भाउ पनि प्रतितोला ९५ रुपैयाँले बढेर पाँच हजार २२५ रुपैयाँ पुगेको छ। यसअघि शुक्रबार सुन प्रतितोला दुई लाख ९९ हजार आठ सय रुपैयाँ र चाँदी प्रतितोला पाँच हजार १३० रुपैयाँमा कारोबार भएको महासंघले जनाएको छ।

एसइई विद्यार्थीलक्षित एनसेलको 'पहिलो सिम'

काठमाडौं/ एनसेलले माध्यमिक शिक्षा परीक्षा (एसइई) दिएका विद्यार्थीका लागि 'पहिलो सिम' अफर सञ्चालनमा ल्याएको छ। यो अफरमा विद्यार्थीले करसहित मात्र ५० मा एनसेलको प्रिपेड सिम लिन सक्नेछन्। साथै, विभिन्न आकर्षक बन्डल सेवाको फाइदा पनि प्राप्त गर्नेछन्।

विद्यार्थीले 'पहिलो सिम' लिँदा आफ्नो रोजाइअनुसार एनसेल मोबाइल नम्बर छनोट गर्न पनि सक्छन्। यो पहिलो सिममा दुई जिबी डेटा, सबै नेटवर्कमा कल गर्न मिल्ने ५० मिनेटको टक टाइमका साथै 'मेरो स्कुल' र गेमिङ प्रिमियर लिग (जिपिएल)मा २८ दिनका लागि निःशुल्क पहुँच हुनेछ। मेरो स्कुल एक डिजिटल लर्निङ प्लाटफर्म हो, जहाँ अनलाइन सिकाइका लागि पाठ्यक्रममा थुप्रै भिडिओ सामग्री उपलब्ध हुनेछन्। त्यसैगरी, जिपिएल एक गेमिङ पोर्टल हो, जहाँ एचटिएमएलमा आधारित विभिन्न खेलहरूको मज्जा लिन सकिने बताइएको छ। पहिलो सिम प्रयोगकर्ताले डिजिटल वालेट खल्ती प्रयोग गर्दा कुनै डेटा शुल्क लाग्नेछैन। साथै, यो सिम लिएका ग्राहकले ५० वा सोभन्दा बढीको रिचार्ज गर्दा सात दिनसम्म मान्य हुने र पाँच सय एमबी बोनस डेटासमेत पाउने कम्पनीले जनाएको छ।



विद्यार्थीले देशभरका जुनसुकै एनसेल सेन्टरबाट सजिलै यो सिम लिन सक्नेछन्। सिम लिन आफ्नो एसइईको प्रवेशपत्र र अभिभावकको नागरिकताको फोटोकपीसहित नजिकको एनसेल सेन्टरमा जानुपर्ने हुन्छ। आवश्यक प्रमाणीकरणपछि उनीहरूको सिम सक्रिय हुने बताइएको छ।

एनसेलले एसइईका विद्यार्थीका लागि सुलभ दरमा दूरसञ्चार सेवा उपलब्ध गराउने उद्देश्यसहित आफ्नो लोकप्रिय 'पहिलो सिम' अफरलाई यो वर्ष पनि निरन्तरता दिएको जनाएको छ। यो सिमले विद्यार्थीलाई आफ्ना साथीभाइ, परिवारसँग सधैँ सम्पर्कमा रहेर बाहिरी संसारसँग जोडिइरहन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास कम्पनीले लिएको छ।

एनआइसिसीले गऱ्यो सांसद तामाङलाई सम्मान



काठमाडौं/ नेपाल-इटाली उद्योग वाणिज्य संघ (एनआइसिसी)ले सांसद माया तामाङलाई सम्मान तथा अभिनन्दन गरेको छ। एनआइसिसीका अध्यक्ष सञ्जय अग्रवालगायतले बोर्ड सदस्यसमेत रहेकी तामाङलाई सम्मान गरिएको हो। सम्मान गर्दै संघले तामाङले आफ्नो भूमिकामा अर्थपूर्ण योगदान पुऱ्याउने विश्वास गरेको छ। तामाङ एनआइसिसीकी सम्मानित सदस्य हुन्। व्यावसायिक समुदाय तथा सामाजिक विकासमा नेतृत्व र सक्रिय योगदानका लागि उनी चिनिन्छिन्।

ललितपुरमा कजारियाको सोरुम सञ्चालनमा

काठमाडौं/ टायल कम्पनी कजारिया रमेश टायल्स लिमिटेडले रातामकै चोक, इमाडोल, ललितपुरमा नयाँ सोरुम सञ्चालनमा ल्याएको छ। छाया हार्डवेयर एन्ड कन्स्ट्रक्सन प्रालिद्वारा सञ्चालन हुने उक्त सोरुम शुक्रबार औपचारिक उद्घाटन गरिएको हो। कम्पनीका कन्ट्री म्यानेजर अभ्यास तिवारीले सोरुम उद्घाटन गरे। उद्घाटन कार्यक्रममा मिस नेपाल कोस्मो २०२५ दीपशिखा नेपाल तथा कजारियाका प्रतिनिधिको उपस्थिति थियो। यो सोरुमले ललितपुर तथा आसपासका ग्राहकलाई विश्वस्तरीय टायल समाधानसहित नेपाली बजारमा उत्कृष्टता प्रदान गर्ने ब्रान्डको प्रतिबद्धतालाई अझ सुदृढ बनाएको दाबी गरिएको छ।



'ललितपुरमा आफ्नो उपस्थिति विस्तार गर्न पाउँदा खुसी छौँ,' तिवारीले भने, 'उच्च गुणस्तरका तथा डिजाइनकेन्द्रित स्थानको माग बढ्दै गइरहेको छ। सोरुम केवल बिक्री केन्द्र मात्र नभई ग्राहकले प्रेरणा, नवप्रवर्तन र उत्कृष्ट टायल समाधान अनुभव गर्न सक्ने गन्तव्यका रूपमा परिकल्पना गरिएको छ।'

कम्पनीका अनुसार नयाँ सोरुममा सिरेमिक तथा भिट्रिफाइड टायल्सको विस्तृत संग्रह प्रस्तुत गरिएको छ, जसमा आधुनिक डिजाइन, आकर्षक फिनिसिङ तथा उच्च प्रदर्शनयुक्त समाधान समावेश छन्। यिनलाई आधुनिक वास्तुकला र आन्तरिक सजावटका आवश्यकताअनुरूप तयार गरिएको जनाइएको छ।

कजारियाले अन्तर्राष्ट्रिय गुणस्तर कायम गर्दै नेपालमै तीन हजारभन्दा बढी डिजाइन विकल्प उपलब्ध गराउँदै आएको छ। यसका नेपालभर सयभन्दा बढी सोरुम सञ्चालनमा छन्। कम्पनीका उत्पादनमा ग्लेज्ड भिट्रिफाइड, हेभी ड्युटी ग्लेज्ड भिट्रिफाइड तथा सेरामिक वाल टायल छन्। यी टायल पानी तथा दागप्रतिरोधी, बलियो, दिगो र आधुनिक डिजाइनमा उपलब्ध हुने कम्पनीको दाबी छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्न सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८३/०१/०७)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बन्धित सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति	तपशिल	बोलपत्र खोलिने मिति
२०८३/०१/२१		२०८३/०१/२२ दिउँसो ३ बजे

क्र.सं	ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : शर्मिला श्रेष्ठ र सप्रिना श्रेष्ठ (धितो अधिविकर्ष कर्जा)** ठेगाना : हेटौडा १, मकवानपुर हाल इमाडोल ६, ललितपुर **क) शर्मिला श्रेष्ठ** (ना.प्र.नं.४९२७, मिति २०४३/०५/०६ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको), पति : लक्ष्मण श्रेष्ठ, ससुरा : तुलसी दास श्रेष्ठ **ख) सप्रिना श्रेष्ठ** (ना.प्र.नं.३११०२३/७०९२८, मिति २०६७/०१/१४ मा जि.प्र.का.मकवानपुरबाट जारी भएको), बाबु : लक्ष्मण श्रेष्ठ, बाजे : तुलसी दास श्रेष्ठ, **ऋण प्रवाह गर्ने शाखा : इमाडोल** **व्यक्तिगत जमानीकर्ताहरु :** **१. लक्ष्मण श्रेष्ठ-जमानीकर्ता** (ना.प्र.नं.१६०, मिति २०२७/१०/११ मा जि.प्र.का.मकवानपुरबाट जारी भएको), बाबु : तुलसी दास श्रेष्ठ, बाजे : लक्ष्मी दास श्रेष्ठ **२.लुईस दास श्रेष्ठ-जमानीकर्ता** (ना.प्र.नं.३१-०१-७२-०३६७९, मिति २०७२/०५/०४ मा जि.प्र.का.मकवानपुरबाट जारी भएको) बाबु : लक्ष्मण श्रेष्ठ, बाजे : तुलसी दास श्रेष्ठ **३.सना श्रेष्ठ-जमानीकर्ता** (ना.प्र.नं.४७/३१११६, मिति २०६२/०९/२९ मा जि.प्र.का.मकवानपुरबाट जारी भएको), बाबु : लक्ष्मण श्रेष्ठ, बाजे : तुलसी दास श्रेष्ठ	शर्मिला श्रेष्ठको नाममा ललितपुर जिल्ला मालपोत कार्यालय लगनखेल, ललितपरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, टिकाथली गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ४४९(४९.८९ व.मि.), कि.नं.४५३(५०.१६ व.मि.) र ४५१(१४.८९ व.मि.) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय इमाडोल, ललितपुर/सम्बन्धीत मालपोत नजिकको शाखा
२.	**ऋणी : प्रिन्स मत्स्य पशुपंक्षी कृषी फार्म (चालुपूँजी कर्जा)** उद्योग दर्ता.न : १३७६७/१११३७/०७७/०७८, ठेगाना : धनुषाधाम ३, धनुषा, **ऋण प्रवाह गर्ने शाखा : लक्ष्मीनिया** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१.सरस्वती कुमारी ठाकुर-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. १७-०१-७७-०९८४७, मिति २०७७/१०/२० मा जि.प्र.का.धनुषाबाट जारी भएको) पति : सुरेश कुमार साह, ससुरा : अर्जुन साह तेली **२.सुरेश कुमार साह-जमानीकर्ता** (ना.प्र.नं. २३३५५२८४, मिति २०५३/०३/११ मा जि.प्र.का.धनुषाबाट जारी भएको) बाबु : अर्जुन साह तेली, बाजे : जनक साह तेली **३.निरमाला देवी साह-जमानीकर्ता** (ना.प्र.नं. १७३०४८/४५५, मिति २०६३/१०/२३ मा जि.प्र.का.धनुषाबाट जारी भएको) पति : सुरेश कुमार साह, ससुरा : अर्जुन साह तेली **४.अर्जुन साह तेली-जमानीकर्ता** (ना.प्र.नं.२६३५१६०६, मिति २०३३/०१/०१ मा जि.प्र.का.धनुषाबाट जारी भएको) बाबु : जनक साह तेली, बाजे : महाबिर साह **५.सितली देवी तेलीन-जमानीकर्ता** (ना.प्र.नं.२६३५१६०८, मिति २०४४/०२/०४ मा जि.प्र.का.धनुषाबाट जारी भएको) पति : अर्जुन साह तेली, ससुरा : जनक साह तेली **६.रेखा देवी-जमानीकर्ता** (ना.प्र.नं.१७३०४८/१३७, मिति २०७०/०२/२३ मा जि.प्र.का.धनुषाबाट जारी भएको) पति : महेश कुमार साह, ससुरा : अर्जुन साह तेली **७.महेश कुमार साह-जमानीकर्ता** (ना.प्र.नं.२५३४३६००, मिति २०५८/०३/२५ मा जि.प्र.का.धनुषाबाट जारी भएको) बाबु : अर्जुन साह तेली, बाजे : जनक साह तेली **८.उमेश कुमार साह-जमानीकर्ता** (ना.प्र.नं.२५३४३५९९, मिति २०५८/०३/२५ मा जि.प्र.का.धनुषाबाट जारी भएको) बाबु : अर्जुन साह तेली, बाजे : जनक साह तेली **९.सोभा देवी-जमानीकर्ता** (ना.प्र.नं. १७३०४८/१३८, मिति २०७०/०२/२३ मा जि.प्र.का.धनुषाबाट जारी भएको) पति : उमेश कुमार साह, बाजे : अर्जुन साह तेली	सितली देवी तेलीनको नाममा धनुषा जिल्ला मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, तेजनगर गा.वि.स./न.पा. वडा नं. १(क) स्थित कि.नं. ४७१५(०-०-११-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय लक्ष्मीनिया, धनुषा, /सम्बन्धीत मालपोत नजिकको शाखा
३.	**ऋणी : ए.एस एम इन्टरनेशनल (विविध कर्जा),** सा.फ.र.नं. : १२/१३२१३/५/९, ठेगाना : मेचीनगर न.पा. १०, झापा **ऋण प्रवाह गर्ने शाखा : बिर्तामोड** **साझेदार/व्यक्तिगत जमानीकर्ताहरु :** **१. मधुकर बस्नेत-साझेदार/जमानीकर्ता** (ना.प्र.नं.२८-०१-०६५-००६२३, मिति २०६५/०२/१९ मा जि.प्र.का. ललितपुरबाट जारी भएको) बाबु : लक्ष्मण बस्नेत, बाजे : कृष्ण बहादुर बस्नेत **२. भीम कुमारी राई-साझेदार/जमानीकर्ता** (ना.प्र.नं. ०५३०१०/७५४, मिति २०६३/१०/२४ मा जि.प्र.का. मोरङबाट जारी भएको) बाबु : कान्छा बहादुर राई, बाजे : राम प्रसाद राई	मधुकर बस्नेतको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, पाराखोपी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ३०२४४(०-२-१६.५-० विगाहा) र कि.नं. ३४०५(०-१-१०-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बिर्तामोड, झापा/सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट :

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/- तिरी लिन सकिनेछ।

ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निबारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
सर्लाही, मलंगवा
(मोही फाँट)

३५ दिने सार्वजनिक सूचना

मिति : २०८३/०१/०७

श्री जि सर्लाही साबिक गा.वि.स. सासापुर वडा नं. ६ हाल हरिवन न.पा. वडा नं. ३ मा बस्ने रंगलाल थिङको श्रीमती करोडपती मायालाई हकदावी गर्न आउने बारेको सूचना।

उपरोक्त सम्वन्धमा साविक जि.स. गा. वि. स.सासापुर वडा नं. ६ हाल जि.सर्लाही हरिवन गा.पा./न.पा. वडा नं. ३ मा बस्ने स्व. झगडे कामीको नातिनी बुहारी स्व. चतुरमान कामीको छोरा बुहारी चन्द्र बहादुर कामीको श्रीमती बेली कुमारी रसाइली कामीले तपाइ उपर दिनु भएको मि.न. २२१३ को मोही नामसारी र मि.न. २१६३ को जग्गा बाँडफाँड मुद्दामा यस कार्यालयबाट जारी भएको १५ दिने सूचना तपाइको ठेगानामा पटक पटक गइ प्रतिवादी तपाइ ले म्याद वुझन इन्कार गर्नु भएको तथा सो म्यादमा वडा अध्यक्ष र वडा सदस्य समेतले रोहवरमा बसी सही गर्न इन्कार गरेको यस कार्यालयका कार्यालय सहयोगी राम विश्वास यादवले मिति २०८२/११/११ मा म्याद फिर्ताको प्रतिवेदन दिएकोले यस कार्यालयको मिति २०८२/१२/११ को आदेशानुसार ३५ दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु भनि आदेश भएकोले तपाइ प्रतिवादी करोडपती मायाका नाममा मोही नामसारी तथा बाँडफाँड गरी पाउँ भन्ने निवेदनमा मिति २०८२/१२/११ आदेश वमोजिम यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको बारेस पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही नामसारी तथा जग्गा बाँडफाँड मुद्दामा कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर वाजुर लाग्ने छैन।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निबारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
सर्लाही, मलंगवा
(मोही फाँट)

३५ दिने सार्वजनिक सूचना

मिति : २०८३/०१/०७

श्री जि सर्लाही साबिक गा.वि.स. सासापुर वडा नं. ६ हाल हरिवन न.पा. वडा नं. ३ मा बस्ने कृष्ण बहादुर मोक्तानको श्रीमती ज्ञानी कुमारीलाई हकदावी गर्न आउने बारेको सूचना।

उपरोक्त सम्वन्धमा साविक जि.स. गा.वि.स. सासापुर वडा नं. ६ हाल जि.सर्लाही हरिवन गा.पा./न.पा. वडा नं. ३ मा बस्ने स्व. झगडे कामीको नातिनी बुहारी स्व. चतुरमान कामीको छोरा बुहारी चन्द्र बहादुर कामीको श्रीमती बेली कुमारी रसाइली कामीले तपाइ उपर दिनु भएको मि. न. २२१० को मोही नामसारी र मि.न. २१६८ को जग्गा बाँडफाँड मुद्दामा यस कार्यालयवाट जारी भएको १५ दिने सूचना तपाइको ठेगानामा पटक पटक गइ प्रतिवादी तपाइ ले म्याद वुझन इन्कार गर्नु भएको तथा सो म्यादमा वडा अध्यक्ष र वडा सदस्य समेतले रोहवरमा वसी सही गर्न इन्कार गरेको यस कार्यालयका कार्यालय सहयोगी राम विश्वास यादवले मिति २०८२/११/११ मा म्याद फिर्ताको प्रतिवेदन दिएकोले यस कार्यालयको मिति २०८२/११/११ को आदेशानुसार ३५ दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु भनि आदेश भएकोले तपाइ प्रतिवादी ज्ञानी कुमारीका नाममा मोही नामसारी तथा बाँडफाँड गरी पाउँ भन्ने निवेदनमा मिति २०८२/१२/११ आदेश बमोजिम यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको बारेस पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन वमोजिम मोही नामसारी तथा जग्गा बाँडफाँड मुद्दामा कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर वाजुर लाग्ने छैन।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निबारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
सर्लाही, मलंगवा
(मोही फाँट)

३५ दिने सार्वजनिक सूचना

मिति : २०८३/०१/०७

श्री जि सर्लाही साबिक गा.वि.स. सासापुर वडा नं. ७ हाल हरिवन न.पा. वडा नं. ३ मा बस्ने दल बहादुर घिसिङको छोरा संगिता कुमारीलाई हकदावी गर्न आउने बारेको सूचना।

उपरोक्त सम्वन्धमा साविक जि.स. गा.वि.स. सासापुर वडा नं. ६ हाल जि.सर्लाही हरिवन गा.पा./न.पा. वडा नं. ३ मा बस्ने स्व. झगडे कामीको नातिनी बुहारी स्व. चतुरमान कामीको छोरा वुहारी चन्द्र बहादुर कामीको श्रीमती बेली कुमारी रसाइली कामीले तपाइ उपर दिनु भएको मि.न. २२१४ को मोही नामसारी र मि.न. २१६५ को जग्गा बाँडफाँड मुद्दामा यस कार्यालयवाट जारी भएको १५ दिने सूचना तपाइको ठेगानामा पटक पटक गइ प्रतिवादी तपाइ ले म्याद वुझन इन्कार गर्नु भएको तथा सो म्यादमा वडा अध्यक्ष र वडा सदस्य समेतले रोहवरमा बसी सही गर्न इन्कार गरेको यस कार्यालयका कार्यालय सहयोगी राम विश्वास यादवले मिति २०८२/११/११ मा म्याद फिर्ताको प्रतिवेदन दिएकोले यस कार्यालयको मिति २०८२/१२/११ को आदेशानुसार ३५ दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु भनि आदेश भएकोले तपाइ प्रतिवादी संगिता कुमारीका नाममा मोही नामसारी तथा बाँडफाँड गरी पाउँ भन्ने निवेदनमा मिति २०८२/१२/११ आदेश बमोजिम यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफू वा ऐन वमोजिमको बारेस पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन वमोजिम मोही नामसारी तथा जग्गा बाँडफाँड मुद्दामा कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर वाजुर लाग्ने छैन।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निबारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
सर्लाही, मलंगवा
(मोही फाँट)

३५ दिने सार्वजनिक सूचना


मिति : २०८३/०१/०७

श्री जि सर्लाही साबिक गा.वि.स. सासापुर वडा नं. ६ हाल हरिवन न.पा. वडा नं. ३ मा बस्ने हर्ष बहादुर घिसिङको छोरा ऐते घिसिङलाई हकदावी गर्न आउने बारेको सूचना।

उपरोक्त सम्वन्धमा साविक जि.स.गा.वि.स. सासापुर वडा नं. ६ हाल जि.सर्लाही हरिवन गा.पा./न.पा. वडा नं. ३ मा बस्ने स्व. झगडे कामीको नातिनी बुहारी स्व. चतुरमान कामीको छोरा बुहारी चन्द्र बहादुर कामीको श्रीमती बेली कुमारी रसाइली कामीले तपाइ उपर दिनु भएको मि.न. २२०८ को मोही नामसारी र मि.न. २१६२ को जग्गा बाँडफाँड मुद्दामा यस कार्यालयवाट जारी भएको १५ दिने सूचना तपाइको ठेगानामा पटक पटक गइ प्रतिवादी तपाइ ले म्याद बुझन इन्कार गर्नु भएको तथा सो म्यादमा वडा अध्यक्ष र वडा सदस्य समेतले रोहवरमा बसी सही गर्न इन्कार गरेको यस कार्यालयका कार्यालय सहयोगी राम विश्वास यादवले मिति २०८२/११/११ मा म्याद फिर्ताको प्रतिवेदन दिएकोले यस कार्यालयको मिति २०८२/१२/११ को आदेशानुसार ३५ दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु भनि आदेश भएकोले तपाइ प्रतिवादी ऐते घिसिङका नाममा मोही नामसारी तथा बाँडफाँड गरी पाउँ भन्ने निवेदनमा मिति २०८२/१२/११ आदेश वमोजिम यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफू वा ऐन वमोजिमको बारेस पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही नामसारी तथा जग्गा बाँडफाँड मुद्दामा कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर वाजुर लाग्ने छैन।

■ त्रिवि मैदानमा पहिलोपटक फ्लड लाइटमा अन्तर्राष्ट्रिय खेल

नेपाल र युएईबिचको एसोसिएट एल क्लासिको भिडन्त आज



त्रिवि क्रिकेट मैदानमा सन् २०२४ को मार्चपछि घरेलु पुरुष टोली युएईविरुद्ध प्रतिस्पर्धा गर्दै, दीपेन्द्रसिंहको कप्तानीमा पहिलो अन्तर्राष्ट्रिय टी-२० आई प्रतियोगिता

युएईसँगको दुईवटा टी-२० आई सिरिजअघि फ्लड लाइटको परिक्षण गर्दै। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले पहिलोपटक कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा फ्लड लाइटमा टी-२० आई खेल आयोजना गर्दै छ। आइसिसी विश्वकप लिग २ अगाडि नेपाल र युएईबिच दुई खेलको टी-२० आई खेल सोमबार हुन लागेको हो। यस मैदानमा गत वर्षको मंसिरमा दोस्रो संस्करणको नेपाल प्रिमियर लिग भएको थियो। क्यानले आइपिएल सकिएको पाँच महिनापछि पहिलोपटक फ्लड लाइटमा अन्तर्राष्ट्रिय खेल आयोजना गर्न लागेको जनाएको छ।

युएईविरुद्धको टी-२० आईअघि क्यानले शनिबार र आइतबार फ्लड लाइट परीक्षण गरेको छ। नेपाली खेलाडीले आइतबार साँझ प्रशिक्षण गरेका छन्। एक महिना एनपिएल चल्दा घरेलु खेलाडी फ्लड लाइटमा खेल्न अभ्यस्त भइसकेका थिए। यस अवधिमा नेपालका खेलाडीले भारत र श्रीलंकाले आयोजना गरेको आइसिसी टी-२० विश्वकप क्रिकेटमा डे-नाइटमा प्रतिस्पर्धा गरेका थिए।

लगभग एक महिनापछि नेपाली टोली टी-२० आईमा फर्किंदा कप्तान पनि नयाँ पाएको छ। क्यानले पहिलोपटक एकदिवसीय र टी-२० फर्म्याटमा फरक कप्तान बनाइसकेको छ। लामो समयदेखि उपकप्तान रहेका अलराउन्डर दीपेन्द्रसिंह ऐरीले पनि पहिलोपटक नेपालको सिनियर टी-२० टोलीको कप्तानी गर्नेछन्। क्यानले यसअघि नेपाललाई लगातार दुईपटक टी-२० विश्वकपमा स्थान दिलाएका नियमित कप्तान रोहितकुमार पौडेललाई आराम दिइएको छ। क्यानले शनिबार टोली घोषणा गर्दा टी-२० आईमा रोहितलाई बाहिर राखेको छ। अब ऐरीकै कप्तानीमा नेपालले युएईविरुद्ध प्रतिस्पर्धा गर्न लागेको हो। नेपालका मुख्य प्रशिक्षक स्टुवाट लले ऐरी नयाँ कप्तान भए पनि अनुभव खेलाडी भएको बताएका छन्। 'पक्कै पनि दीपेन्द्रसिंहले पहिलोपटक कप्तानी गर्दै छन्, तर उनी अनुभवी खेलाडीमा पर्छ। उनको कप्तानीमा राम्रो नतिजा निस्किनेछ,' खेलअघि आइतबार आयोजित प्रिपोस्टमा प्रशिक्षक स्टुवार्टले भने, 'उनलाई युवा खेलाडीले साथ दिनेछन्।'

त्रिवि क्रिकेट मैदानमा दुई वर्षपछि पुरुष टोली अन्तर्राष्ट्रिय खेलमा सहभागी हुन लागेको हो। यस मैदानमा अन्तिमपटक सन् २०२४ को मार्चमा नेदरल्यान्ड्स र नामिबियासम्मलित लिग २ खेलमा नेपालले प्रतिस्पर्धा गरेको थियो। फ्लड लाइटसहितको अन्तर्राष्ट्रियस्तरको मैदान स्तरोन्नतिका कारण अन्तर्राष्ट्रिय खेल नै भएन। गत वर्ष कात्तिकमा ६ वटा फ्लड लाइटसहित १२ हजार दर्शक क्षमताको प्यारापिट बनेपछि खेल क्रमिक रूपमा भएको हो। यसबिचमा महिला क्रिकेट टोलीले आइसिसी टी-२० विश्वकपको ग्लोबल खेलमा सहभागिता जनायो। जहाँ नेपाली महिला सिनियर टोली घरमै आयोजना भएको ग्लोबल छनोटबाटै बाहिरियो।

युएई र नेपालबिच ११ भिडन्त

नेपाल र युएईबिच अहिलेसम्म टी-२० आईमा ११ पटक भिडन्त भएको छ। जसमा नेपालले ६ तथा युएईले ५ खेलमा जित निकालेका छन्। यी दुईबिच अन्तिमपटक खेल अक्टोबर २०२५ मा भएको थियो। युएई, हङकङ र नेपाल सहभागी टी-२० आई सिरिज भएको थियो। जुन खेलमा नेपाल चार विकेटले पराजित भयो। सन् २०१९ मा नेपाल र युएईबिच पहिलोपटक टी-२० आई खेल भएको थियो। नेपालले पहिलो भेटमै युएईलाई २१ रनले हराएको थियो।

नेपाल र युएईबिचको खेललाई क्रिकेट इतिहासमा एसोसिएट राष्ट्रकै 'एल क्लासिको'का रूपमा लिने गरिन्छ। यी दुईबिचको प्रतिस्पर्धा सधैं रोमाञ्चकतामले भरिएको हुन्छ। मुख्य प्रशिक्षक स्टुवाटले युएई बलियो प्रतिद्वन्द्वी भएको बताएका छन्। 'नेपालको नजरमा युएई सधैं बलियो प्रतिद्वन्द्वी टोली हो, उनीहरू एकआपसमा प्रतिस्पर्धा गरिरहँदा रोमाञ्चकतामले भरिएको हुन्छ,' स्टुवार्टले भने, 'मलाई विश्वास छ- यो खेलमा पनि दर्शकले पनि उत्तिकै साथ दिनेछन्। मैदानमा हजारौं घरेलु दर्शकको साथमा नेपालले राम्रो खेल्नेछ।' क्यानले युएईविरुद्ध दुई खेलको टी-२० आई सिरिजका लागि ७५० रुपैयाँ टिकटदर तोकेको छ। नेपाल र युएईबिचको खेल सोमबार र मंगलबार हुनेछ।

टोलीमा दुई सहायक प्रशिक्षक

क्यानले युएईविरुद्धको टी-२० सिरिजअघि दुईजनालाई सहायक प्रशिक्षकको जिम्मेवारी दिएको छ। मुख्य प्रशिक्षक स्टुवाट लको सहायक रहने गरी वसन्त शाही ठकुरी र कलाम अलीलाई नियुक्त गरिएको क्यानले जनाएको छ। वसन्त यसअघि मोन्टी देसाई मुख्य प्रशिक्षक रहँदा सहायकको भूमिकामा थिए। स्टुवाटले यसअघि ज्ञानेन्द्र मल्ललाई सहायक प्रशिक्षक जिम्मेवारी दिएका थिए। ज्ञानेन्द्रले राष्ट्रिय स्वतन्त्र पार्टीको समानुपातिक सूचीमा बसेर राजनीतिमा होमिँदै प्रशिक्षकको भूमिका छाडेका थिए।

■ चन्द्रगढी महिला गोल्डकप

थिम्पु सिटीमाथि चर्च ब्वाइजको कठिन जित



वर्षा ओलीले खेल सकिनु एक मिनेटअघि थिम्पु सिटीकी गोलरक्षक पेमा वाङ्मोलाई बिट गर्दै चर्च ब्वाइजलाई ३-२ को जित दिलाइन्

झापामा चिरञ्जीवी घिमिरे

चर्च ब्वाइज युनाइटेडको महिला टोलीले झापाको भद्रपुरमा चलिरहेको पहिलो संस्करणको चन्द्रगढी गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा स्थान पक्का गरेको छ। चर्च ब्वाइजले अन्तिम चारको स्थान पक्का गर्न भुटानको थिम्पु सिटी फुटबल क्लबविरुद्ध निकै मिहिनेत गरेको थियो। मेची रंगशालामा आइतबार भएको प्रतिस्पर्धामा चर्च ब्वाइजले थिम्पु सिटीलाई ३-२ ले हरायो।

चन्द्रगढी युथ क्लबले आयोजना गरेको गोल्डकपको अन्तिम चारमा स्थान सुरक्षित गरेको चर्च ब्वाइजका लागि भारतीय खेलाडी मरियम खातुनले दुई गोल गरेकी थिइन्। वर्षा ओलीको नाममा एक गोल रह्यो। थिम्पुकी रोता राईले एक गोल फर्काइन्। चर्च ब्वाइजबाट एक गोल आत्मघाती भएको थियो। प्रतियोगिताअन्तर्गत सोमबार नेपाल पुलिस क्लबले आयोजक चन्द्रगढी युवा क्लबको सामना गर्नेछ।

चर्च ब्वाइज र थिम्पु सिटीबिच पहिलो हाफ रोमाञ्चक र आक्रामक बनेको थियो। चर्च ब्वाइजले पहिलो हाफमा दुई गोल र दोस्रो हाफको अन्तिम समयमा एक गोल गर्दा थिम्पु सिटी पराजित भयो। खेलको २७औं मिनेटमा चर्च ब्वाइजले १-० को अग्रता लियो। खातुनले चर्च ब्वाइजलाई अग्रता दिलाइन्। उनले भुटानकी गोलरक्षक पेमा वाङ्मो अघि बढेको मौकामा डिबक्सबाहिरबाट दायाँ बार च्याप्दै उत्कृष्ट गोल गरिन्।

पहिलो हाफको अतिरिक्त समयमा खातुनले चर्च ब्वाइजलाई २-० को अग्रता दिलाइन्। थिम्पुका डिफेन्डरहरूले राम्रोसँग क्लियर गर्न नसकेको बललाई अस्मिता गुरुङले खातुनलाई सटीक पास दिइन्। डिबक्समा अनमार्क रहेकी खातुनले गोल गरेकी थिइन्। उनले प्रहार गरेको बाइसाइकल किक भुटानका डिफेन्डरलाई लाग्दै गोलमा परिणत भएको थियो। चर्च ब्वाइजले पहिलो हाफमा भुटानमा लिग खेल्दै आएको थिम्पुलाई दबाबमा राख्यो।

थिम्पु सिटीको खेलमा फर्किने प्रयास

पहिलो हाफमा २-० ले पछि परेको थिम्पु सिटीले मध्यान्तरपछि बराबरीको प्रयास गरिरहेको थियो। दोस्रो हाफमा तुलनात्मक रूपमा चर्च ब्वाइज कमजोर देखिएको थियो।

दोस्रो हाफमा थिम्पु सिटीको दबाबको सामना चर्च ब्वाइजले गर्नुपरेको थियो। दोस्रो हाफमा आक्रामक खेल खेलेको थिम्पुले चर्च ब्वाइजलाई दबाबमा राख्दै दुई गोल गऱ्यो। मध्यान्तरपछि थिम्पु सिटीले चर्च ब्वाइजविरुद्ध गोल गऱ्यो। खेलको ४६औं मिनेटमा थिम्पुकी रोता राईले गोल गरिन्।

मैदानको मध्यभागबाट आएको बललाई अघि बढाउँदै रोताले चर्च ब्वाइजकी गोलरक्षक लीला जोशीलाई बिट गर्दै टोलीलाई २-१ को स्थितिमा राखिन्। खेलको ५८औं मिनेटमा थिम्पुले चर्च ब्वाइजबाट आत्मघाती गोल उपहार पाउँदा खेल बराबरीमा फर्कियो। चर्च ब्वाइजकी गोलरक्षक जोशी बिट हुँदा थिम्पुकी प्रिया घलेको प्रहार क्लियर गर्न खोज्दा चर्च ब्वाइजकी मनिता तामाङले आत्मघाती गोल गरिन्। यो गोलसँगै थिम्पु सिटी चर्च ब्वाइजलाई हराउने रणनीतिका साथ थप आक्रामक रूपमा अगाडि बढ्यो।

तर, खेल सकिनुको एक मिनेटअघि थिम्पु सिटीले अर्को अप्रत्याशित गोल व्यहोऱ्यो। जसका कारण पाहुना टोली पहिलो खेलबाटै घर फर्कियो।

चर्च ब्वाइजकी वर्षाले विजयी गोल गरेकी हुन्। खेलको ७९औं मिनेटमा मैदानको मध्यभागबाट चर्च ब्वाइजकी खातुनले डिबक्सभित्र वर्षालाई सुन्दर पास उपलब्ध गराइन्। थिम्पुकी गोलरक्षक पेमा वाङ्मोसमेत बिट भएको अवस्थामा वर्षाले सहजै गोल गरिन्। उनकै खेलकै निर्णायक बन्यो।

खेल संक्षेप

नेपाली टोली छैटौं एसियन बिच गेम्समा सहभागी हुँदै

काठमाडौं/ नेपाली खेलाडीले चीनको सानियामा हुने छैटौं एसियन बिच गेम्स, २०२६ मा प्रस्पिर्धा गर्दै छन्। प्रतियोगितामा महिला कबड्डी र कुस्ती खेलका खेलाडीले भाग लिने नेपाल ओलम्पिक कमिटी (एनओसी)ले जनाएको छ। कुस्तीमा पुरुषतर्फ दुई र महिलातर्फ एक खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।



पुरुषतर्फ कुस्तीमा सुरेश चुनारले ८० केजी तौल समूहमा प्रतिस्पर्धा गर्नेछन्। त्रिलोकीप्रसाद यादवले ९० केजीभन्दा माथिको तौल समूहमा खेल्नेछन्। महिलातर्फ सुशीला चन्दले ७० केजी तौल समूहमा भाग लिनेछिन्। नेपाली खेलाडीलाई आइतबार बिदाइ गरिएको छ। एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठले खेलाडीलाई उत्कृष्ट प्रदर्शन गर्न आग्रह गरेका छन्। 'सहभागी खेलाडीले राम्रो प्रदर्शन गर्दै नेपालको प्रतिष्ठा बढाउने विश्वास छ,' उनले भने।

खुकुरी टी-२० कप क्रिकेट हुने

रुपन्देही/ लुम्बिनी खुकुरी क्लबले पहिलोपटक टी-२० क्रिकेट प्रतियोगिता आयोजना गर्ने भएको छ। ०२७ मा स्थापना भएको क्लबले साढे पाँच दशकपछि नेपाल र भारतका क्लबबिच खुकुरी टी-२० कप आयोजना गर्न लागेको हो। प्रतियोगिता ८ देखि १५ वैशाखसम्म हुनेछ। प्रतियोगिता सिद्धार्थ क्रिकेट रंगशाला, भैरहवामा सञ्चालन हुनेछन्। नेपालका १३ र भारतका तीन टोली गरी कुल १६ टोली सहभागी हुने प्रतियोगिता संयोजक नन्दन श्रेष्ठले जानकारी दिए। विजेताले एक लाख ११ हजार र उपविजेताले ५५ हजार पाँच सय रुपैयाँ पाउने क्लबका अध्यक्ष महेश थापाले बताए। म्यान अफ द सिरिजलाई १५ हजार, सर्वोत्कृष्ट बलर र सर्वोत्कृष्ट ब्याट्समान्यानलाई समान पाँच हजार पाँच सय रुपैयाँ प्रदान गरिनेछ। ८ वैशाखमा नौतनहवा र बुद्ध क्रिकेट क्लबबिच पहिलो खेल हुनेछ।

घनपोखरा र अरुण उपाधिनजिक

लमजुङ/ घनपोखरा ब्लु र अरुण मेमोरियल ४४औं घनपोखरा कप नाइन 'ए' साइड फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन्। प्रतियोगिताको पहिलो सेमिफाइनलमा सडनडेथमा घनपोखराले लालीगुराँस युवा क्लबलाई ६-५ ले हराउँदै फाइनल स्थान पक्का गऱ्यो। निर्धारित समयमा दुवै टोलीले गोल गर्न सकेनन्। त्यसपछि सडनडेथमा पुगेको खेलमा घनपोखरा विजयी भयो। सडनडेथमा घनपोखराका मनोज गुरुङ, अर्जुन गुरुङ, अभिषेक विक, सूर्य विक, प्रवीण विक र बुद्धि विकले गोल गरे। सुभाष गुरुङको प्रहार असफल भयो। लालीगुराँसका सोमन गुरुङ, धनीराज गुरुङ, गंगा गुरुङ, छादिन्द्र गुरुङ र रोहित गुरुङ गोल गरेका थिए। अश्विन गुरुङ र अर्जुन गुरुङले अवसर चुकाए। अर्को सेमिफाइनलमा अरुण मेमोरियलले खासुरमाथि ६-० को जित निकाली फाइनलमा स्थान बनायो।

नेपालले भारतमा हुने सिनियर महिला हक्की खेल्ने

काठमाडौं/ भारतमा हुने सिनियर महिला हक्की प्रतियोगितामा नेपाली राष्ट्रिय महिला हक्की टोलीले प्रतिस्पर्धा गर्दै छ। नेपाल हक्की संघकी महासचिव सुवर्ण श्रेष्ठले महिला टोलीले ३१ वर्षपछि अन्तर्राष्ट्रिय हक्की प्रतियोगितामा सहभागिता जनाउन लागेको बताइन्। 'महिला टोली तीन दशकपछि विदेशमा खेल्न र प्रशिक्षणका लागि जान लागेको हो,' उनले भनिन्, 'खेलाडीले सुरुमा एक हप्ता प्रशिक्षण गर्ने र प्रतियोगिता खेल्नेछन्।' राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताले टोलीको बिदाइ गरे। अंकिता अधिकारीको कप्तानीमा रहेको नेपाली टोली २६ सदस्यीय छ।

इटालीविरुद्ध नेपाल ५० रनले विजयी

नयाँ पत्रिका

रुवान्डामा चलिरहेको आइसिसी महिला टी-२० च्यालेन्ज कपमा नेपालले इटालीलाई ५० रनले हराएको छ। पहिलो खेलमा अमेरिकासँग पराजित नेपालले दोस्रो खेलमा उत्कृष्ट पुनरागमन गरेको हो। पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा आठ विकेट गुमाएर ११२ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा इटालीको महिला टोली १८.४ ओभरमा सबै विकेटको क्षतिमा ६२ रनमा समेटियो।

नेपालको ब्याटिङमा उपकप्तान पूजा महतोले सर्वाधिक ४८ रनको योगदान दिएकी थिइन्। उनले ४५ बलको सामना गरी दुई चौका र एक छक्का प्रहार गरेकी थिइन्। ओपनर विन्दु रावल र सम्झना खड्काले पहिलो विकेटका लागि १९ रनको साझेदारी गरेका थिए। विन्दुले २६ बलमा दुई चौका प्रहार गरी १५ रन बनाइन्। सम्झनाले १२ बलमा १६ रन जोडिन्। कप्तान इन्दु बर्माले १४ बलमा १० रन बनाइन्। यसबाहेक अन्य कुनै पनि नेपाली खेलाडीले गतिलो योगदान दिन सकेनन्। बलिङमा इटालीकी कप्तान इमिलाले २१ रनमा तीन विकेट लिइन्।

रुविनाको उत्कृष्ट बलिङ

नेपालले च्यालेन्ज कपमा पहिलो जित निकाल्दा बलिङतर्फ पूर्वकप्तान रुविना क्षेत्रीले उत्कृष्ट बलिङ प्रदर्शन गरिन्। उनले २.४ ओभरमा एक मेडन राखी ४ रन मात्र खर्चेर सर्वाधिक चार विकेट लिइन्। यसैगरी कविता कुँवरले तीन ओभरमा १२ रन खर्चेर दुई विकेट हात पारिन्। खेलमा रुविना नै म्यान अफ दी म्याच भइन्। इटालीको ब्याटिङमा महामालागेले ४६ बलमा २२ रन बनाइन्।



भान्सीलाई दोहोरो उपाधि

कास्कीमा रोहितराज पराजुली

भान्सी राजभण्डारीले पाँचौं मनुश्री राष्ट्रिय जुनियर टेनिस प्रतियोगिताअन्तर्गत यू-८ र यू-९ महिला विधामा उपाधि हात पारेकी छिन्। कास्की जिल्ला टेनिस संघको आयोजना भएको प्रतियोगिताको आइतबार भएका दुईवटा फाइनलमा भान्सीले दोहोरो उपाधि हात पारेकी हुन्। पुरुष यू-८ मा सर्वत्र खत्रीले फाइनलमा सुविज्ञराज बुढाथोकीलाई हराए। प्रतियोगिताअन्तर्गत यू-१६ महिलातर्फ ऐरा खत्री र शोरा थापा फाइनलमा प्रवेश गरेका छन्। सेमिफाइनलमा ऐराले शाल्भी शेरचनलाई ६-१, २-६ र ६-० ले हराइन्। शोराले आरुषी तुलाचनलाई ६-० र ६-० को सेटमा हराउँदै अन्तिम दुईमा स्थान पक्का गरिन्। यसैगरी, यू-१८ पुरुषतर्फ दर्शिल श्रेष्ठ र शाश्वत बज्राचार्य उपाधिका लागि भिड्नेछन्। सेमिफाइनलमा दर्शिलले स्पन्दन उदासलाई ६-० र ६-१ को सोझो सेटमा हराए।

शाश्वतले सुरेन्द्र विकलाई ६-० र ६-० ले निराश बनाए। राउन्ड रोबिनको आधारमा चलिरहेको प्रतियोगिता ८ वैशाखसम्म चल्नेछ। प्रतियोगितामा आठदेखि १८ वर्षमुनिका पुरुष र महिला सिंगलसँगै अन्य विधा रहेको संयोजक लोकबहादुर गुरुङले जानकारी दिए। कास्कीका १५ सहित काठमाडौं, चितवन, बुटवललगायत देशका विभिन्न सहरका गरी ९० जना खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन्।



आइपिएलमा कोलकाताको पहिलो जित

रिंकु सिंह र अनुकूल रोयले सातौं विकेटका लागि ३७ बलमा ७६ रन जोडेपछि कोलकाता नाइट राइडर्सले राजस्थान रोयल्सलाई चार विकेटले हरायो

एजेन्सी

कोलकाता नाइट राइडर्सले १९औं इन्डियन प्रिमियर लिग (आइपिएल) मा पहिलो जित हात पारेको छ। घरेलु मैदान इडेन गार्डेनमा आइतबार कोलकाताले उत्कृष्ट फर्ममा रहेको राजस्थान रोयल्समाथि चार विकेटको जित निकालेको हो। पहिलो ब्याटिङ गरेको राजस्थानले २० ओभरमा नौ विकेट गुमाएर १५५ रन जोडेको थियो। प्रत्युत्तरमा कोलकाताले १९.४ ओभरमा ६ विकेटको नोक्सानीमा १६१ रन बनाउँदै २ अंक जोड्यो।

कोलकाताले लक्ष्य पछ्याएको इनिङ्समा कमजोर सुरुवात गरेको थियो। कोलकाता १३.३ ओभरमा ८५/६ को कमजोर अवस्थामा थियो। त्यस समयमा जितका लागि कोलकातालाई ३९ बलमा आवश्यक रन जोड्नुपर्ने थियो। क्रिजमा रिंकु सिंह र अनुकूल रोय थिए। दुवैले सातौं विकेटका लागि ३७ बलमा ७६ रनको साझेदारी गर्दै टोलीलाई महत्त्वपूर्ण जित दिलाए।

रिंकुले ३४ बलमा पाँच चौका र दुई छक्का प्रहार गरी सर्वाधिक ५३ रन बनाए। रिंकुले राजस्थानविरुद्ध विजयी छक्का प्रहार गरेका थिए। अनुकूलले १६ बलमा दुई छक्का र एक चौकाको सहयोगमा २९ रन बनाए। इनिङ्सको १९औं ओभरमा रिंकुले ब्रिजेश शर्माविरुद्ध १४ रन प्रहार गरेका थिए। कोलकाताले सात खेलमा एक जित र पाँच हार सामना गरी ३ अंक जोडेको छ। कोलकाता नवौं स्थानमा छ। हारले राजस्थान तेस्रो स्थानमा झरेको छ। राजस्थान लगातार दुई खेलमा पराजित भयो। यसअघि राजस्थानले लगातार चार खेलमा सानदार जित निकालेको थियो। राजस्थानले ६ खेलमा चार जित र दुई हार सामना गरी ८ अंक बनाएको छ। अंक तालिकामा मुम्बई इन्डियन्स २ अंकका साथ पुछारमा छ। रोयल च्यालेन्जर्स बेंग्लोरले ६ खेलमा चार जित र दुई हार निकाली ८ अंक बटुलेको छ।

कमजोर सुरुवात तर उत्कृष्ट फिनिसिङ

कोलकाताले लक्ष्य पछ्याउँदा कमजोर सुरुवात गऱ्यो। इनिङ्सको १.२ ओभरमा दुई विकेट गुमाएर ५ रन मात्र जोडेको थियो। कोलकाताका दुवै ओपनर टिम सेफर्ट र अजिंका रहाने डकआउट भए। आइपिएलकै महँगा खेलाडी कामरुन ग्रिनले १३ बलमा चार चौका र एक छक्का प्रहार गरी २७ रन बनाए। रोभमान पावेलले २० बलमा २३ रन बनाए। कोलकाताले १०.१ ओभरमा पाँच विकेट गुमाएर ७० रन बनाएको थियो। बलिङमा राजस्थानका लागि जोफ्रा आर्चरले ३५ रनमा एक विकेट लिएका थिए। रवीन्द्र जडेजाले तीन ओभरमा आठ रन दिएर सर्वाधिक दुई विकेट हात पारे।

ओपनिङमा जमेका सूर्यवंशी र जैसवाल

राजस्थानको एक खेलबाहेक ओपनर जोडीले उत्कृष्ट सुरुवात दिलाएका छन्। यशस्वी जसैवाल र वैभव सूर्यवंशीले पुनः एकपटक राजस्थानलाई दमदार सुरुवात दिलाए। उनीहरूले कोलकाताविरुद्ध ८.४ ओभरमा ८१ रनको साझेदारी गरे। सूर्यवंशी अर्धशतक बनाउन ४ रनले चुके। उनले २८ बलमा ६ चौका र दुई छक्का प्रहार गरी ४६ रन बनाए। जैसवालले २९ बलमा दुई छक्का र चार चौका प्रहार गरी ३९ रन जोडे। यी दुवै ओपनर आउट भएपछि राजस्थानको मध्यक्रम कमजोर भयो। कप्तान रायन परागले १४ बलमा १२ तथा सिमरन हेटमेयरले १८ बलमा १५ रन बनाए। बलिङमा कार्तिक त्यागीले २२ रनमा तीन विकेट लिए। वरुण चक्रबर्तीले कसिलो बलिङ गरी १४ रन दिएर तीन विकेट हात पारे। सुनील नारिनले चार ओभरमा २६ रन दिएर दुई विकेट लिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com